# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

सामान्य अर्थमा कुनै विषयमा वैज्ञानिक तथा व्यवस्थित रूपले गरिने अध्ययनलाई अनुसन्धान भनिन्छ । यसलाई अर्को शब्दमा शोध पनि भनिन्छ । अनुसन्धान भनेको कुनै कुराको खोज गर्नु, नयाँ कुरा पत्ता लगाउनु, नयाँ धारणालाई प्रमाणित गर्नु अथवा पुराना तथ्यलाई पुनर्व्याख्या गर्नु हो (भट्टराई, २०७३ : १) । यसरी कुनै विषय क्षेत्रमा नयाँ ज्ञान प्राप्तिका लागि गरिने तथ्यपूर्ण र व्यवस्थित प्रयास नै अनुसन्धान हो । त्यसैले अनुसन्धान आफैँमा एक गहनतम खोजपूर्ण विषय हो ।

लैङ्गिक अध्ययनले पुरुष र महिलाबिचको जैविकीय भिन्नतामा केन्द्रित रहेर गरिने अध्ययनलाई बुझाउँछ । लिङ्गले जैविक भिन्नता तथा विशेषतालाई जनाउँछ, महिला र पुरुषबिचको शारीरिक एवं जैविक भिन्नतालाई जैविक लिङ्ग भनिन्छ । जसले महिला र पुरुषलाई छुट्याउन मद्दत गर्दछ । यो प्राकृतिक रूपमा नै निर्धारित हुने कुरा हो । यसमा कुनै सामाजिक, सांस्कृतिक तत्त्वहरूको भूमिका रहँदैन, जुन जन्मजात रूपमा निर्धारित हुन्छन् । तर लैङ्गिकता सामाीजक हुन्छ । यसलाई समाजले निर्माण गरेको हुन्छ । सामाजिक मूल्य र मान्यताका आधारमा समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने बेग्लाबेग्लै कार्यलाई लैङ्गिकता वा सामाजिक लिङ्गभेद भनिन्छ । महिला-पुरुषको सामाजिक सम्बन्ध तथा भूमिका समाजद्वारा निर्मित हुन्छन् । समाजमा प्रचलित मूल्य, मान्यता, संस्कार तथा संस्कृतिहरूले मानिसको भूमिकालाई प्रभाव पारेको हुन्छ ।

महिला र पुरुषको शैक्षिक सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक अवस्था, विभिन्न प्रकारका मूल्य मान्यताहरू महिला र पुरुषबिच गरिएको श्रम विभाजन, समाजमा महिला र पुरुषको भूमिका, महिला र पुरुषको स्रोत साधनमाथि पहुँच एवम् नियन्त्रण आदिको अध्ययन, अनुसन्धान गर्ने विषय नै लैङ्गिक अध्ययन हो । यदि महिलाको सामाजिक तथा सांस्कृतिक लगायत अन्य स्थानमा पुरुषको भन्दा न्यून छ भने त्यसको कारण खोज्दै पुरुष सरह महिलाको हैसियत बढाउन विभिन्न नीति तथा कार्यक्रमलाई जोड दिइन्छ । यसरी लैङ्गिक अध्ययन मानवतामुखी, समतामूलक अध्ययन हो ।

## १.२ समस्याकथन

अनुसन्धान आफैँमा एक समस्यामूलक कार्य हो । अनुसन्धान भनेको कुनै नयाँ समस्यामाथि गरिने नयाँ कार्यको खोजी हो । अध्ययन कार्य पूरा गर्नका लागि सबैभन्दा पहिले समस्याको पहिचान गर्नु, आवश्यक हुन्छ । समस्याको पहिचान विना यस कार्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन सकिँदैन । अनुसन्धानको लागि छनोट गरिएको कुनै अनुसन्धेय विषयवस्तुलाई समस्याकथन भनिन्छ । प्रस्तुत शोधकार्य पनि खासखास समस्यामा केन्द्रित रहेको छ । *नथिया* उपन्यासमा लैङ्गिकताका सम्बन्धमा के-कस्ता आधारहरू प्रस्तुत गरिएको छ भन्ने कुरा प्राज्ञिक समस्याको रूपमा रहेको छ । यसको अतिरिक्त लैङ्गिक दृष्टिले *नथिया* उपन्यासमा के-कस्तो मौलिकपन रहेको छ । समाजमा अधिपत्य जमाई राखेका पुरुषवादको जरो उखेल्नका लागि उपन्यासमा के कस्तो विषयवस्तु प्रस्तुत गरिएको छ । त्यसको लैङ्गिक अध्ययन नै प्रस्तुत शोधको प्रमुख समस्या हो । यसै अवस्थालाई केन्द्रमा राखी निम्नलिखित प्राज्ञिक समस्याहरूको विश्लेषण गरी शोधको मूल समस्यामा केन्द्रित रहेको छ :

(क) *नथिया* उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ?

(ख) *नथिया* उपन्यासमा के कस्ता लैङ्गिक चेतनाको प्रयोग भएको छ ?

(ग) लैङ्गिक दृष्टिले *नथिया* उपन्यासमा प्रयुक्त भाषा कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठाइएका मूलभूत प्रश्नहरूको समाधान नै शोधको उद्देश्य रहेको छ । कुनै पनि अध्ययन अनुसन्धान गर्नुपूर्व त्यसको निश्चित उद्देश्य तोकिनु पर्दछ । शोधकार्यको उद्देश्य शोधसमस्यामा केन्द्रित हुने भएकाले त्यसैका आधारमा उद्देश्यको निर्धारण गर्नुपर्दछ । तसर्थ प्रस्तुत उपन्यासमा रहेको लैङ्गिक चेतनाको अध्ययनको विश्लेषण गर्नु शोधको उद्देश्य रहेको छ । प्रस्तुत शोधसमस्या समाधानका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) *नथिया* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु,

(ख) *नथिया* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु,

(ग) लैङ्गिक दृष्टिले *नथिया* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

शोधकार्यमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नुलाई शोधको सान्दर्भिकता र उपादेयता भनिन्छ । शोधकर्ताको औचित्य शोधशीर्षक र उद्देश्यहरूसँग सम्बन्धित हुन्छ । यसैगरी जुनसुकै विषय वा क्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानले खास महत्त्व राख्दछ । कुनै पनि कार्यको थालनी गर्दा औचित्पूर्ण भएमा मात्र त्यस कार्यले निश्चित उपलब्धि प्राप्त गर्न सक्छ । शोधको औचित्यले अध्ययन गर्ने विषयको यथार्थ तथ्यको पुष्टि गर्दछ । शोधकार्यको रूपमा अन्य क्षेत्रमा जस्तै धेरै मात्रामा लैङ्गिक अध्ययनसम्बन्धी कार्यहरू नभएकाले यस शोधबाट केही मात्रामा वृद्धि गर्नुका साथै लैङ्गिक अध्ययन विश्लेषणको आधार तयार हुने भएकाले शैक्षिक क्षेत्रमा प्रस्तुत अध्ययनको औचित्य स्वतः प्रस्ट हुन्छ । नेपाल एउटा लैङ्गिक विभेदले युक्त मुलुक हो । जनसङ्ख्याको आधा हिस्सा ओगटे पनि समाजमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भए तापनि महिलाहरूको स्थान पुरुषभन्दा पछाडि रहेको छ । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक तथा शैक्षिक हरेक क्षेत्रमा पुरुषको दाँजोमा महिला सहभागिता न्यून छ । वर्तमान समयमा महिला र पुरुषका बिचमा समान हैसियत कायम गर्नका लागि विभिन्न किसिमका समावेशी पहल तथा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यस शोधकार्य *नथिया* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको हुँदा लैङ्गिक समानताको बारेमा जानकारी लिन, सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गर्नका लागि औचित्यपूर्ण रहेको छ ।

प्रस्तुत शोधकार्यका सान्दर्भिकतालाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ :

(क) लैङ्गिक समानताको स्थितिबारे जानकारी लिन,

(ख) लैङ्गिक शिक्षाले पिछडिएको समाज र जकडिएको सांस्कृतिक अन्धविश्वास तथा कुरीति निराकरण गर्न सहयोग मिल्ने,

(ग) लैङ्गिक असमानता हटाउन आइपर्ने समस्या पहिचान हुने,

(घ) लैङ्गिक समानताको बारेमा जान्न चाहने व्यक्ति तथा जिज्ञासु वर्गका लागि सहयोग मिल्ने ।

## १.५ शोधकार्यको परिसीमा

शोधकार्यमा निर्धारित शीर्षकअन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई शोधकार्यको सीमाङ्कन भनिन्छ (भण्डारी र अन्य, २०६८ : १२२) । अनुसन्धान गर्ने क्रममा अध्ययनको क्षेत्र, परिवेश, सामग्री व्यापक र विस्तृत हुन जान्छ । निश्चित सीमाभित्र नबाँधिएको अनुसन्धानको मार्ग विचलित हुन सक्छ । यसको क्षेत्र विस्तृत र व्यापक हुने हुँदा क्षणिक समयमा सम्भव छैन । त्यसकारण पनि शोधकार्यको सीमाङ्कन अपरिहार्य हुन्छ । प्रस्तुत शोधकार्य निम्नानुसारका सीमाभित्र सीमित रहेको छ :

(क) प्रस्तुत शोधकार्य *नथिया* उपन्यासमा रहेको लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधकार्यमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा *नथिया* उपन्यासलाई मात्र आधार बनाइएको छ ।

(ग) लैङ्गिक दृष्टिले *नथिया* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्न प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : *नथिया* उपन्यासमा लैङ्गिक अवस्था

अध्याय पाँच : *नथिया* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण

अध्याय छ : लैङ्गिक दृष्टिले *नथिया* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको पुनरावलोकन

हरेक शोधकार्य गर्नुभन्दा अघि त्यसपूर्व भएका कार्यहरूको बारेमा जान्नु आवश्यक हुन्छ । विगतका अनुभवले नै वर्तमानको कार्यलाई अगाडि बढ्न प्रेरणा दिने भएकाले जुनसुकै अध्ययनको खाँचो पर्दछ । त्यसरी पूर्वकार्यको बारेमा जानेपछि मात्र आफ्नो कार्यबारे स्पष्ट हुन सजिलो हुनुका साथसाथै सैद्धान्तिक प्रारूप वा पृष्ठभूमि प्रदान गर्न पनि पूर्वकार्यले टेवा प्रदान गर्न सक्छ । पूर्वकार्यको समीक्षाले समस्याको विशिष्टीकरण गर्न सिकाउनुका साथै पुनरावृत्तिको सम्भावनालाई हटाउने, सम्भावित त्रुटिबाट जोगिने, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउने, समस्याको जड पत्ता लगाउन मद्दत पुऱ्याउने साथै अनुसन्धान कार्यलाई सजिलोसँग अगाडि बढाउन मद्दत पुगेको छ ।

पूर्वकार्यको खोजीप्रति शोधार्थीले समीक्षात्मक ढङ्गले अध्ययन गर्नुपर्ने पूर्वकार्यको अवलोकनबाट अनुसन्धानलाई सही बाटो हिँड्न सहयोग पुगेको छ । सम्भावित त्रुटिहरूलाई बचाएर पुनरावृत्ति हुनबाट बचाउने, यस अनुसन्धान कार्यमा लैङ्गिक अध्ययनसँग सम्बन्धित लेख, रचना, समालोचनात्मक ग्रन्थ पत्रपत्रिकामा प्रकाशित लेखलाई पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तकको पुनरावलोकन

शर्मा (२०५५) द्वारा 'समकालीन समालोचना : सिद्धान्त र प्रयोग' मा लिङ्ग प्राकृतिक कुरा नभएर समाज र संस्कृतिबाट परिपोषित स्वभाव र व्यवहारको रूपमा पाइने कुरा उल्लेख गर्दै महिला र पुरुषहरूबिच पाइने गुणहरू समेत उल्लेख गरेका छन् । पुरुषमा निर्भयता, असङ्कोच तथा दृढता जस्ता गुणहरू रहने र महिलामा सरलता, सहनशीलता तथा सङ्कोच हुने जस्ता गुणहरू हुने कुरा बताएका छन् । जसबाट पुरुष र महिलाबिचको लैङ्गिक तथा वैचारिक भिन्नतालाई प्रस्ट्याइएको छ । पुरुषको तुलनामा महिला बढी संवेदनशील हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । उक्त ग्रन्थको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा लैङ्गिकतासम्बन्धी सामग्री सङ्कलन गर्नका लागि सहयोग मिलेको छ ।

खनाल (२०६६) द्वारा '*पहेँलो गुलाफ* कथामा लैङ्गिक चेतना' शीर्षकको लेखमा लैङ्गिक चेतनाको उद्घाटन गरिएको छ । उक्त लेखमा लैङ्गिकता प्राकृतिक नभई समाज संस्कृति र वातावरणबाट निर्मित पुरुष र महिलासम्बन्धी व्यवहार र धारणालाई बुझिने कुरा प्रस्तुत गरिएको छ । उक्त लेखमा पुरुषप्रधान समाजले महिलालाई यन्त्र र भोग्य वस्तुका रूपमा हेरिएको कुरा देखाउँदै पुरुषलाई झुसिलकिराको प्रतीकात्मक रूपमा देखाइएको छ । क्रुर व्यवहार, निष्ठुरता र स्वार्थीपनप्रति पुरुषलाई व्यङ्ग्य गरिएको छ । समाजमा महिलालाई कमजोर र दोस्रो दर्जाको रूपमा राखी शोषण गरिएको कुरा उल्लेख गरिएको छ । यसको प्रतिवाद गर्न महिला जागरुक हुनुपर्ने कुरामा जोड दिइएको छ । उक्त लेखको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिकतासम्बन्धी सामग्री सङ्कलन गर्न र थप ज्ञान हासिल गर्न सहयोग मिलेको छ ।

अर्याल (२०६८) द्वारा 'लैङ्गिक र महिलावादी अध्ययन' पुस्तकमा लिङ्ग र लैङ्गिकताको बारेमा अवधारणा स्पष्ट पार्दै लैङ्गिक भूमिका र आवश्यकता, लैङ्गिक सशक्तीकरण, जाति र लैङ्गिक सम्बन्ध, लैङ्गिक र धर्म, अर्थतन्त्र, जेन्डर, राज्य, धर्म, शिक्षा र महिलावादी पद्धति र सिद्धान्तहरू, अन्तर्राष्ट्रिय महिला तथा समाज कल्याण मन्त्रालय र नेपाल सरकारको पञ्चवर्षीय योजनाको समसामयिक नीतिहरूको पुनरावलोकन, लैङ्गिक उपागमहरू, लैङ्गिक न्याय जस्ता शीर्षकहरूमा लैङ्गिकताको चर्चा परिचर्चा गरेका छन् । उक्त ग्रन्थको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिकताको विकाससम्बन्धी अध्ययन र तथ्याङ्क सङ्कलनमा सहयोग मिलेको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (२०७०) द्वारा 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्लास्तरीय प्रशिक्षण' नामक पुस्तक प्रकाशित गरिएको पाइन्छ । उक्त पुस्तकमा जैविक लिङ्ग र सामाजिक लिङ्ग तथा लैङ्गिकताको बारेमा अवधारणा प्रस्तुत गरेको छ । जसमा महिला र पुरुषबिचको शारीरिक एवं जैविक भिन्नतालाई जैविक लिङ्ग भनिन्छ । महिलाले गर्भाधारण गरी बच्चा जन्माउने, स्तनपान गराउने तथा पुरुषले सुक्रकिट उत्पादन गर्ने जस्ता गुणहरू महिला र पुरुषमा फरक फरक र स्थायी हुन्छन्, जुन मानिसले परिवर्तन गर्न सक्दैन । वास्तवमा प्रकृतिद्वारा प्रदत्त यी गुणहरू जसले महिला र पुरुषलाई छुट्याउन मद्दत गर्दछ त्यही नै जैविक लिङ्ग (Sex) हो भने सामाजिक मूल्य र मान्यताका आधारमा समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने

बेग्लाबेग्लै कार्यहरूलाई लैङ्गिकता वा सामाजिक लिङ्गभेद भनिन्छ । महिला पुरुषको सामाजिक सम्बन्ध तथा भूमिका समाजद्वारा निर्मित हुन्छन् । समाजमा प्रचलित मूल्य, मान्यता, संस्कार तथा संस्कृतिहरूले मानिसको भूमिकालाई प्रभाव पार्दछ यी भूमिका एवं कार्यहरूलाई समाजले बनाएकाले अस्थायी र परिवर्तन गर्न सकिने हुन्छन् जस्ता कुराहरू उल्लेख गरेको पाइन्छ । उक्त ग्रन्थको अध्ययनपश्चात् प्रस्तुत शोधकार्यमा लैङ्गिकतासम्बन्धी सामग्री सङ्कलन गर्नका लागि सहयोग मिलेको छ ।

खनाल (२०७५) द्वारा 'लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग' पुस्तकको परिच्छेद एकमा लैङ्गिक समालोचनाको सैद्धान्तिक स्वरूप, लैङ्गिकताको ऐतिहासिक सन्दर्भ, लैङ्गिक समालोचनाका आधारहरू, पितृसत्ता, नारीवाद, पुरुषत्व, यौनिकता, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका, लैङ्गिक विभेद र लैङ्गिक हिंसा जस्ता विषयवस्तु समावेश गरिएको छ भने परिच्छेद दुईमा नेपाली उपन्यासको लैङ्गिक पर्यवेक्षण, नारी लिखित उपन्यास, पुरुष लिखित उपन्यास जस्ता विषयहरू समेटिएको छ । त्यसैगरी परिच्छेद तीनमा पूर्ववर्ती नेपाली उपन्यासमा *स्वास्नीमान्छे* उपन्यास, *तीनघुम्ती* उपन्यास आदि उपन्यासहरूमा लैङ्गिक अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै अध्याय चारमा परवर्ती नेपाली उपन्यासमा सहयात्री उपन्यास र समानान्तर आकाश उपन्यासमा लैङ्गिक अध्ययन तथा विश्लेषण गरिएको छ । परिच्छेद पाँचमा समयौनिक नेपाली उपन्यासमा अर्धक्षसत्य उपन्यास र सजिलो उपन्यासको लैङ्गिक अध्ययन तथा विश्लेषण गरिएको छ । परिच्छेद छमा निष्कर्षमा समष्टिगत निष्कर्ष र तुलनात्मक निष्कर्षको चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकको अध्ययन पश्चात् प्रस्तुत शोधमा लैङ्गिकताको विकासक्रमसम्बन्धी अध्ययन र प्रस्तुत शोधको सन्दर्भमा *नथिया* उपन्यासमा रहेको लैङ्गिक अवस्था पहिचान गर्न सहयोग लिइएको छ ।

### २.१.२ शोधपत्रको पुनरावलोकन

अधिकारी (२०६८) द्वारा 'लैङ्गिक दृष्टिकोणले माध्यमिक तहको सामाजिक विषयको विश्लेषण' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको छ । उक्त अध्ययनमा सामाजिक विषय अध्ययन गराउने शिक्षकहरूको लैङ्गिक दृष्टिकोणबाट उक्त पाठ्यपुस्तकप्रति कस्तो भनाइ छ ? विद्यार्थी र विषयविज्ञको लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तकप्रति कस्तो धारणा छ ? पाठ्यपुस्तकमा समावेश गरिएका चित्र, विषयवस्तु र संवादले महिला र पुरुषलाई समान

रूपमा समावेश गरेका छन् ? जस्ता समस्या रहेका थिए । अध्ययनले लैङ्गिक असमानता भएमा पहिचान गरी न्यूनीकरण गर्न सहयोग गर्ने, शिक्षकलाई आफ्नो शिक्षणीय विषयवस्तुमा लैङ्गिकताको बारेमा के कति मात्रामा ध्यान दिन जरुरी छ भन्ने कुराको जानकारी लिन सहयोग पुऱ्याउने देशकै सम्पूर्ण विद्यालयको पाठ्यपुस्तकमा रहेको लैङ्गिक समानता र विभेदको केही हदसम्म प्रतिनिधित्व गर्ने हुनाले पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणकर्तालाई सहयोग हुने अपेक्षा राखिएको छ । जसमा मा.वि. तहको सामाजिक अध्ययन पुस्तकमा भएका विभिन्न पक्षहरूमा लैङ्गिक अवस्था पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधपत्रका आधारमा नेपाली चित्रकला, हाम्रा राष्ट्रिय विभूतिबाट राष्ट्रका लागि भएका योगदान, नेपाली वीर वीरङ्गनाहरूको योगदान, चेलीबेटी बेचविखन र देह व्यापार, मानव अधिकार, अभ्यास आदिका आधारमा विश्लेषण गरिएको छ । संवादमा महिला पात्रलाई सहभागी पात्रको रूपमा मात्र लिइएको, पितृसत्तात्मक सोचाइलाई बढी प्राथमिकता दिइएको, पुस्तक पुरुष विज्ञानहरूद्वारा मात्र तयार पारिएको जस्ता कुरा उल्लेख गरिएको छ । साथै सुझावमा लैङ्गिक विभेद अन्त्य गर्ने खालका विषयवस्तु समावेश गर्नुपर्ने र लैङ्गिक विभेद हटाउन विभिन्न कार्यक्रम ल्याउनुका साथै पाठ्यपुस्तक निर्माणमा महिलालाई पनि समावेश गर्न सुझाव दिइएको छ । उक्त शोधको अध्ययनपश्चात् लैङ्गिक अध्ययनको बारेमा थप जानकारी लिन सहयोग मिलेको छ ।

पौडेल (२०७०) द्वारा '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रको उद्देश्य *अनावृत्त* उपन्यासको लैङ्गिक चेतना प्रस्तुत गर्नु, लैङ्गिक दृष्टिले *अनावृत्त* उपन्यासमा रहेको भाषिक मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । उक्त शोधकार्य प्रभा कैनीको *अनावृत्त* उपन्यासको लैङ्गिक पक्षमा केन्द्रित रहेको छ । उक्त अध्ययन लैङ्गिक समालोचना र दृष्टिकोणको आधारमा निर्धारण नारीवाद महिला सशक्तीकरण, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका सांस्कृतिक महिला शिक्षा, चेतना आदिमा केन्द्रित रहेको देखिन्छ । उक्त शोधकार्यमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतको रूपमा प्रभा कैनीद्वारा लेखिएको *अनावृत्त* उपन्यास रहेको छ भने द्वितीयक स्रोतको रूपमा लैङ्गिक चेतनासँग सम्बन्धित लेख, रचना, पुस्तक र शोधपत्रहरूबाट सामग्री सङ्कलन गरिएको छ । उक्त अनुसन्धान कार्यमा पुस्तकालयीय अनुसन्धान विधिको प्रयोग भएको पाइन्छ । उक्त शोधमा उत्पादक, अनुत्पादक, सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक भूमिकामा

महिला र पुरुषको समान सहभागिता नरहेको, पुरुष पात्रको तुलनामा महिला पात्र बढी रहेको कुसंस्कारलाई प्रतिकार गर्दै आत्मनिर्भरताको बाटो अँगाली विद्रोह गरेको पाइनु, उक्त अध्ययनमा सुरुमा महिला पात्रहरूले पितृसत्तात्मक सोचको समर्थन गरेको र समाजमा उपन्यासले पुरुष मात्र होइन महिलाहरू पनि पितृसत्तात्मक सोचमा कम प्रभावित छैनन् भन्ने कुरा देखाइएको छ र पछि गएर महिलाको विचारमा परिवर्तन आई पितृसत्ताको विरोध गरी स्वअस्तित्त्व सहिद बाँच्ने प्रयास गरेको कुरा आत्मनिर्भर भएको कुरा उल्लेख गरेको देखिन्छ ।

गैरे (२०७१) द्वारा '*माइतघर* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त *माइतघर* उपन्यासमा लैङ्गिक चेतनाको पहिचान गर्नु, उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट नारीवाद, बालमनोविज्ञान, सांस्कृतिक, चेतना जस्ता मान्यताको क्षेत्र विस्तार गरी *माइतघर* उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा माइतघर उपन्यासलाई आधार बनाइएको छ । उक्त शोधकार्यमा सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन विधिबाट गरिएको छ । उक्त शोधकार्यमा *माइतघर* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको पाइन्छ । द्वितीयक सामग्रीको रूपमा लैङ्गिकतासम्बन्धी लेख, रचना, पुस्तकहरूलाई लिइएको पाइन्छ । उक्त शोधकार्यमा लैङ्गिक भूमिकाको आधारमा लैङ्गिक विभेद रहेका कुरा उल्लेख गरिएको छ । समानताका दृष्टिले हेर्दा महिलाले पनि पढ्नुपर्छ भन्ने कुरालाई प्रोत्साहन गरिएको छ । परम्परावादी दृष्टिकोणबाट महिलालाई हेर्ने गरेको दृश्य प्रस्ट देखिएको छ । सशक्तीकरणको आधारमा हेर्दा महिला सक्रियता त्यति पाइएको छैन । उक्त शोधकार्यको अध्ययनबाट परम्परा पितृसत्तात्मक धारणामा परिवर्तन गर्न महिला र पुरुषको भूमिका बराबर हुने भएकाले महिला र पुरुषबिच लैङ्गिक समानता हुनुपर्ने कुराको उल्लेख गरिएको छ ।

भण्डारी (२०७१) द्वारा '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको छ । उक्त शोधपत्रको उद्देश्य *अनुराधा* उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अनुराधा* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, अनुराधा उपन्यासको लैङ्गिक दृष्टिले भाषिक अध्ययन गर्नु रहेको छ । उक्त शोधपत्रलाई पूर्णता दिनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ र अध्ययन विश्लेषणमा, वर्णनात्मक, व्याख्यात्मक विधिलाई उपयोग गरिएको छ । यस उपन्यासमा अनुराधालाई मुख्य र गतिशील पात्रको रूपमा प्रस्तुत गरिएको छ र अनेक पीडा, दुःख खपेर बस्दा पनि अन्त्यमा जबरजस्ती विवाह

गरिदिन लाग्दा विद्रोह गरेको देखाएर नारी सशक्तीकरणको पक्षमा आवाज उठाएको देखिएको छ । यस शोधपत्रमा हरेक क्षेत्रमा महिला र पुरुष समान भएको र पुरुष प्रवृत्तिलाई हावी बनाएको पात्रगत दृष्टिमा महिला र पुरुष लगभग समान रूपमा सहभागी देखिएको, साथै पितृसत्तात्मक सोचको विरुद्ध अनुराधाको विद्रोह देखाएर नारी अस्तित्त्वको लागि र स्वतन्त्रताको लागि विद्रोह गर्न सकिने कुरा देखाइएको र साथै लैङ्गिक समानताको पक्षमा खासै उपन्यास सफल हुन नसकेको प्रस्तुत गरिएको छ ।

अर्याल (२०७२) द्वारा '*अनीता* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको छ । उक्त *अनीता* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले अनीता उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । उक्त शोधकार्यमा सामग्री सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको पाइन्छ । उपन्यासमा लैङ्गिकताको सर्वेक्षण गर्दा *अनीता* उपन्यासलाई मात्र आधार बनाइएको सीमित क्षेत्रमा अध्ययन भएको पाइन्छ । यस शोधमा प्राथमिक सामग्रीको रूपमा डायमन शमशेर राणाको *अनीता* उपन्यासलाई लिइएको छ भने लैङ्गिक विषयसँग सम्बन्धित पाठ्यपुस्तक, शोधप्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख रचना द्वितीयक स्रोतका रूपमा लिइएको छ । *अनीता* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नदेखिनु, पात्रगत दृष्टिले हेर्दा महिलाभन्दा अधिकांश पात्रहरू पितृसत्तातमक मानसिकताबाट ग्रसित भएको देखिएको छ । पितृसत्तात्मक समाजमा कुसंस्कार, रुढिवादी परम्पराको विरोध गरी बदलिन सक्ने परिस्थितिको सृजना अनीताको दोस्रो विवाहबाट देखाइएको पाइन्छ ।

पौड्याल (२०७२) द्वारा '*ह्वाइट केन* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा ह्वाइट केन उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, लैङ्गिक दृष्टिले *ह्वाइट केन* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु, ह्वाइट केन उपन्यासमा प्रयोग भएको समयौनिकता विश्लेषण गर्नु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । उक्त शोधकार्य मनिषा गौचनको *ह्वाइट केन* उपन्यासमा सीमित रहेको पाइन्छ । उक्त शोधपत्रलाई पूर्णता दिनको लागि पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । उक्त शोधकार्यमा *ह्वाइट केन* उपन्यासमा प्रस्तुत गरिएको

लैङ्गिक स्थितिलाई पहिल्याइएको छ । नेपाली साहित्यमा नवीन विचार र प्रयोगको उत्कृष्ट नमुनाका रूपमा रहेको उपन्यासमा समलिङ्गी यौनिकता भएका समुदायका जीवन व्यवहारलाई उद्घाटन गर्दै उनीहरूको पक्षपोषण तथा सशक्तीकरणको सोद्देश्यमूलक विचार प्रवाह गर्न उक्त उपन्यास सफल रहेको कुरा देखाइएको छ । लैङ्गिक भूमिकाको दृष्टिले महिला र पुरुषको समान सहभागिता नरहेको, पितृसत्तात्मक समाजका कुसंस्कार र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै स्वअस्तित्त्वसहित स्वतन्त्रताको बाटो अँगाली विद्रोह गर्न सकिने कुरा प्रस्तुत गर्दै समयौनिकता भएका पात्र समाजमा सम्मानित भएर परिवारसँग बाँच्न सक्ने अवस्था नबनेको कुरा देखाइएको छ । समाजमा पुरुष मात्र होइन महिलाहरू पनि पितृसत्ताको प्रभुत्वबाट कम प्रभावित छैनन् भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा लैङ्गिक अध्ययनको बारेमा थप जानकारी लिन सहयोग मिलेको छ ।

सिलवाल (२०७२) द्वारा '*शान्ति* उपन्यासको लैङ्गिक अध्ययन' गरिएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य उपन्यासको लैङ्गिक अवस्थाको पहिचान गर्नु, लैङ्गिक चेतनाको विश्लेषण गर्नु र लैङ्गिक दृष्टिले *शान्ति* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । उक्त शोधपत्रलाई पूर्णता दिनका लागि पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । *शान्ति* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा, उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक भूमिकामा महिला पुरुषको समान सहभागिता नरहेको, पात्रगत दृष्टिले तुलना गर्दा महिला पुरुष समाज जस्तै रहेको, उपन्यासमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित रहेको, लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषलाई फरक फरक दृष्टिकोणबाट हेरिएको भाषिक प्रयोगको दृष्टिकोणले हेर्दा शिक्षित र अशिक्षित वर्गले बोल्ने भाषाको साथै केही कुटनीतिक भाषाको प्रयोग भएको कुरा उल्लेख गरिएको देखिन्छ । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलन गर्न सहयोग मिलेको छ ।

कार्की (२०७३) द्वारा '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको छ । उक्त *अर्की आइमाई* उपन्यासमा रहेका लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अर्की आइमाई* उपन्यासको लैङ्गिक चेतनाको अध्ययन विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त भाषा मूल्याङ्कन गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको

छ । *अर्की आइमाई* उपन्यासमा लैङ्गिकताको सर्वेक्षण गर्दा *अर्की आइमाई* उपन्यासलाई मात्र आधार बनाई सीमित क्षेत्रमा अध्ययन गरिएको छ । उक्त शोधपत्रलाई पूर्णता दिनको लागि पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । यस शोधमा प्राथमिक सामग्रीको रूपमा *अर्की आइमाई* उपन्यासलाई लिइएको छ भने द्वितीयक सामग्रीको रूपमा लैङ्गिक अध्ययनसँग सम्बन्धित लेख, रचना, पुस्तकहरू, शोधग्रन्थ, सरकारी एवम् गैरसरकारी संघसंस्थाका प्रतिवेदन आदिलाई लिइएको छ । उक्त अध्ययनमा 'अर्की आइमाई' उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्ने प्रयास गरिएको छ । उक्त अध्ययनको शोधकार्यमा लैङ्गिक भूमिकाका आधारमा हेर्दा समान सहभागिता नपाइएको र पात्रगत दृष्टिबाट हेर्दा समान सहभागिता रहेको देखिन्छ । पुरुषले नारीलाई आफ्नो आवश्यकताअनुसार उपभोग्य वस्तु तथा यन्त्र बनाउने प्रवृत्तिप्रति विद्रोह गरेको साथै वैदेशिक रोजगारमा गएका महिला र पुरुषले पाएको पीडा, दुःख, शारीरिक, मानसिक यातनालाई राम्रोसँग उतार्न उपन्यास सफल रहेको छ भनी निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनपश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलन गर्न सहयोग मिलेको छ ।

काफ्ले (२०७३) द्वारा '*सेतो धरती* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । जसमा *सेतो धरती* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, 'सेतो धरती' उपन्यासको चेतनाको स्तर पहिल्याउनु, लैङ्गिक दृष्टिले *सेतो धरती* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नुजस्ता उद्देश्यमा केन्द्रित रहेको छ । उक्त शोधकार्य सेतो धरती उपन्यासमा सीमित रहेको पाइन्छ । पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको प्रस्तुत शोधकार्यमा *सेतो धरती* उपन्यासलाई प्राथमिक स्रोतका रूपमा र लैङ्गिक सम्बन्धी विभिन्न लेख, रचना, पुस्तक र शोधपत्रबाट प्राप्त सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । उक्त शोधकार्यमा समाजमा पुरुष वर्गले नारी माथि राख्ने गरेको दृष्टिकोण, धर्म, संस्कृतिका नाममा गरिने विभेद छोरा र छोरीमा गरिने शिक्षाको असमान व्यवहार, छोरा र छोरीमा गरिएको सम्पत्ति प्रतिको विभेद र नारीहरूले त्यसको विरुद्धमा आफ्नो मूल्य कायम राख्न सजक रहनुपर्ने कुरा उल्लेख गरिएको पाइयो । उक्त उपन्यासमा लैङ्गिक भूमिकाको आधारमा हेर्दा यहाँ उत्पादक भूमिका, अनुत्पादक भूमिका, सामाजिक सांस्कृतिक र आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता देखिँदैन । उक्त शोधको अध्ययन पश्चात् प्रस्तुत शोधमा सामग्री सङ्कलन गर्न सहयोग मिलेको छ ।

धरेल (२०७३) द्वारा '*कालो छायाँ* उपन्यासको लैङ्गिक अध्ययन' शीर्षकमा शोधपत्र सम्पन्न गरिएको छ । उक्त अध्ययनमा *कालो छायाँ* उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *कालो छायाँ* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । शोधपत्रलाई पूर्णता दिनका लागि पुस्तकालयीय अध्ययन कार्य र विश्लेषणात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । उक्त शोधपत्र *कालो छायाँ* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रही तयार गरिएको छ । प्राथमिक सामग्रीअन्तर्गत *कालो छायाँ* उपन्यासलाई लिइएको छ भने द्वितीयक सामग्रीअन्तर्गत लैङ्गिकतासम्बन्धी लेख, रचना, पुस्तक, शोधग्रन्थलाई लिइएको छ । उक्त शोधकार्यमा कालो छायाँ उपन्यासमा लैङ्गिक भूमिकाको दृष्टिले हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक भूमिकामा महिला र पुरुषको समानव सहभागिता देखिए तापनि महिला र पुरुषलाई फरक दृष्टिकोणले हेरिएको अधिकांश पात्रहरू रुढीवादी मानसिकताबाट ग्रसित भएको, आदर्शवादी सोचाइ र मानवीय व्यवहार नभएका मान्छेहरूबाट महिलामाथि हत्या, हिंसा, बलात्कारजस्ता कुराहरू भएको देखाइएको छ । महिला सशक्तीकरणको दृष्टिकोणबाट हेर्दा महिला सक्रिय भएको देखिन्छ । पुरुषहरूले नारीमाथि गरेको अन्याय, धर्म, पितृसत्तात्मक मानसिकता संस्कृतिका नाममा गरिने विभेद, नारीमाथिको कुसंस्कार पात्रहरूमा प्रतिशोधको भावना उल्लेख गरिएको भनी निष्कर्ष निकालिएको पाइयो ।

## २.२ लैङ्गिकताको सैद्धान्तिक परिचय

लैङ्गिकता भन्नाले सामाजिक मूल्यमान्यताका आधारमा समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोण समाजमा महिला र पुरुषबिच गरिने विभेद भन्ने बुझिन्छ । समाजले आ-आफ्नो किसिमको मूल्यमान्यता, नीति नियम, सस्कृति, परम्परा आदि कुरालाई आधार बनाएर महिला र पुरुषलाई छुट्टाछुट्टै भूमिका प्रदान गरेको हुन्छ । लिङ्गको आधारमा महिला र पुरुषको भूमिकामा भिन्नता रहन्छ र रहनुपर्छ भन्ने समाजमा प्रचलित मूल्य र मान्यतामा समष्टिगत रूपलाई नै लैङ्गिकता भनिन्छ । लैङ्गिकतालाई अङ्ग्रेजीमा 'जेन्डर' भनिन्छ । जेन्डर शब्द अङ्ग्रेजी भाषाको फ्रेन्च शब्दबाट आएको हो । लिङ्ग भन्ने कुरा जैविकीय हो भने जेन्डर समाजमा प्रचलित सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक रूपमा निर्धारित भएको पाइन्छ (पाण्डे, २०६९ : १-२) । लैङ्गिकता जैविक विशेषताको आधारमा संस्कृतिसँग

सम्बन्धित पुरुषत्व र नारीत्वका धारणालाई सङ्केत गर्दछ । जुन समाज निर्मित हुन्छ । लैङ्गिकता भनेको समाज र संस्कृतिबाट निर्मित पुरुष र महिलाबिचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरूको अवस्था हो ( खनाल, २०७५ : १) । यसको निर्धारक तत्त्व समाज हुने हुनाले यसलाई सामाजिक लिङ्ग पनि भनिन्छ । हाम्रो समाजमा रहेको चलन, संस्कार, मनोवैज्ञानिक र सांस्कृतिक पक्षसँग सम्बन्धित छ । समुदायले सामाजिक सांस्कृतिलाई विशेष आधार बनाएर पुरुष र महिलाको भूमिका निर्धारण गरेको हुन्छ (आचार्य, २०७१ : ३) । कुनै पनि समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोण नै लैङ्गिकता हो । यो महिला र पुरुषबिचका जैविक दृष्टिकोणले गरेको लिङ्गभेद भन्दा फरक सामाजिक दृष्टिकोण हो ।

लैङ्गिक अध्ययनको विकास सन् (१९८०) को दशकमा भएको हो । यसले महिला र पुरुषका सामाजिक भूमिकालाई बुझाउँछ । जैविक तथा प्राकृतिक संरचनाका आधारमा गरिने सबै प्रकारका भेदभाव, असमानता र शोषणको विरोध गर्दछ । पुरुषलाई मगज र महिलालाई शरीर मान्ने प्रवृत्तिमा सत्यता नभएको उल्लेख गर्दछ । महिला र पुरुष एक अर्काका अभिन्न विकल्प नभई परिपूरक हुन् । एकको अभावमा अर्कोले मानवीय अस्तित्वलाई निरन्तरता दिन सक्दैन । त्यसैले प्राकृतिक रूपमा महिला पुरुषको जैविक संरचनामा फरक भए तापनि समान महत्त्व रहेको छ । सामाजिक तथा सांस्कृतिक रूपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा यिनीहरूको बिच विभेदीकरण सिर्जना भएको हो ।

लैङ्गिक अध्ययन महिला र महिलाजन्य व्यवहारको मात्र अध्ययन गर्ने विषय होइन, नत पुरुष र पुरुषजन्य व्यवहारको मात्र । यो महिला र पुरुष दुवैको व्यवहार भूमिका, दृष्टि आदर्श व्यवस्थाको अध्ययन गर्ने विषय हो । समाजमा पुरुष र महिलाको समान हैसियत बनाउन विभिन्न नीति तथा कार्यक्रमहरूलाई जोड दिन्छ । यसरी लैङ्गिक अध्ययन मानवतावादी समतामूलक अध्ययन हो ।

### २.२.१ प्राकृतिक लिङ्ग

महिला र पुरुषबिचको शारीरिक एवम् जैविक भिन्नतालाई प्राकृतिक लिङ्ग भनिन्छ । यो प्राकृतिक रूपमा नै जन्मजात निर्धारण भएर आएको हुन्छ । यसलाई जैविक लिङ्ग पनि भनिन्छ । यो स्थिर, प्राकृतिक र नैसर्गिक हुन्छ । मूलतः स्त्री र पुरुषको प्राकृतिक वा शारीरिक संरचना नै लिङ्ग हो । भाले र पोथी अर्थात् पेनिस र भेजिनालाई लिङ्ग निर्धारण

तथा भिन्नताका केन्द्र मानिन्छ । पुरुषमा XY जिन हुन्छ भने महिलामा XX जिन हुन्छ यसलाई स्वभाविक र स्वीकार्य मानिन्छ (खनाल, २०७५ : ३९) । लिङ्गले शारीरिक विशेषतालाई प्रतिनिधित्व गर्दछ । महिला र पुरुषमा फरक-फरक गुणहरू हुन्छन् : जुन मानिसले परिवर्तन गर्न सक्दैन । वास्तवमा प्रकृतिद्वारा प्रदत्त यी गुणहरू जसले महिला र पुरुषलाई छुट्याउन मद्दत गर्दछ त्यही नै प्राकृतिक लिङ्ग हो । महिलाले गर्भाधारण गरी बच्चा जन्माउने, स्तनपान गराउने तथा पुरुषले शुक्रकीट उत्पादन गर्ने जस्ता गुणहरू महिला र पुरुषमा फरक फरक र स्थायी हुन्छन् । जुन कुरा मानिसले परिवर्तन गर्न सक्दैन । लिङ्गका आधारमा महिला र पुरुषका विशेषताहरू यसप्रकार छन् :

| **महिला** | **पुरुष** |
|---|---|
| स्त्री लिङ्ग (भेजिना) हुनु | पुरुष लिङ्ग (पेनिस) हुनु |
| स्तन हुनु | स्तन नहुनु |
| दाह्री, जुङ्गा र छातीमा रौँ नआउनु | दाह्री, जुङ्गा र छातीमा रौँ आउनु |
| डिम्ब उत्पादन गर्नु | शुक्रकिट उत्पादन गर्नु |
| महिनावारी हुनु | महिनावारी नहुनु |
| गर्भधारण गर्न सक्नु | गर्भधारण गराउन सक्नु |
| पाठेघर हुनु | पाठेघर नहुनु |
| बच्चा जन्माउन सक्नु | बच्चा जन्माउन नसक्नु |
| स्तनपान गराउन सक्नु | स्तनपान गराउन नसक्नु |
| XX क्रोमोजोम हुनु | XY क्रोमोजोम हुनु |
| प्रोजेस्टेरोन र ओस्ट्रोजिन हर्मोन उत्पादन हुनु | टेस्टोस्टेरोन र एन्ड्रोजिन हर्मोन उत्पादन हुनु |

(खनाल, २०७५ : ४१)

### २.२.२ **लैङ्गिकता**

सामाजिक मूल्य र मान्यताका आधारमा समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने बेग्लाबेग्लै कार्यलाई लैङ्गिकता वा सामाजिक लिङ्गभेद भनिन्छ । महिला पुरुषको सामाजिक सम्बन्ध तथा भूमिका समाजद्वारा निर्मित हुन्छ । जेन्डर भनेको प्राकृतिक नभएर समाजद्वारा निर्मित हुने मूल्यमान्यता : भूमिकाको समुच्चय रूप हो । यो महिला र पुरुषको सामाजिक पक्षसँग सम्बन्धित छ । यो महिला र पुरुषको सामाजिक सम्बन्ध तथा भूमिकाद्वारा निर्मित हुन्छ । समाजमा प्रचलित मूल्यमान्यता, संस्कार तथा संस्कृतिहरूले मानिसको भूमिकालाई प्रभाव पारेको हुन्छ । यी भूमिका एवम् कार्यलाई समाजले बनाएको हुनाले यो अस्थायी र परिवर्तन गर्न सकिने हुन्छ । समाजले बनाएको सामाजिक लिङ्गभेद विभिन्न जात, धर्म, सस्कृति र स्थान विशेषका आधारमा फरक फरक पनि हुन सक्छन् किनभने सबै ठाउँमा एकै किसिमको चालचलन तथा रीतिरिवाज हुँदैन ।

सामाजिक परिवेश सांस्कृतिक अवस्था तथा समसामयिक सन्दर्भहरूबाट निर्धारित महिला र पुरुषको पहिचानलाई लैङ्गिकता भनिन्छ । लैङ्गिकता भित्र महिला र पुरुषको परिचय तथा भूमिका मात्र पर्दैन । यसका साथै यौनिक सन्दर्भ र यौनिकताका आधारमा निर्मित पहिचान तथा व्यवहारहरू पनि लैङ्गिकताभित्र पर्दछन् (खनाल, २०७५ : ३२) । परम्परागत रूपमा पुरुष र महिलालाई निम्नलिखित लैङ्गिक विशेषता, भूमिका वा संकेतबाट फरक देखाउन सकिन्छ :

| **पुरुष** | **महिला** |
|---|---|
| मगज | शरीर |
| संस्कृत | प्राकृत |
| बलियो | कमजोर |
| प्रभुत्वशाली | अरूमा भर पर्ने |
| स्वतन्त्र | परनिर्भर |

| | |
|---|---|
| कडा | कोमल |
| सक्रिय | निष्क्रिय |
| नेतृत्ववान | अनुयायी |
| कमाउने | गृहस्थी |
| भद्र | चञ्चल |
| कम कामुक | बढी कामुक |
| निर्णायक | सहायक |
| टिकाउ | क्षणिक |
| दृढ | भावुक |
| तथ्यपरक | समन्वयी |

(अर्याल, २०६८: ३-५)

### २.२.३ लिङ्ग र लैङ्गिकताबिचको फरक

महिला तथा पुरुषबिच प्राकृतिक तथा सामाजिक दुई प्रकारका भिन्नताहरू हुन्छन् । जन्मजात रूपमा प्रकृतिले छुट्याएको भिन्नता परिवर्तन गर्न सकिन्छ तर समाजले बनाएका भिन्नताहरू सधै एकनास हुँदैनन् । यस्ता भिन्नताहरू परिवर्तन हुने गर्दछन् । लिङ्ग प्राकृतिक सामाजिक भएकाले परिवर्तनीय हुन्छ । महिला पुरुष प्राकृतिक रूपमा फरक छन् उनीहरू शारीरिक रूपले मात्र नभएर भूमिका, काम, आचरण आदिका आधारमा पनि फरक तथा भिन्न छन् । महिला र पुरुषबिच समानता पनि छ यी दुवै मानवप्राणी हुन्, सामाजिक प्राणी हुन् । उनीहरूमा समान इच्छा आकांक्षाहरू छन्, जव कुनै मानवप्राणीको जन्म हुन्छ, बच्चाको यौनाङ्गको आधारबाट केटा केटी भनेर छुट्याउने गरिन्छ तर समाजले महिला र पुरुषलाई आचरण, भूमिका, व्यवहार, काम गुण र जिम्मेवारीको आधारमा पनि छुट्याउने

गरिन्छ । यही नै लैङ्गिकता हो । समग्रमा लिङ्ग र लैङ्गिकताबिचको फरकलाई यसरी देखाउन सकिन्छ :

| **लिङ्ग** | **लैङ्गिकता** |
|---|---|
| प्राकृतिक | सामाजिक |
| विवादरहित | विवादास्पद |
| सबै काल, स्थान, परिस्थितिमा एक समान | देश, काल, परिस्थिति अनुसार फरक फरक |
| पुरुष र महिला बिच एक अर्कासँग साटासाट गर्न नमिल्ने | महिला र पुरुष बिच एक अर्कासँग साटासाट गर्न सकिने |
| अपरिवर्तनीय | परिवर्तनीय |

(भद्रा, २०७० : १०) ।

## २.२.४ लैङ्गिक अध्ययनको क्षेत्र

सामान्यतया लैङ्गिक अध्ययनको क्षेत्र भन्नाले महिला र पुरुषको सामाजिक सांस्कृतिक धार्मिक, राजनीतिक र शैक्षिक अवस्थाको अध्ययनलाई लैङ्गिक अध्ययन भनिन्छ । लैङ्गिक अध्ययन सामाजिक अध्ययनमा देखापरेको नयाँ अध्ययन हो । यो सामाजिक तथा सांस्कृतिक क्षेत्रमा विभिन्न क्षेत्रसँग सम्बन्धित हुन्छ । यो एउटा सर्वाङ्गीण तथा व्यापक विषय हो । जसले मानव अस्तित्वमा रहेका रहेक क्षेत्रमा लैङ्गिक स्थितिको अध्ययन गर्दछ । सामान्यतया लैङ्गिक अध्ययनको क्षेत्र सीमाङ्कन गर्न कठिनाइ भए पनि यसको प्रकृति सिद्धान्त, पृष्ठभूमि प्रवृत्तिलाई विश्लेषण गर्दा निम्नलिखित क्षेत्रमा लैङ्गिक अध्ययन केन्द्रित रहेको पाइन्छ :

- सामाजिक-सांस्कृतिक संरचना, मूल्यमान्यता, हैसियत, पहुँच, इज्जत, प्रथा, दृष्टिकोण र लैङ्गिक सम्बन्धमा केन्द्रित रहेको छ ।
- आर्थिक तथा संरचना एकाइ, पहुँच, स्थिति, प्रतिफल, कार्यभार लैङ्गिक सम्बन्ध ।

- पितृसत्तात्मक व्यवस्था यसको प्रभाव र लैङ्गिक सम्बन्ध ।
- लिङ्ग तथा लैङ्गिक अवधारणा र विश्लेषण ।
- परिवार, विवाह, पारिवारिक तथा वैवाहिक सम्बन्ध संस्कार निर्णायक प्रक्रिया ।
- राजनैतिक संरचना, निर्णायक तहमा पहुँच, स्थिति र लैङ्गिक सम्बन्ध ।
- जाति, जातीयता र नातामा लैङ्गिक सम्बन्ध ।
- धर्म, धार्मिक मूल्य मान्यता, नीति र लैङ्गिक सम्बन्ध महिलावादी आन्दोलन, ऐतिहासिक पृष्ठभूमि, मुद्दा र समसामयिक मुद्दा
- विकासका मुद्दाहरू र लैङ्गिक सम्बन्ध ।

### २.२.५ लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू

लैङ्गिक अध्ययन एक व्यवस्थित सामाजिक अध्ययन हो । यसले महिला र पुरुषको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि अवस्था र स्थितिको अध्ययन गर्दछ । लैङ्गिक अध्ययनले महिला र पुरुषको बिचमा रहेका असमानता एवम् विभेदहरू पत्ता लगाउँदै समाधानका उपायहरूको खोजी गर्दछ । समाजमा महिला र पुरुषका आ-आफ्ना भूमिकाहरू भए तापनि कार्य सम्पादनबाट प्राप्त हुने फाइदा असमान हुन्छ हरेक समाजमा महिला र पुरुषका बिचमा ठूला ठूला असमानताहरू रहेको पाइन्छ । यही असमानताको खोजी गर्ने कार्य नै लैङ्गिक अध्ययनमा गरिन्छ । समाजमा महिलाको आ-आफ्नै भूमिका रहे पनि पछि परेका छन् । महिला सुविधाविहीन समूहमा रहेका छन् र त्यसको उचित तरिकाले कार्य मूल्याङ्कन हुनुपर्छ भन्ने मान्यता छ ।

पितृसत्तात्मक समाजमा महिला र पुरुषबिचको शक्ति सम्बन्धलाई समानान्तर अवस्थामा रूपान्तरण गर्न महिलाहरू संरक्षण गर्नुपर्दछ । सशक्तीकरण विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । महिला र पुरुषको सामाजिकीकरण प्रक्रियामा जोड दिनु पर्दछ । महिला र पुरुषको समाजिकीकरण प्रक्रिया असमान भएकाले उनीहरूले फरक तरिकाले कार्य गर्दछन् । महिला र पुरुषलाई फरक किसिमले हेर्दछन् । महिला र पुरुषको जीवन स्तर फरक फरक हुन्छ (अर्याल, २०६८ : १३) । लैङ्गिक अवधारणा हरेक पक्षसँग जोडिएको छ । यसले महिला र पुरुषबिच समानान्तर समानता हुनुपर्छ भन्ने कुरालाई जोड

दिन्छ । लैङ्गिक अध्ययनका विभिन्न मान्यताहरू रहेका छन् जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- लिङ्ग जैविकीय र जेन्डर सामाजिक रूपमा संरचित हुन्छ ।
- लैङ्गिकता मानव इतिहासदेखि नै संरचित हुन्छ ।
- महिला दमनको एउटा मुख्य स्रोत पितृसत्तालाई मानिन्छ ।
- लैङ्गिकताले सामाजिक सम्बन्ध र समस्याहरूलाई जोडेको हुन्छ ।
- लैङ्गिकता समय, परिस्थिति, धर्म, संस्कृति र भौगोलिक अवस्थाअनुसार फरक-फरक हुन्छ ।
- लिङ्ग संसारभर एकैनासको हुन्छ, फरक हुँदैन स्थायी हुन्छ ।
- लैङ्गिकताको भूमिका महिला र पुरुषको सहमतिअनुसार परिवर्तन हुन्छ ।
- लैङ्गिकताका कारण सामाजिक अवसरहरू असमान हुन्छ ।
- लैङ्गिकता परिवर्तनशील हुन्छ ।

लैङ्गिक अध्ययनले महिला र पुरुषबिच समानान्तर समता हुनुपर्दछ भन्ने कुरालाई जोड दिन्छ । यस संसारमा महिला र पुरुषको समान महत्त्व हुन्छ भन्ने कुरालाई प्रकाश पार्दछ । महिला र पुरुषसँग सम्बन्धित हरेक पक्षमा यो अध्ययन केन्द्रित रहेकाले यो वृहत अवधारणाको रूपमा देखापरेको छ ।

### २.२.६ लैङ्गिक भूमिका

महिला र पुरुषले गर्ने विभिन्न कार्यहरू जसलाई समाजले प्रत्यक्ष वा परोक्ष रूपमा निर्धारण र वर्गीकरण गरेका हुन्छन् । त्यस्ता कार्य नै लैङ्गिक भूमिकाअन्तर्गत पर्दछन् । सामाजिक र सांस्कृतिक विभिन्न एकाइ वा संस्थाहरूले यी र यस्ता कार्यहरू पुरुषले गर्ने, यी र यस्ता कार्यहरू महिलाले गर्ने भनेर निर्धारण वा वर्गीकरण गरेका हुन्छन् । ती कार्यहरूमा महिला र पुरुषको निर्वाह गर्नुपर्ने भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ । प्रत्येक समाजमा रहेका विभिन्न परम्परा मूल्यमान्यता तथा विश्वासका आधारमा महिला तथा पुरुषले परिवार र समाजमा फरक-फरक भूमिका सम्पन्न गरेका हुन्छन् समय र परिस्थितिअनुसार लैङ्गिक भूमिकाहरू बदलिन पनि सक्छन् । यस्ता लैङ्गिक भूमिकाहरू प्राकृतिक तथा शास्वत

प्रकृतिका नभएर समाज निर्मित हुन्छन् (खनाल, २०७५ : २६) । समय परिस्थितिअनुसार लैङ्गिक भूमिकामा परिवर्तन आउन सक्ने हुनाले लैङ्गिक भूमिका समाज निर्मित व्यवहार हुन महिलाहरूलाई घरको सबै काम गर्नुपर्ने र पुरुषलाई नोकरी, व्यापार, खेतीपाती गर्ने जस्ता कार्यहरू गर्ने, यसरी समाजद्वारा निर्मित लैङ्गिक भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### २.२.६.१ उत्पादन भूमिका

उत्पादन भूमिका भन्नाले आयआर्जनका लागि गरिने भूमिका हो । यसमा खेतीपाती, पशुपालन, जागिर, मजदुरी, बेचविखन, व्यापार व्यवसाय, सामान उत्पादन वितरण आदि पर्दछन् । उत्पादनशील कार्यमा महिला र पुरुषको समान सहभागिता पर्दैन । महिला उत्पादनशील कार्यमा सहभागी भए पनि उनीहरूले पारिश्रमिक कम पाउँछन् । रोजगार, व्यापार, व्यवसायमा कम महिला मात्र सहभागी भएका छन् । समाजमा महिला र पुरुषले समान रूपमा भूमिका निर्वाह गरे पनि मुख्य प्रश्रय पुरुषलाई दिई उत्पादनशील भूमिका पुरुषलाई राखिन्छ । पुरुषको बढी ज्याला, रोजगारी, आयआर्जनमा पहुँच छ भने महिलालाई समान कार्यमा पनि न्यून ज्याला हुने गरेको पाइन्छ (अर्याल, २०६८ : १८) । यसरी महिला र पुरुष दुवैले निर्वाह गरिरहेका उत्पादनशील भूमिकामा पनि फरक स्थिति रहेको पाइन्छ । उत्पादक भूमिकामा समाजले महिलालाई भन्दा पुरुषलाई बढी मान्यता दिएको पाइन्छ । ग्रामीण भेगमा महिलाहरू खेतवारीमा काम गरी अन्न सागपात, उत्पादन गरी घरायसी उपयोगका लागि प्रयोग गर्ने कार्यमा सीमित छन् भने सहरी क्षेत्रमा महिलाहरू सीपमूलक कार्यहरू गरी आयआर्जन गर्ने, नोकरी गर्ने, पसल राख्ने, ज्यामी काम गर्ने आदि कार्यहरू गर्दछन् बढी ज्याला रोजगारी तथा राम्रो आय हुने कार्यमा पुरुषको पहुँच रहेको छ भने महिलाहरू कृषि लगायतका निम्न आय हुने क्षेत्रमा सीमित छन् ।

### २.२.६.२ पुनरुत्पादक भूमिका

यस भूमिकाअन्तर्गत घरायसी कार्यहरू पर्दछन् । यो दुई किसिमको हुन्छ एक जैविक जस्तै बच्चा जन्माउने, बच्चालाई स्याहार सुसार गर्ने, बच्चालाई स्तनपान गराउने आदि पर्दछन् भने अर्को सामाजिक जस्तैः बच्चाहरूको स्याहार गर्ने, हुर्काउने, परिवारको सदस्यहरूको हेरचाह गर्ने, सरसफाई गर्ने, भान्साको काम गर्ने, घाँसदाउरा गर्ने आदि पर्दछन् । जुन कार्यको मान्यता कम हुन्छ र आम्दानी पनि हुँदैन । यस्ता काममा बढी श्रम र

समय लाग्छ । महिलाहरूले नै प्राय यस्ता कामहरू गर्ने गर्दछन् । यस्ता कामहरूबाट महिलाहरूलाई आर्थिक लाभ हुँदैन (आचार्य, २०७१ : २६४) । उत्पादनशील कार्यका रूपमा गणना नगरिए पनि यी कार्यहरू मानव जीवनमा अपरिहार्य हुन्छन् । पुनरुत्पादन भूमिकालाई अनुत्पादन भूमिकाको रूपमा हेरिए तापनि यी भूमिकाले उत्पादानात्मक भूमिकामा सहयोग पुऱ्याएका हुन्छन् ।

### २.२.६.३ **सामुदायिक भूमिका**

सामुदायिक भूमिकाअन्तर्गत समुदायको स्रोत र साधनको संरक्षण, सम्बर्द्धन गर्ने जस्ता कार्यहरू पर्दछन् । सामाजिक, सांस्कृतिक, राजनैतिक वा सामुदायिक प्रतिष्ठा प्राप्त गर्ने कार्य, समाजको भलाई र प्रगति हुने कार्य, प्राकृतिक स्रोत साधन तथा सम्पादनको संरक्षण सम्बर्द्धन गर्ने कार्य आदि कार्यहरू सामुदायिक भूमिकाअन्तर्गतका कार्यहरूभित्र पर्दछन् । यस्ता कार्यबाट प्रत्यक्ष लाभ भने हुँदैन । सामाजिक सेवाका क्षेत्र, राजनैतिक कार्य क्षेत्र, सांस्कृतिक संरक्षण र प्रसारणमा कार्य, प्राकृतिक संरक्षण कार्य आदि विविध भेदमा छुट्याएर सामुदायिक भूमिकालाई विशिष्टीकरण, व्याख्या, विश्लेषण गर्न सकिन्छ । समाजका आवश्यकता, विज्ञान र प्रविधिको उपयोग, समय र परिवेशको अनुकूलन सहरीकरण तथा विकासका पूर्वाधारहरूका आधारमा सामुदायिक भूमिकाहरू बदलिँदै जान्छन् । सामुदायिक भूमिकालाई यति नै छन् भनेर विभाजन गरी व्याख्या गर्न सकिन्छ भन्न मिल्दैन । सामुदायिक भूमिकाअन्तर्गत समुदायको स्रोत बाटोघाटो निर्माण, पाटीपौवा संरक्षण, वनजङ्गल संरक्षण, सिचाई व्यवस्थापन, पूजाआजा, विवाह, भोज, भतेरमा संलग्नता, सांस्कृतिक, कार्यक्रमको आयोजना, जात्रा मेला आदिको व्यवस्थापन, राजनीतिक सक्रियता, चुनाव लड्ने अाीद कार्य सामुदायिक भूमिकाअन्तर्गतका कार्यहरू हुन् (खनाल, २०७५ : २७) । यस्ता कार्यहरू समुदायका आवश्यकता परिपूर्ति गर्नका लागि गरिने गरिन्छ । यस्ता भूमिकाहरू हाम्रो समाजमा प्राय पुरुष संलग्न भए पनि नेपाल राजनीतिक परिवर्तन भई सकेपछि चेतना जागरूप भएर समाजको रहेक कार्यमा महिला सहभागिता केही वृद्धि भएको पाइन्छ ।

### २.२.७ **लैङ्गिक समानता र समता**

सामान्य बुझाइमा लैङ्गिक समानता र समतालाई एउटै अर्थमा बुझ्ने गरेको पाइन्छ तर लैङ्गिक समता र समानतामा केही अर्थ तात्त्विक रूपमा भिन्नता रहेको पाइन्छ । लैङ्गिक अध्ययनको क्षेत्रमा बहुप्रचलित शब्द लैङ्गिक समानता र समतालाई सामान्य

रूपमा हेर्दा समानार्थी जस्तै देखिन्छ । तर यी दुई शब्दले फरक-फरक अर्थ बोकेका छन् । कुनै पनि व्यक्तिलाई जाति, लिङ्ग, धर्म, बासस्थान र अपाङ्गता आदिको कारणले भेदभाव नगरी समान दृष्टिले हेर्नु समानता हो भने समता भनेको असमानताको स्थितिमा रहेकाहरूलाई अलग व्यवहार र विशेष उपाय गरिनु हो । समानता लक्ष्य हो भने समता त्यस लक्ष्यलाई प्राप्त गर्ने माध्यम हो (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्लास्तरीय परीक्षण, २०७० : ३) । त्यसकारण यिनीहरू एकअर्काबाट अलग रहन सक्तैनन् । महिला र पुरुषबिचमा समान सहभागिता, वितरण, पहुँच, नियन्त्रण बराबर अधिकार प्राप्त हुनु नै लैङ्गिक समानता हो । यसले महिला र पुरुष समान तथा बराबरी भन्ने अर्थ जनाउँछ । लैङ्गिक समताले न्याय निष्पक्षता तथा उचित किसिमको व्यहारलाई जनाउँछ ।

### २.२.७.१ **लैङ्गिक समानता**

लैङ्गिक समानता भनेको सामाजिक सांस्कृतिक रूपमा महिला र पुरुषबिच भेदभाव नहुन समान रूपमा हेरिनु हो । आर्थिक सामाजिक, राजनीतिक, शैक्षिक विभेदहरू हटाई महिला र पुरुषबिच समान अधिकार कायम राख्नुलाई नै लैङ्गिक समानता भनिन्छ । लैङ्गिक समानताले समाजमा शिक्षा, स्वास्थ्य, रोजगार आय तथा विज्ञान र प्रविधिको पक्षमा असमान पहुँच रहेकाले त्यसलाई अन्त्य गर्नु पर्दछ । परम्परादेखि रहँदै आएका लैङ्गिक सम्बन्ध व्यवहार र भूमिकामा परिवर्तन गरी महिला र पुरुषबिच समान अधिकार र पहुँच हुनुपर्दछ । भन्ने मान्यता राख्दछ । सामाजिक सांस्कृतिक लगायत अन्य क्षेत्रमा महिला र पुरुषबिचमा रहेका विभेद र असमानताको अन्त्य गर्नु त्यस्तो अवस्था पेसा, भाषा, सांस्कृतिक, राजनीतिक, वर्णका आधारमा असमान व्यवहार वा भेदभाव नगरिनु हो (अर्याल, २०६८ : ३८) । महिला र पुरुषलाई एउटा व्यवहार गर्नु नै लैङ्गिक समानता हो । उदाहरण स्वरूप समान ज्याला, समान मताधिकार, समान रूपमा विकास नियोगहरू, समितिहरू, आयोगहरू, निकायहरूमा प्रतिनिधित्व गर्ने । सामाजिक र सांस्कृतिक पक्ष लगायत अन्य क्षेत्रमा महिला र पुरुषबिच रहेका विभेद र असमानताको अन्त्य गरी त्यस्तो अवस्था सिर्जना हुन नदिनु नै लैङ्गिक समानता हो । समाजमा शिक्षा स्वास्थ्य, रोजगार, आय तथा विज्ञान प्रविधिका पक्षमा महिला र पुरुषबिच समान किसिमको अधिकार तथा पहुँच हुने कार्यमा यसले जोड दिन्छ । राज्यले कानुनी तथा संवैधानिक व्यवस्थामार्फत महिला र पुरुषबिचमा समान दृष्टिकोण राखेको देखिए तापनि व्यवहारिक रूपमा महिला र पुरुषबिच आर्थिक,

सामाजिक, सास्कृतिक, राजनैतिक, शैक्षिक समानता कायम हुन सकिरहेको अवस्था पाइँदैन् । व्यवहारिक रूपमा परिवर्तन आएको देखिदैन ।

### २.२.७.२ **लैङ्गिक समता**

लैङ्गिक समताले न्याय निष्पक्षता र विशेष व्यवहारलाई बुझाउँछ । महिला र पुरुषबिच नैसर्गिक न्याय कायम गर्नु हो । लैङ्गिक समता समानता प्राप्त गर्ने माध्यम हो । लैङ्गिक समता महिला र पुरुषबिच निष्पक्षता र विशेष किसिमको व्यवहार हुनु हो । महिला र पुरुष दुवैको क्षमताअनुसार व्यवहार गर्नु र अवसर प्रदान गर्नु नै लैङ्गिक समता हो (अर्याल, २०६८ : ३८) । जबसम्म सामाजिक सांस्कृतिक तथा मनोवैज्ञानिक रूपमा महिलाहरूले कार्य गर्ने वातावरण मिल्दैन र उनीहरूलाई अवस्थाअनुसारको अवसर प्राप्त गराइँदैन तवसम्म समान अधिकार दिएर पनि समान रूपले उपभोग र परिचालन गर्न सक्दैनन् । यस्ता अवसरहरूको सदुपयोग गर्न उनीहरूको क्षमतामा सशक्तीकरण गरिनुपर्दछ र महिलाकेन्द्रित कार्यक्रम (शिक्षा, स्वास्थ्य तालिम, सीप आदि) को सञ्चालन गर्नुपर्छ भन्ने मान्यता यसले राख्दछ । विश्वको ऐतिहासिक सन्दर्भ हेर्दा पुरुषलाई बढी अवसर, अधिकार तथा स्वाभित्व र सम्मान उपलब्ध गराइएको देखिन्छ । त्यसैले महिलाहरू पछाडि परेको पाइन्छ । समताले त्यस्ता पछाडि परेका महिलाहरूलाई न्यायपूर्ण विशेष अधिकार तथा अवसरहरू दिएर महिला सशक्तीकरण गर्दै मूल प्रवाहमा समायोजन गर्ने कार्यलाई जोड दिन्छ । तर महिलालाई मात्र विशेष प्रकारको सुविधा भन्ने होइन जो पछाडि परेका छन् जसलाई दमन गरिएको छ । त्यस्ता व्यक्ति तथा समूहलाई अगाडि सार्ने वा अग्राधिकारको व्यवस्था गर्ने सीमान्तकृत, अल्पसङ्ख्य, जाति, वर्ग, लैङ्गिकता, अशक्त व्यक्तिलाई उनीहरूको क्षमताअनुसार अग्रसर बनाउने कार्य नै समता हो ।

### २.२.८ **सशक्तीकरण**

अङ्ग्रेजी भाषाको इन्पावरमेन्ट भन्ने शब्दको नेपाली रूपान्तरण सशक्तीकरण हो । साधारण अर्थमा सशक्तीकरण भन्नाले शक्तिशाली बलियो बनाउने भन्ने अर्थ लाग्छ । शाब्दिक रूपमा सशक्तीकरण शब्दभित्र शक्ति पनि अन्तर्निहित रहेकाले यसले शक्ति एवम् शक्तिगत प्रक्रियालाई जनाउँछ । सशक्तीकरण प्रक्रियाले मानिसको अन्तर्निहित क्षमताको विकास गराउँछ । हाम्रो समाजमा विभिन्न प्रकारका कुसंस्कार र शोषणले पीडित महिलाहरूलाई शक्ति दिलाउने महिलाहरूको अन्तर्निहित क्षमतालाई जागृत बनाउने उद्देश्यले

सशक्तीकरण शब्दको प्रयोग भएको पाइन्छ । यसले मानवको जीवनलाई गतिशील प्रदान गर्दछ । हाम्रो समाजमा रहेको कुसंस्कार, कुरीति, शोषण, विभेदको अन्त्य गरी समानतातर्फ लैजाने प्रक्रिया हो तथा असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तर गर्ने प्रक्रिया हो । पुरुष र महिलाबिच स्रोत र साधनमा रहेको असमानता, विभेद तथा अव्यवस्थित र परम्परागत समग्र स्वरूपलाई समान रूपमा न्यायिक आधारमा रूपान्तरण गर्ने प्रक्रिया हो । सशक्तीकरण विकासको मात्र मुद्दा नभइ एउटा लैङ्गिक मुद्दा पनि हो । सशक्तीकरण सामाजिक सम्बन्धको रूपान्तरण गर्ने प्रक्रियाका साथै आत्मनिर्भर र विश्वास दिलाउने संयन्त्र पनि हो । क्षमता विकास र सिर्जनशीलताको समुच्चय हो (अर्याल, २०६८ : ४८) । यसरी समाजमा रहेको मानवीय जीवनलाई गतिशील बनाउने, समाजमा रहेका संस्कार, कुरीति, विभेद, शोषणको अन्त्य गरी समानतातर्फ उन्मुख हुने महिला र पुरुषबिचमा रहेका विभिन्न प्रकारका असमानतालाई हटाई समानतामा रूपान्तरण गर्ने कार्य सशक्तीकरणले गर्दछ । समाजमा समस्याग्रस्त व्यक्तिहरूले लैङ्गिकताका कारणले समस्यामा पारिएका हुन्छन् । त्यस्ता लैङ्गिकता तथा यौनिकता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखेर विशेष सुविधा र सबलीकरणका साथमा मूल धारमा ल्याउने कार्यलाई सशक्तीकरण भनिन्छ । सशक्तीकरणबाट मात्र समानतामूलक समाजको अपेक्षा गर्न सकिने भएकाले लैङ्गिक समतालाई अपेक्षा गर्न सकिने भएकाले लैङ्गिक समतालाई यसैअन्तर्गत राख्नुपर्ने हुन्छ । अग्राधिकार तथा आरक्षणको व्यवस्थासहित व्यक्तिहरूलाई सशक्त पार्ने प्रयत्न नै सशक्तीकरण हो (खनाल, २०७५ : ४६) । यसले महिला विकासका लागि वा लैङ्गिक रूपमा सन्तुलित विकासका लागि मानिसलाई सशक्तीकरण गर्नुपर्छ भन्ने कुरालाई देखाउँछ ।

समग्रमा सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक आदि विभिन्न क्रियाकलापमा पिछडिएका वा पछाडि परेका व्यक्तिहरूलाई अगाडि ल्याउने राज्यका हरेक तहमा समाहित बनाउने प्रक्रिया सशक्तीकरण हो । यसले महिलाहरूमा रहेको अन्तर्निहित क्षमताको विकास गराई आफ्नो हक, अधिकारको लागि लड्न सक्ने आवाजहरू उठाउन सक्ने बनाउँछ । हाम्रो समाजमा रहेको मानवीय जीवनलाई गतिशील बनाउन समाजमा रहेका कुसंस्कार, कुरीति र भेदभावको अन्त्य गरी समानतातर्फ उन्मुख गर्दछ । महिला र पुरुषबिच रहेका विभिन्न प्रकारका असमानतालाई समानतामा रूपान्तरण गर्ने कार्य गर्दछ । सशक्तीकरण समतामूलक समाज निर्माणको महत्त्वपूर्ण आधार प्रक्रिया हो । लैङ्गिक समविकासमा यसको उच्च महत्त्व रहेको छ ।

### २.२.९ जेन्डरको भाषा

भाषा एउटा अभिव्यक्तिको माध्यम हो, जहाँ प्रत्येक व्यक्तिले विचार विनिमयको आदान प्रदान गर्दछ । जेन्डेरको भाषा भन्नाले लैङ्गिक अध्ययनमा प्रयोग हुने अथवा महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा भन्ने बुझिन्छ । लैङ्गिक वा सामाजिक लिङ्ग भनेको समाजमा सामाजिक मूल्य र मान्यताका आधारमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने बेग्लाबेग्लै कार्यहरू महिला र पुरुषको सामाजिक सम्बन्ध तथा भूमिका जुन समाजद्वारा निर्मित हुन्छन् । समाजमा प्रचलित मूल्य मान्यता, संस्कार तथा संस्कृतिहरूले मानिसको भूमिकालाई प्रभाव पारेको हुन्छ यी कुराहरू नै जेन्डरभित्र पर्दछन् । जेन्डर सामाजिक हुन्छ । यसलाई समाजले निर्माण गरेको हुन्छ । महिला तथा पुरुषले गर्ने भाषिक प्रयोग, विपरीत लिङ्गी तथा समलिङ्गीले गर्ने भाषिक प्रयोग, तिनीहरूको परस्पर र भिन्न भिन्न परिचय तथा पहिचानका लागि प्रयोग गरिने भाषालाई नै लैङ्गिकताको भाषा भनिन्छ (खनाल, २०७५ : ३३) । लैङ्गिकताको भाषाअन्तर्गत विभिन्न लैङ्गिक परिचय भएका व्यक्तिहरूले गर्ने भाषिक प्रयोग जस्तै : उच्चारण, शब्दभण्डार, वाक्य गठन, विशेष शब्दावली, आपसी संवाद तथा संस्कार आदि पक्षहरू पर्दछन् । व्यापक सन्दर्भमा भन्नुपर्दा लैङ्गिकताको समग्र पक्षलाई लैङ्गिकताको भाषा भन्ने बुझिन्छ ।

कुनै पनि समाज र संस्कृतिले महिला र पुरुषबिचमा फरक-फरक भाषिक व्यवहार गर्नु नै विभेदमूलक भाषा हो । समाज, समुदाय, भौगोलिकता, समय, परिवेश, शिक्षा, चेतना, धर्म, संस्कृति आदि विविध आधार र सन्दर्भहरूले विभेदमूलक भाषामा प्रभाव पारेका हुन्छन् । यी कुराहरूले नै महिला र पुरुषबिच विभेदमूलक भाषा जन्माएको पाउन सकिन्छ । प्रायः समाजमा कुनै पनि विभेदमूलक भाषाबाट छुट देखिन सकेको छैन । पुरुषलाई प्र योग गरिने भाषामा उच्च स्तरको भाषा प्रयोग गरिने भाषामा उच्च स्तरको भाषा प्रयोग गरिन्छ भने महिलालाई प्रयोग गर्ने भाषामा न्यून स्तरको भाषा प्रयोग गरेको पाइन्छ । लैङ्गिकतासँग सम्बन्धित विभेदजन्य भाषिक सन्दर्भहरूलाई नै विभेदमूलक भाषाको रूपमा लिइन्छ । विभेदमूलक भाषाले गर्दा समाजमा पुरुषप्रधान तथा महिला गौण स्थानमा रहेको पाइन्छ ।

हिंसाजन्य भाषालाई जेन्डरको भाषामा हेर्दा महिलाले पुरुषमाथि र पुरुषले महिलामाथि अरूको इच्छाविना आफ्नो स्वार्थ पूरा गर्नका लागि गरिने जुनसुकै भाषिक

दुर्व्यवहारलाई नै हिंसाजन्य भाषा भनिन्छ । अरूको स्वतन्त्रतामाथि बाधा उत्पन्न हुने खालको कार्य गर्नु नै हिंसा हो । समाजमा महिला तथा पुरुषको शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक जस्ता जुनसुकै पक्षमा दुर्व्यवहारजन्य भाषाको प्रयोग गर्नु वा आँच आउने कार्य गर्नु नै हिंसाजन्य भाषा हो । भाषिक दुर्व्यवहार गरी महिला वा पुरुषलाई मौलिक हक अधिकारबाट वञ्चित गराउनु नै हिंसाजन्य भाषा हो । समाजमा पुरुषले नै भाषामा नियन्त्रण पुरुषकेन्द्री तथा पुरुष प्रधान बन्न गएको पाइन्छ ।

राजनैतिक, साहित्यिक, सामाजिक क्षेत्रमा महिलालाई सहायक, कमजोर र दोस्रो दर्जाका रूपमा रहेको पाइन्छ भने पुरुषहरूलाई उच्च दर्जाको रूपमा पाइन्छ । यसरी हरेक क्षेत्रमा महिलालाई विभेद गरेको पाइन्छ । यसरी पहिलेदेखि नै चलिआएका कुसंस्कार तथा कुरीतिका कारणले गर्दा महिला विकासमा अवरोध तथा बाधा खडा गरिरहेको पाइन्छ । समाज पुरुषहरूद्वारा शासित रहेको देखिन्छ । लैङ्गिक दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा समानता र उनीहरूलाई हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्दछ । सबै ठाउँमा महिला र पुरुष समान हुनुपर्छ सामाजिक विभेद हुनुहुँदैन सबै कुरामा महिलाको पनि पुरुषसरह समान पहुँच हुनुपर्छ भन्ने विचार जेन्डरको भाषामा राखिन्छ ।

# अध्याय तीन

# शोधविधि र प्रक्रिया

कुनै पनि शोधकार्यलाई निश्चित गन्तव्यमा डोऱ्याउनका लागि स्पष्ट अध्ययनको आवश्यकता पर्ने हुनाले अध्ययन विधि सबैभन्दा महत्त्वपूर्ण हुन्छ । सम्बन्धित अध्ययनलाई पूर्णता दिनका लागि पुस्तकालयीय, वर्णनात्मक र व्याख्यात्मक ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन *नथिया* उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ । जसमा लैङ्गिक भूमिका अन्तर्गत र उत्पादक, पुनरुत्पादन र सामुदायिक भूमिकालाई र लैङ्गिक समानता कायम गर्न उपयुक्त सारांश, निष्कर्ष तथा उपयोगिताको पनि अध्ययन गरिएको छ ।

## ३.१ शोधको क्षेत्र

प्रस्तुत शोधकार्यलाई उद्देश्यमूलक बनाउनको लागि सरस्वती प्रतीक्षाद्वारा लिखित '*नथिया* २०७४' उपन्यासको लैङ्गिक अध्ययनलाई अध्ययनको क्षेत्रको रूपमा नमुना छनोट गरिएको छ ।

## ३.२ शोधको ढाँचा

कुनै पनि कार्यलाई सिलसिलाबद्ध रूपमा अगाडि बढाउनका लागि एउटा निश्चित अध्ययन विधिको खाँचो पर्दछ । त्यस्तै गरी अनुसन्धानका लागि पनि निश्चित विधिको आवश्यक पर्दछ । अनुसन्धान कुन तरिकाले कसरी गरिँदै छ भन्ने कुरा अध्ययन विधिअन्तर्गत पर्दछ । अनुसन्धानलाई उद्देश्यमुखी बनाउन अध्ययन विधिको उपयुक्त ढङ्गबाट छनोट गर्नुपर्दछ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ भने सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधारमा सामग्री विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू

जुनसुकै अनुसन्धानात्मक कार्यलाई अगाडि बढाउनको निम्ति स्रोत सामग्रीहरूको आवश्यकता पर्दछ । अनुसन्धानको क्रममा सामान्यतया प्राथमिक र द्वितीयक स्रोत गरी दुई प्रकारका सामग्रीको उपयोग गरी शोधकार्यलाई अगाडि बढाइएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य *नथिया* उपन्यासको लैङ्गिक अध्ययन रहेकाले प्राथमिक स्रोतअन्तर्गत सरस्वती प्रतीक्षाद्वारा लिखित *नथिया* उपन्यासलाई नै प्रमुख आधारको रूपमा लिइएको छ । उक्त अध्ययनलाई नै मूल रूपमा अध्ययन विश्लेषणको आधार बनाइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा गौण वा द्वितीयक स्रोत सामग्रीका रूपमा शोधशीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरूबाट सामग्री सङ्कलन गरिएको छ । लैङ्गिक अध्ययनसँग सम्बन्धित पाठ्यपुस्तक, लेख, रचना, समाचारपत्र र शोधनिर्देशकको सल्लाह सुझाव आदि रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका विधि

पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनलाई व्यवस्थित र वैज्ञानिक बनाउनका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित पाठ्यपुस्तक, शोधपत्र लेख, समालोचनात्मक कृति आदिबाट सामग्री सङ्कलन गरिएको छ । विशेषतः पुस्तकालयीय अध्ययन विधि र अंशतः व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

## ३.५ विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अनुसन्धानको महत्त्वपूर्ण पक्ष हो । कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा विश्लेषण गरी सम्पन्न गर्नका लागि खास किसिमको अनुसन्धान प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ । विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस अनुसन्धान कार्यलाई उद्देश्य प्राप्ति तथा निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न ग्रन्थहरूका साथै शोधपत्र तथा लैङ्गिक अध्ययन सम्बन्धी पुस्तकबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गरिसकेपछि पुस्तकालयीय अध्ययन, विश्लेषणात्मक र वर्णनात्मक विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीका साथै द्वितीयक स्रोतबाट सामग्रीको व्याख्या

विश्लेषण गरिएको छ । अनुसन्धानका क्रममा विशेष गरी वर्णनात्मक विधि र व्याख्यात्मक विधिलाई प्रमुख आधार बनाइएको छ । लैङ्गिकताको अवस्था प्रतिविम्बन गर्ने संवाद लिइएको छ । यसका लागि २० जना लैङ्गिक सन्दर्भमा केन्द्रित संवादलाई लिई विश्लेषण गरिएको छ । यस शोधलाई विश्वसनीय बनाउनको लागि सैद्धान्तिक आधारहरू निर्माण गरी त्यसकै आधारमा उपन्यासलाई विश्लेषण गरिएको छ ।

# अध्याय चार

## *नथिया* उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्था

उपन्यासकार सरस्वती प्रतीक्षाद्वारा रचित प्रस्तुत *नथिया* उपन्यास वि.सं. २०४७ अगाडिको नेपालका वादी जातिको समुदायमा आधारित उपन्यास हो । वादी समुदायकी एक पात्रमा केन्द्रित भएर लेखिएको तस्वीरको उत्खनन हो । *नथिया* उपन्यासको समाज नेपालको पश्चिमको समाज हो । *नथिया* महिलाले नाकमा लगाउने एउटा गहना हो । वादी वस्ती र त्यहाँको वातावरण त्यहाँका महिलाहरूले भ्रोल्नुपरेका समस्याहरू त्यहाँका क्रियाकलापहरू वादी वस्तीभित्र मौलाएको देह व्यापार लगायत नेपाली महिलाहरूले भ्रोल्नुपरेका अन्याय अत्याचार तथा समस्याहरूलाई उठाइएको पाइन्छ । यस उपन्यासमा समाजमा व्याप्त कुरीति, कुसंस्कार, सामाजिक, आर्थिक अवस्था महिलाहरूमाथि गरिने व्यवहार वादी महिलाहरू यौन व्यापार गर्नमा बाध्य भएको अवस्था उल्लेख गरिएको छ । उपन्यासमा चित्रित घटनाहरूको आधारमा हेर्दा समाजले वादी महिलाहरूप्रति हिंसा, विभेद, अन्याय र अत्याचार गरेको पाउन सकिन्छ ।

प्रस्तुत सामाजिक *नथिया* उपन्यासमा वादी समुदायको समाजमा घटेका घटना उनीहरूले भोग्नुपरेका समस्या, वादी महिलाहरूको जीवनमा मच्चिएको उथलपुथल यथार्थ रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा पितृसत्तात्मक मानिसिकता, समाजमा हुने नारीप्रतिको विभेद, पितृसत्तात्मक परम्परा, महिलाको अस्तित्त्वमाथि हाम्रो समाजका पुरुषहरूले गर्ने व्यवहार देखाइएको छ । वादी महिलाहरू रहरले होइन वाध्यताले गर्दा यौन व्यापारमा होमिनुपर्ने अवस्था वादी सुमदायकी मुख्य पात्र सामली आफ्नो जिन्दगीको मालिक आफै हुनुपर्ने वादी समुदायमा हुर्केर समुदायको संस्कार खिलाप आफूलाई उभ्याउने एक पात्र हो सामली जुन कुरा वादी समुदायको लागि स्वीकार्य थिएन् जुन वादी समुदायको पुर्ख्यौली पेशा हो । पक्रैया वादी वस्तीमा हुर्केकी सामलीको आफ्नो दिनचर्यासँगै हुर्कंदै बढ्दै गरेका घटनाक्रमहरू उसको जीवनमा आएका सङ्घर्ष उथलपुथल, उसले भोग्नुपरेका समस्याहरूलाई वर्णन गरिएको छ । उपन्यासकी प्रमुख पात्र सामली यौन व्यापारमा लाग्ने चाहना नहुँदा नहुँदै पनि अभावै अभाव र गरिबीले थला परेपछि र नियतीले दिनसक्ने जति चरम उत्कर्षको पीडा थुपरी दिएपछि हुरी खोलामा हाम फालेर आत्महत्या गर्नुको विकल्पमा तरवारको धारमा नचाहेर पनि जीउन बाध्य भएकी छ । प्रस्तुत उपन्यासमा रुढिवादी

परम्परा, अन्धविश्वासले जेलिएको कुरा, पितृसत्तात्मक मानसिकताको प्रकटीकरण समाजमा हुने नारीप्रतिको हिंसा, नारीप्रतिको विभेद, नारीको अस्तित्त्व तथा अस्मितामाथि हाम्रो समाज कुन हदसम्म अनादर छ भन्ने कुरा प्रस्ट रूपमा देख्न सकिन्छ । नारी नारी भएर जन्मेकी हुँदैनन् । त्यसमा समाजले नारी र पुरुषको भेद जन्माइदिने गर्दछ । त्यसमाथि वादी जातिमा नारी भएर जन्मनुको त छुट्टै मूल्य चुकाउनुपर्ने तथा कडा सङ्घर्ष गर्नुपर्ने देखिन्छ । यस उपन्यासमा नारी पात्रहरू चेतना, सस्कृति, समाज र जीवन भोगाइ सबै दृष्टिले विभेदपूर्ण परिस्थिति देखाइएको छ । नेपालीले हेर्ने दृष्टिकोण छोराछोरीमा गरिने विभेद जस्ता कुराहरू उपन्यासमा देखाउन खोजिएको छ ।

"समाजले सस्कारले वा इज्जतको प्रश्नले खै के-केले रोक्यो कुन्नि ? यसै त राधा कृष्णलाई पूजा गर्ने तर प्रेमलाई वर्जित मान्ने समाज" (पृ.१०) । हाम्रो समाजमा राधा कृष्णलाई प्रेम गर्ने प्रेमि प्रेमिकालाई भने वर्जित मान्ने वा घृणा गर्ने अवस्था रहेको पाइन्छ । यस उपन्यासमा उपन्यासकी मुख्य पात्र सामली र दिवाकरले एक अर्कालाई स्वच्छ प्रेम गर्दछन् । विभिन्न कारणले गर्दा उनीहरूको प्रेम वैवाहिक जीवनमा परिणत हुन पाएन तर पनि उनीहरू एकअर्का प्रति सम्मान गर्दछन्, स्वच्छ माया गर्दछन् । धेरै लामो समयपछि उनीहरूको त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा भेट भएको छ तर उनीहरूको भेट्ने बोल्ने इच्छा हुँदाहुँदै पनि समाज, संस्कार र इज्जतको डरले पछाडि हटेका छन् । एक आपसमा भेट्न बोल्न सकिरहेका छैनन् । सामलीले दिवाकरलाई देखेर पनि तर्केकी छ । जानीजानी भेटको सम्भावनाको घाँटी आफैले निमोठिदिएकी छ । बर्षौं पछिको भेट त्यही पुरानो धब्बाको कारण बदनाम नहोस् भन्ने सोचेर त्यसमाथि सामलीसँग त झन् बेश्या हुनुको समेत धब्बा थियो त्यसैले सामलीले चोखो प्रेम जोगाउनको लागि भेट्ने इच्छालाई मारेर फरक बाटो रोजेकी छ । यसबाट पनि हाम्रो समाजमा कुरीति कुसंस्कार सहजै रूपमा देख्न सकिन्छ । एउटा महिला पुरुषसँग स्वच्छ हृदयले भेट्न बोल्न पनि समाजको संस्कार र इज्जतले रोकेको पाइन्छ । महिलामाथि नै बढी संस्कार र इज्जत खोज्ने गर्दछ समाजले । जे कुरामा पनि महिलालाई नै दोषी देखाउने महिलाको चरित्रमाथि धब्बा लगाउने गरेको पाइन्छ ।

"बादी बस्तीमा उमेर पुगेपछि एउटी केटी मान्छेको मूल्य उसले लगाएको नथियाको मूल्यले निर्धारण गर्छ" (पृ. १४) । वादी समुदायमा छोरीलाई उसको उमेर पुगेपछि उसले नाकमा लगाएको नथिया पहिलोपटक ग्राहकले उतार्ने गर्दछ र त्यहीअनुसारको नथियाको मूल्य निर्धारण गरिन्छ । नथिया उतारेपछि पूर्ण रूपमा यौन व्यापारमा खुल्ला भएको भन्ने

बुझिन्छ । यसरी छोरी मान्छेको नथिया उतारेर पूर्ण रूपमा यौन पेशामा धकेलिन्छ । यसरी वादी समुदायका नारीहरूलाई कुसंस्कार, कुरीति र पितृसत्तात्मक सोचले गर्दा महिलाहरूमाथि अन्याय, अत्याचार, शोषण, हिंसा भएको पाइन्छ । महिलाहरू नचाहँदा नचाहँदै पनि बाध्यताबस यौन व्यापार गर्न बाध्य भएका छन् ।

"बादी बस्तीमा एउटी छोरीको आमा हुनु आफैँमा गर्वको विषय हुन्थ्यो, त्यो भन्दा गर्वको विषय हुन्थ्यो एउटी राम्री छोरीको आमा हुनु" (पृ १६) । मानिस जन्मँदा वा मानिसको जन्म लिएर आउँदा छोरा वा छोरी भएर जन्मन्छ, मानिस जन्मने मर्ने जस्ता कुराहरू प्रकृतिको नियम हो । छोरा छोरी दुवैलाई समान रूपले हेर्नुपर्छ । पश्चिमी समाजमा रहेका वादी जातिमा छोरा वा छोरी जन्मनुले ठूलो असर पार्दछ । यहाँ छोरी जन्मँदा खुसी हुने, रमाउने, छोरीलाई घरपरिवार सबैले माया गर्ने, राम्रो स्याहार सुसार गर्ने गर्दछन् । वादी बस्तीमा एउटी छोरीको आमा हुनु भनेको गर्वको कुरा ठान्दछन् अझ गर्वको कुरा राम्री छोरीको आमा हुन पाउनुमा ठान्दछन् । वादी बस्तीमा जन्म लिनु र रूपले धोका दिनु, त्यो भन्दा चर्को ठट्टा अरू हुनै सक्दैन वादी महिलाहरूका लागि, यहाँ छोरी जन्मँदा उत्सव मनाउने र छोरा जन्मँदा निराश हुने, हेला गर्ने देखिन्छ । तर यहाँ छोरीलाई समानता दिएर छोरीलाई पनि माया गर्नुपर्छ । छोरी पनि ठूलो मान्छे बन्न सक्छ भनेर सकारात्मक सोचले होइन छोरी जन्मेपछि यौन व्यवसायमा लागेर पैसा कमाउने अझ छोरीको रूप राम्रो भयो भने ग्राहकले भनेजति मूल्य तिर्छन्, ग्राहकको कमी हुँदैन भनेर यहाँ छोरीको आमा हुनु अझ त्यसमा राम्री छोरीको आमा हुनुमा छुट्टै गर्व महसुस गर्दछन् ।

"छोरीको अनुहार हेर्नासाथ देब्रे कान्छाले सबभन्दा पहिले आँखा खुम्च्यायो । त्यसपछि मुख खुम्च्यायो । त्यसपछि गाला खुम्च्यायो । त्सपछि केके खुम्च्यायो कुन्नि ? अन्त्यमा सम्पूर्ण अनुहार खुम्च्यायो । छोरीलाई काखमा लिनु माया गर्नु त परको कुरा, त्यसपछि कहिल्यै फर्केर एकपटक पनि छोरीको अनुहार हेरेन" (पृ. १६) । यहाँ चन्द्रिका र देब्रेकान्छाको छोरी जन्मेकी छ । चन्द्रिकालाई लागेको थियो देब्रेकान्छाले छोरीको अनुहार हेरेपछि देब्रेकान्छाको अनुहार पनि खुशीले धपक्क बल्नेछ तर ठीक उल्टो भयो छोरीको अनुहार हेरेपछि देब्रेकान्छाको मनमा विभिन्न सङ्का उपशङ्काहरू उत्पन्न भयो चन्द्रिका पनि नराम्री म पनि नराम्रो कालो कालो ध्वासे ध्वासे छु तर छोरी कसरी यस्ती राम्री जन्मी भनेर चन्द्रिका माथि शङ्काको धारणाले हेरेर मेरो छोरी होइन अर्केको छोरी होकी भनेर महिलाको अस्मितामाथि शङ्का तथा अविश्वास गरेको देखिन्छ । यसरी देब्रेकान्छाको अनुहारमा खुशी देखिएन उसले

छोरीलाई काखमा लिनु त परैको कुरा उसलाई एकपटक फर्केर हेर्न पनि चाहेको छैन् । राम्री छोरी जन्मी भनेर एउटा पुरुषले महिलामाथि अविश्वास गरेको देखिन्छ । यहाँ पितृसत्तात्मक सोचले गर्दा महिलामाथि अन्याय भएको पाइन्छ । बाबु आमाभन्दा फरक अनुहारको राम्री छोरी जन्मी भन्दैमा निराश हुने, छोरीलाई नहेर्ने, श्रीमति माथि शङ्का गर्नैपर्ने कुरा त थिएन तर यहाँ पुरुषले महिलालाई विश्वास नगर्ने महिलालाई हेप्ने महिलाले गल्ती नगरे तापनि विश्वास नगरिएको पाइयो ।

"शरीरको जति खेल चल्थ्यो पक्रैयामा झुक्याइको खेल योभन्दा कयौँ गुणा बढी चल्थ्यो अक्सर प्रेमको नाममा र कहिलेकाहीँ विवाहको नाममा झुक्याइको खेल बढो रोचक ढङ्गले चल्थ्यो" (पृ. २१) । वादी महिलाहरूलाई प्रेममा झुक्किने सम्भावना शतप्रतिशत हुन्थ्यो । प्रेमको नाममा ग्राहकले विभिन्न मायावी कुरामा फसाएर प्रेम गर्छु, विहे गर्छु भनेर एउटी महिलामाथि उसको अस्मितामाथि खेलबाड गर्ने झुक्याउने र आफ्नो स्वार्थ पुरा गरेपछि छोडिदिने गरेको उपन्यासमा पाइन्छ । समाजमा पुरुषले यसरी महिलाहरूलाई विभिन्न इच्छा आकाङ्क्षाहरू देखाएर धोका दिने अनेकौ खालका महिलामाथि शोषण, अन्याय, अत्याचार, हिंसा हुने गरेको कुराबाट समाजमा विभेदकारी अन्याय रहेको कुरा यस उपन्यासमा देखाउन खोजिएको छ । यसरी महिलाको कोमल हृदयमाथि खेलबाड गर्ने गरेको पाइएको छ । "बदिनीको छोरी हुनु भन्याको आफू मात्र दुःखी हुनु रह्याछ ! आफ्नो कारनले अरू सप्पै खुसी र सुखी हुनु रह्याछ !" (पृ. ५१) । सामलीको जीवनमा ठूलो घटना घटेको छ पहिलो पटक आफूलाई कसैले बलात्कार गर्दैगर्दाको साक्षी आफैँ बसेकी छ । बेखमान भन्ने आफ्नो बाउ समानको मान्छेबाट नचाहँदा नचाहँदै पनि सामली बलात्कृत हुन पुगेकी छ । बेखमानद्वारा सामलीको पहिलो पटक नथिया खोलिएको छ । बेखमानले सामलीको नथिया उतार्न दशहजार नगद, दुई तोला सुन, एक बोरा वासमती चामल, पाँच किलो चिनी, कपडा, खसी सामलीका बाबु आमालाई दिएको छ । यसरी पैसा सामान बुझाएर सामलीलाई सोध्दै नसोधी सामलीमाथि यौन शोषण गरेको पाइन्छ । यसरी थाहै नपाई नचाहँदा नचाहँदै बेखमानबाट भएको यौन शोषणबाट सामली पीडित भएर आफ्नो दुःख पीडा र बेखमानले आफ्नो शरीरमाथि गरेको जवरजस्तीलाई सम्झेर विस्मित मुडमा वदिनीको छोरी हुनु भन्याको आफू मात्र दुःखी हुनु रह्याछ ! आफ्नो कारणले अरू सप्पै खुशी र सुखी हुनु रह्याछ भनेर सोचेको पाइन्छ । यहाँ महिलाको कुनै कुरालाई कदर गरिएको पाइदैन । महिलाको खुसी दुःख पीडालाई वास्ता दिइएको पाइदैन । बादी समाजमा नारीले आफूखुसी गर्न नपाउने

अरूलाई मात्र खुसी बनाउनुपर्ने बाध्यता देखिएको छ । यसमा पुरुषले चाहेको अनुसार चल्नुपर्ने नारीले आफ्नो इच्छाअनुसार चल्न नपाएको धारणा प्रस्तुत गरिएको देखिन्छ ।

"पहिलोपटक महिनावारी हुने बित्तिकै ग्राहक खोज्दा छन् बा आमाले भन्ने मुइले सोच्नै सक्याकी थिइन" (पृ. ५४) । वादी समुदायमा छोरी पहिलोपटक महिनावारी हुने बित्तिकै बाबु आमाले छोरीलाई सोध्दै नसोधी ग्राहक खोज्दछन् र जवरजस्ती छोरीलाई यौन पेशामा लाग्न बाध्य बनाउने चलन रहेको पाइन्छ । यसको मुख्य दोषी महिला अवश्य पनि होइन, यस्तो परम्परागत मान्यता संस्कार वा अशिक्षा नै हो ।

"यस्तो लाग्दो छ, हाम्रो शरीरका पार्टपुर्जा हाम्रा होइनन् । यिनका मालिकहरू अरू नै हुन्, हामी त बस् रखवाली गर्दाछौँ यिनलाई आफ्नै सम्झीकन" (पृ. ५६) । बेखमानद्वारा सामलीमाथि जवरजस्ती भएको यौन शोषणबाट सामली धेरै समयसम्म थला परेर बसेकी छ । भेट्न आउने समयमा सुक्मेलीले सामलीसँग माथिको वाक्य भनेकी हो । यसरी आ-आफ्नो दुःख पीडा बाध्यता सम्झेर आफूमाथि ग्राहकले गर्ने दुर्व्यवहार सम्झेर साथीसँग कुरा गरेको पाइन्छ । यसरी महिलाहरू शोषित, पीडित भएको देखिन्छ । "अरूले रात पार् भन्यो भन्या रात पारिदिँदा छौ, सब अरूको इशारामा चल्नुपरेको छ" (पृ. ६७) । मेजर मानुले सामली आफ्नो लागि तयार नभए सामलीको घाटी रेट्छु भनेर धम्की दिएको हुँदा सामलीको आमा बाबुले सामलीलाई भगाएर दाइकी छोरी नयनतारा भएको ठाउँ राजापुरमा ल्याएका छन् नयनतारा पनि राजापुरमा यौनव्यापार गरेर बसेकी छे सो समयमा नयनताराले सामलीसँग माथिको वाक्य भनेकी हो । यहाँ हामी महिलाहरूको केही चल्दैन "यहाँ कोही रात पर्यापछि आउँदाछन् र विहानतिर जाँदाछन् । कोही विहानलाई नै रात पार्न आउँदाछन् । हाम्रो आफ्नो दिन वा रात भन्या केही हुँदैन । सबै कुरा ग्राहकको इशारामा चल्नुपर्दछ भन्ने जस्ता कुराहरूमा गरेको पाइन्छ पुरुषले जे भने पनि महिलाहरू चुपचाप सहेर बस्नुपर्ने पुरुषको इच्छाअनुसार हिड्नु पर्ने बाध्यतालाई उपन्यासले देखाएको छ ।

"यही समाजले हामीलाई वेश्या भनीकन थुक्दोछ, गाली गर्दोछ, घृणा गर्दोछ । तर वेश्याको काम छोडीकन अर्को कुनै काम गर्नबाट हामीलाई बञ्चित गरीकन किन यही धन्दामै धकेल्दोछ फेरि ?" (पृ.९२) । वादी महिलाहरूलाई समाजले बेश्या भनेर घृणा गर्दछ । उनीहरूलाई यो काम छाडेर अर्को कुनै काम गर्नबाट पनि बञ्चित गरिन्छ र वादी महिलाहरू यौनव्यापार गर्न बाध्य हुन्छन् यो महिलाहरूको दोष होइन । यसमा कुसंस्कार र

अशिक्षा हो जसको कारण समाजमा विभेद उत्पन्न भएको छ । यसमा प्राकृतिक नियम नभएर समाजका मान्छेले उत्पन्न गरेको संस्कार वा बानी व्यवहार हो । उपयुक्त वाक्यले यही कुरालाई दर्साउन खोजेको पाइन्छ । "गएकी थिइ त मनकली वादी, एउटा मारवाडीको प्रेममा आफ्नो सबथोक छाडेर परार साल नेपालगञ्जतिर गएकी थिई । अहिले फर्केर आई । भाँच्चिएको खुट्टा र भाँच्चिएको मन बोकेर लुरुलुरु फर्केर आई" (पृ. १०२) । प्रेमको खातिर मनकली वादी यौनधन्दा छोडेर गाउँ परिवार सबै त्यागेर मारवाडीसँग राजी भएर नेपालगञ्ज गई, मनकली बलियो र स्वस्थ हुँदासम्म मारवाडीसँगको प्रेम टिक्यो, मारवाडीले सित्तैमा मनकलीलाई सबै काम गरायो तर जुन दिन वर्षायाममा आँगनमा चिप्लिएर लडी मनकलीको खुट्टा भाचिँयो त्यो दिनदेखि मारवाडीको माया पनि कम हुँदै गयो उसको स्वार्थीपना देखिन थाल्यो, उसले मनकलीलाई केही पैसाको मुठो थमाएर, कहिल्यै फर्केर आएन कति सस्तो मारवाडीको प्रेम, एउटा खुट्टा भाँच्चिदा प्रेम पनि सधैंका लागि भाच्चिजाने ! यसरी मनकली वादीको मनको हत्या भयो रुँदारुँदै वादी बस्ती फर्कदा भाँच्चिएको खुट्टा र मनमात्र होइन सँगसँगै पेटमा तीन महिनाका बच्चा पनि लिएर फर्केकी थिई यसरी प्रेमको नाममा महिलाहरूलाई अन्याय अत्याचार भएको पाइन्छ ।

"ऐना हेर्दा देखिने अनुहार त आफ्नै थियो तर आफ्नो खुशीको अनुहार कस्तो हुन्छ ? त्यो रेञ्जरको व्यवहारले तय गर्थ्यो" (पृ.१४१) । यहाँ सामली यौन धन्दा छोडेर आफूले चाहेको खुशीको लागि रेञ्जरको प्रेमका परेर रेञ्जरसँग विवाह गरेर घरजम गर्ने रहरमा सबै छाडेर रेञ्जरसँग बिहे गरेकी छ, झट्ट हेर्दा त एकैपटक हिलोबाट महलमा फूल्न आइपुगेकी फूलजस्ती, एकैपटक वादी वस्तीबाट उच्चपदस्थ सरकारी क्वाटरमा । बाहिरबाट हेर्दा भरिभराउ पारिवारिक जीवन, रेञ्जरकी श्रीमती हुनुको सामाजिक हैसियत । ठकुरानी हुनुको मान प्रतिष्ठा थियो तर सामलीको खुशी कहाँ छ ? घरिघरि उसलाई यही प्रश्नले सताउँथ्यो । रेञ्जर खुशी भएको दिन आफू पनि खुशी भयो । रेञ्जर रिसाएर झर्केर गाली गरेको, कुटेको दिन आफू पनि दुःखी भयो, उसको खुशी, इच्छा, चाहना आफ्नो हातमा थिएन् । आफूखुशी गर्न नपाउने अवस्था रहेको पाइन्छ । प्रस्तुत उपन्यासमा महिला खुशी हुनको लागि पनि पुरुषको व्यवहारले तय गर्ने कुराले महिलालाई ठूलो पीडा दिएको छ भन्ने कुरा प्रस्तुत भनाइमा रहेको पाइन्छ । "तिमीहरूले यो कुवा छोयौं भने कुवा पनि बिटुलो हुन्छ । हाम्रो पनि कुवा हो भनेर कुन मुखले भन्न सकेका" (पृ. १८०) । फुलमाया वादी कुवामा पानी लिन गएको समयमा घन्टौंसम्म कुर्दाकुर्दा अति भएपछि दिक्क भएर फूलमाया बुढाथोकीले

कुवामा कपडा धोइरहेको अवस्थामा छिटो गर्दिनोस् भन्दा फूलमाया बुढाथोकीले हाम्रो कुवाबाट हामीले नै पानी दिएर खानु छ । हामीसँग नै फूर्ति झार्छन् भनेर सुनाएकोमा फूलमाया बादीले कुवामा कसैले नाम लेखेको छैन । यो हजुरहरूले बनाएको कुवा पनि होइन । यो कुवा हजुरको हो भने हाम्रो पनि हो भन्ने प्रतिउत्तरमा फूलमाया बुढाथोकीले माथिको वाक्य भनेको हो । यो प्रसङ्गमा लैङ्गिक विभेद नभएर जातीय विभेद देखिएको छ । यसमा एउटा महिलाले महिलालाई नै पितृसत्तात्मक धारणाले हेर्दा विभेद जन्माएको पाइन्छ ।

## ४.१ भूमिकापरक अध्ययन

समाजमा महिला र पुरुषले गर्ने कार्यहरू जसको क्षेत्रअनुसार फरक - फरक भूमिका निर्वाह गर्दछन् । समाजमा महिला र पुरुष विभिन्न क्षेत्रमा संलग्न रहेको पाइन्छ । यसरी लिङ्गका आधारमा महिला र पुरुषका भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । समाजले लैङ्गिक आधारमा महिला र पुरुषका भूमिका वर्गीकरण गरेको हुन्छ । यस्ता भूमिकामा मूल्यमान्यता, धर्म, परम्परा, सांस्कृतिक आदि कुराका आधारमा निर्धारण हुने गर्दछन् । यो समयको परिवर्तनसँगै परिवर्तन हुन सक्छन् ।

*नथिया* उपन्यासमा भूमिकापरक अध्ययन गर्दा पुरुष र महिलाले गर्ने कार्यका आधारमा विश्लेषण गरिन्छ । प्रस्तुत उपन्यासमा ग्रामीणदेखि सहरिया, शिक्षितदेखि अशिक्षित महिला पुरुष पात्रहरू रहेको पाइन्छ । प्रस्तुत उपन्यासमा धेरैजसो ग्रामीण जनजीवन परिवेशमा नै आधारित रहेको छ । यस उपन्यासमा सामली, कमला, सुजता, चन्द्रिका, सामलीकी फुपू, लछिमा, सुक्मेली, कोकिला, उर्वशी, नयनतारा, मनकली वादी, मालती, सुडेनी, फूलमाया बादी, फूलमाया बुढाथोकी, लछिमाको आमा, सामलीकी सानिमा, चम्पा सुनिता, रामकली, वैजयन्ती, दिवाकरकी छोरी सामली, अप्सरा, कलावती, सुनमाया, रैतवी, रन्जिता, सपना नर्सहरू आदि थुप्रै महिलाहरूको उपस्थिति देखिन्छ । त्यस्तै पुरुष पात्रहरूमा दिवाकर, देव्रेकान्छा, सामलीको भाइ बुधे, जयनेपाल, पुलिस हवल्दार बेखमान राजभण्डारी, रत्नमान राजभण्डारी, लछिमाको बाबु, युक्फुङ सर, मेजर मानबहादुर, रेञ्जर फत्तेमान हमाल, लतमान ज्यापू, मणि पोखरेल, मोहम्मद, रेञ्जरको भान्से, विनय रोका, इन्स्पेक्टर, शेर बहादुर थापा चेतनाथ इन्द्रेणी, गुमानसिंह, डाक्टर, पूजारी पुलिसहरू आदि रहेका छन् । *नथिया* उपन्यासको भूमिकापरक अध्ययन (उत्पादक, पुनरुत्पादक र सामुदायिक भूमिका) का आधारमा व्याख्या विश्लेषण गरिन्छ :

### ४.१.१ उत्पादक भूमिका

यस भूमिकाअन्तर्गत गर्ने कार्यबाट प्रत्यक्ष लाभ हुन्छ। उत्पादक भूमिकाका आधारमा हेर्दा आयआर्जनका लागि गरिने भूमिकाहरू हुन्। यस्तो भूमिका उत्पादन र आयआर्जन तथा आर्थिक पक्षसँग सम्बन्धित रहेको हुन्छ । यस किसिमको भूमिकामा हाम्रो समाजमा परम्परादेखिनै महिलाको तुलनामा पुरुष सहभागिता बढी रहेको देखिन्छ । यस उपन्यास एउटा वादी समुदायमा आधारित उपन्यास हुनाले यसमा पुरुषको भन्दा वादी महिलाहरूको उत्पादक भूमिका बढी देखिन्छ। वादी समुदायका पुरुषहरूले जाल बुन्ने, माछा मार्ने काठ र लालाबटी बनाएर मादल, तबला, सारङ्गी ढोल, डमरु बनाएर बेच्दछन माछा मारेर बेच्दछन् तर यी कार्यहरूबाट कम उत्पादन हुने गर्दछ। यसबाट भन्दा बढी वादी महिलाहरूले यौन धन्दा गरेर कमाउने गर्दछन् । यौन धन्दा गरेर पुरुषहरूले भन्दा बढी आयआर्जन गरेको पाइन्छ । यसरी वादी समुदायका महिलाहरूले यौनव्यापार गरेर उत्पादक भूमिका निर्वाह गरेका छन् तर यो सकारात्मक रूपमा नभई उनीहरूको इच्छा, चाहना, रुचिले भएको होइन। समाजमा हुने परम्परा, कुसंस्कारले गर्दा र वादी महिलाहरूलाई अरू कुनै काम गर्न समाजले नदिने हुँदा बाध्यताबस यौन व्यापारमा लाग्न विवश भएको पाइन्छ। उपन्यासमा महिलाहरूको उत्पादक भूमिका रहेको पाइन्छ तर सकारात्मक रूपमा महिलाहरूको उत्पादक भूमिका रहेको पाइदैन।

प्रस्तुत उपन्यासमा वादी समुदायमा भन्दा बाहिरका पात्रहरूलाई पनि समावेश गरिएको छ । जसमा पुरुषको उत्पादक भूमिकामा दिवाकर त्रिभुवन विश्वविद्यालयका प्रोफेसरका रूपमा रहेका छन्। बेखमान राजभण्डारी दाङ घोराइको ठूलो व्यापारी रहेको छ। मानवहादुर घोराइको मेजर रहेको, फत्तेमान हमाल दाङ्को रेञ्जर रहेको छ । मोहम्मदले घोराइमा नाउ पसल खोलेर कैची चलाएर आयआर्जन गरेको छ भने युक्फुङ सर, इन्स्पेक्टर, पुलिस हवल्दार, रेञ्जरको भान्से, सुडेनी, डाक्टर, नर्सहरूले पनि आ-आफ्नो क्षेत्रअनुसारको कार्य गरी जीवनयापन गरेको देखिन्छ । यस उपन्यासमा लैङ्गिक दृष्टिले हेर्दा महिला र पुरुषको समान सहभागिता पाइँदैन।

### ४.१.२ पुनरुत्पादक भूमिका

यस भूमिकामा पुरुषको भन्दा महिलाको सहभागिता बढी देखिन्छ । पुनरुत्पादन भूमिकाअन्तर्गत बच्चा जन्माउने, गर्भधारण गर्ने, स्तनपान गराउने जस्ता कुराहरू पर्दछन् भने अनुत्पादक भूमिकाअन्तर्गत खाना बनाउने, बालबच्चाको स्याहार सुसार गर्ने, सरसफाइ गर्ने, परिवारका सदस्यहरूको हेरविचार गर्ने, साथै दैनिक रूपमा गरिने सबै कार्यहरू पर्दछन् । प्रस्तुत *नथिया* उपन्यासमा पनि यस्तो कार्यमा महिलाहरूको केही सहभागिता रहेको पाइन्छ । चन्द्रिकाको विवाह लगत्तै छोरी जन्मेकी छ । उसलाई काखमा फुलेको आफ्नो खुशीको स्याहार गर्दैमा फुर्सद थिएन ।

"भर्खरै जन्मिएको बच्चा र आमालाई उत्तर प्रसूति वार्डमा लगेपछि फस्ट स्टेज रूपमा भर्खरै कसले के पायो ? कति ग्रामको बच्चा पायो भनेर हल्लीखल्ली हुन्थ्यो ।

हल्लीखल्लीका अनेक स्वरूपहरू हुन्थे ।

तात्तातो एउटा हल्ला सुखको हल्ला थियो ।

ल, उन्पचास वर्षीया आमाले तीन केजीको बच्चा पाइन् ।" (पृ. १६५)

"लगातार तीनवटी छोरी जन्मेपछि भर्खरै एउटी आमाले अर्की छोरी पाइछिन्" (पृ.१६६) ।

"आधा घन्टा जति रुखलाई च्याप्प समातेर बल लगाउँदै कनेपछि सामलीले बच्चा जन्माई ।

आश्चर्य !

आश्चर्य होइन, यहा आश्चर्य !

मरेको होइन, उसले ज्यूँदै बच्चा जन्माई !

च्याँच्या रुँदै बच्चा जन्मियो" (पृ. १६९) ।

"बच्चा जन्मदा साथ कति छिटो रसाइरहेको थियो उसको छाती, दुध गान्निए जस्तो कस्तो कस्तो गह्रुँगो भइरहेको थियो । आमाको सहायताले पहिलो पटक बच्चालाई दूध पनि चुसाई । दूध चुस्न पाएपछि रोइरहेको बच्चा पनि चुप लाग्यो । आमा हुनुको सुख सृष्टिको सबैभन्दा सुन्दर सुख रहेछ, बच्चाको अनुहार हेर्दै सन्तोषको सास फेरी ।" (पृ. १७०)

यसरी पुनरुत्पादक भूमिकाले उत्पादनमा टेवा नपुऱ्याए पनि मानव जीवनमा अपरिहार्य भूमिका निर्वाह गरेको पाइन्छ । माथिको वाक्यहरूबाट पुनरुत्पादक भूमिका प्रकट भएको पाइन्छ ।

### ४.१.३ सामुदायिक भूमिका

सामुदायिक भूमिका उपन्यासमा समुदायमा गरिने कार्यसँग सम्बन्धित छ । यस भूमिकाअन्तर्गत समाजको प्रगति तथा भलाईका लागि समाजमा गरिने विभिन्न सामाजिक कार्यहरू जस्तै समुदायको स्रोत र साधनको संरक्षण र संवर्द्धन गर्नु, रचनात्मक तथा सांस्कृतिक कार्यमा सहभागी भइ सहयोग गर्नु बाटो पुल निर्माण गर्नु, समाजमा हुने विभिन्न कार्य विवाह, भोज, समारोहमा उपस्थिति हुनु आदि पर्दछन् । प्रस्तुत उपन्यासमा लछिमाले पुलिस हवल्दार र आफ्नो प्रेमको बारेमा सुनाउँदा लछिमाले धन्दा घरपरिवार छोडेर पुलिस हवल्दारसँग विहे गर्ने कुरा सुनाउँदा साथी चम्पाले लछिमा सामु यस्तो कुरा व्यक्त गर्छे : “एउटी वदिनीलाई प्रेमको नाटक गर्न सुहाउँदो छ, तर प्रेम गर्न सुहाउँदो नइ । जुन दिनबाट वदिनीले प्रेम गर्न सुरु गर्दिछे, त्यही दिनबाट ऊ सकिदिछे” (पृ.२४) । वादी बस्तीमा पुरुषहरूले वादी महिलालाई अनेक इच्छा आकांक्षा देखाएर प्रेम र विहेको नाटकमा पहिले फसाउने र पछि गएर स्वार्थ पुरा भएपछि धोका दिनेमात्र भेटिन्थ्यो । अहिलेसम्म कसैले पनि राम्रो घरजम भएर बसेको पाइँदैन्थ्यो । जुन दिन वदिनीको प्रेममा पर्दछन् । त्यो दिनदेखि धोका पाउने गरेको पाइने हुँदा चम्पाको यो भनाइले लछिमा लगायत वादी समुदायका सबै महिलाहरूलाई समाजमा सतर्क रहन आत्मवल बढाउन, हतपत कसैलाई विश्वास नगर्न प्ररेणा मिलेको छ ।

प्रस्तुत उपन्यासमा दिवाकर समाजशास्त्र अन्तर्गत नै ‘वादी जातिको सांस्कृतिक अध्ययन’ विषयमा पीएच.डी गर्दै थियो । त्यसैले रिसर्चका लागि वादी बस्तीमा आएको थियो ।

“आफ्नो थेसिसका लागि लामालामा कुराहरू गर्दथ्यो उसले, अनेक अनेक प्रश्नहरू सोध्थ्यो, सामलीलाई, सामली ती सबै प्रश्नहरूको निसङ्कोच जवाफ दिन्थी, जवाफ उसले आफूले मात्र दिइन, बस्तीका अन्य थुप्रै मान्छेहरूसँग पनि भेटाइदिन्थी” (पृ. २३९) । यसरी सामलीले दिवाकरलाई रिसर्चको लागि निसङ्कोच आफू लगायत वादी बस्तीका अन्य मान्छेहरूसँग भेटाएर सहयोग पुऱ्याएको पाइन्छ । “एउटा सामाजिक संस्थाको रहोवरमा

काठमाडौँको नामी होस्टेलमा राखेर पढाइरहेरी थिई” (पृ. २०५) । सामलीले आफूले हिडेको बाटोमा छोरी हिड्न नपरोस् भन्ने चाहेर आफ्नो छोरीलाई सामाजिक संस्थाको रहोवरमा काठमाडौँको नामी होस्टेलमा राखेर पढारहेकी थिई । पढेर छोरी ठूलो मान्छे बनोस् भन्ने चाहन्थी । यसबाट छोरीलाई पनि पढाउनुपर्छ, ठूलो मान्छे बनाउनुपर्छ, समाजमा सङ्घर्ष गर्न प्रेरणा मिलेको छ । नर्सहरू र सुडेनीले पनि सुत्केरी भएका महिलाहरूलाई तथा सुत्केरीको उपचारमा सहयोग गरी सामुदायिक भूमिका निर्वाह गरेका छन् । उपन्यासमा सामुदायिक कार्यमा पुरुषभन्दा महिला पात्र सक्रिय रहेकाले लैङ्गिक समानता नरहेको पाइन्छ ।

## ४.२ लैङ्गिक हिंसा

कुनै पनि पुरुषबाट महिलामाथि वा कुनै महिलाबाट पुरुषमाथि गरिने विभिन्न दुर्व्यवहारहरूलाई नै लैङ्गिक हिंसा भनिन्छ । पितृसत्तात्मक समाजका कारणले विश्वमा अधिकांश समाजमा पुरुषले महिलामाथि अनेकौँ दुर्व्यवहारहरू गरिरहेकाले लैङ्गिक हिंसा भनेको महिला हिंसाको पर्याय बनेको देखिन्छ (खनाल, २०७५ : २९) । समग्रमा आफ्नो इच्छा पूरा गर्नको लागि महिलाले पुरुषमाथि र पुरुषले महिलामाथि गर्ने दुर्व्यवहार नै लैङ्गिक हिंसा हो । पुरुष वा पितृसत्तात्मक सोच भएका व्यक्तिले महिलामाथि गर्ने नराम्रो व्यवहार तथा महिला वा मातृसत्तात्मक सोच भएका व्यक्तिले पुरुषमाथि गर्ने नराम्रो व्यवहार र पृथक् लिङ्गी  यौनिकता भएका व्यक्तिहरूले समलिङ्गी यौनिकता भएका व्यक्तिहरूमाथि गर्ने नराम्रो व्यवहारलाई समेत लैङ्गिक हिंसाको दायरामा राख्नुपर्ने हुन्छ । यस *नथिया* उपन्यासमा प्रशस्त लैङ्गिक हिंसा रहेको देखिन्छ ।

“मुलाई न छो, छुँदै नछो ! विवशताको चित्कारसँगै कराई सामली । उसको चित्कार सुन्ने धैर्य बेखमानले कति पनि देखाएन” (पृ ४७) । यहाँ बेखमानले आखिर तिम्रो नथिया उतार्न मेरो भाग्यमै लेखिएर आएको रहेछ भन्दै सामलीलाई झम्टिएर जवरजस्ती गर्न लागेको अवस्थामा सामलीले वेखमानलाई यो वाक्य भनेकी हो । यसरी एउटा पुरुषले नारीमाथि जवरजस्ती यौन दुर्व्यवहार गरेको देखिन्छ ।

जब बेखमानले फेरी समात्यो सामलीलाई, उसले फुत्कने हरसम्भव प्रयास गरी । सुरुमा हातले हात समाउने प्रयास गर्‍यो, सेकेन्डभरमै हात झट्कारेर फालिदिई अर्कोपटक पाखुरामा समात्यो, कसेर । यसपटक दाँतले टोकेर ती बर्बर हातहरूबाट उम्काई आफूलाई । आफ्नो पटक पटकको प्रयासमा सामलीले गरेको प्रतिकारमा झनक्क झन्क्यो बेखमान अनि

बढी नै बल लगाएर पछाऱ्यो भुइँमा । यसै त नशाले लट्ठिएको ज्यान, झन त्यहाँ माथि बेखामानले बलपूर्वक नै अठ्यायपछि समालीको बलको केही लागेन ।

नशाले लट्ठ सामलीले त्यो भुसतिघ्रे शरीर र शरीरको भोको आगोलाई प्रतिकार गर्न सक्ने अवस्था नै थिएन । सिवाय रुनु र चिच्याउनु, निरीहताको पनि अन्तिम तहमा फ्याँकिएकी थिई ऊ" (पृ. ४७) ।

"उसको चित्कार रोक्न बेखमानले मुखमा कपडाको बुजो हालिदियो !" (पृ. ४८) ।

"लाखेनाच हेर्न गएकी उ, एउटा राक्षसले आफ्नै शरीरमाथि डरलाग्दो लाखेनाच नाचेको दृश्यको साक्षी बनेर फर्की" (पृ. ५०) ।

"मेजर भानुका निम्ति तयार नभया आज उसले मेरो घाटी रेछ्दो छ भन्याको छ" (पृ. ६४) । मेजर मानवहादुरले सामलीको परिवारलाई धम्की दिएको छ सामली मेरो लागि तयार बनाएनौ भने तिमीहरूको नामोनिशाना मेटाइदिन्छु सामलीको घाँटी रेट्छु भनेर घम्की दिएको डरले सामलीलाई बाबुआमाले भगाएर राजापुर नयनतारा भएको ठाउँमा लैजाने निर्णय गरेका बेलामा सामलीले जय नेपालसँग कुरा गरेको प्रसङ्गमा यो वाक्य आएको हो । यसरी एउटा बलियो ओहदामा रहेको पुरुषले समाजमा महिलालाई सुरक्षा दिने क्रममा उल्टो महिलामाथि नै हिंसा अन्याय गरेको देखिन्छ ।

"आवाज त आयो तर सामलीको अनुमान विपरीतको आवाज आयो । आफ्नै गालामाथि परेको चड्कनको आवाज सुनेर पहिले र तर्सी ऊ । त्यसपछि बल्ल चड्कनको दुखाइले रनन्न भई" (पृ. १२७) ।

"प्रत्येक बिहान निद्रा विथोलीकन नगरम् पो भन्याकी त । एउटी वेश्या त आफ्नो इच्छा नहुँदा ग्राहकलाई नाई भन्दिछे । मु त हजुरकी स्वास्नी पो त । त्यतिभन्दा गालामा चड्कन हान्नु पर्दो छ ?" रिसले कड्की सामली पनि ।

सोचेकी थिइ, कुनै जवाफ आउने छ । अर्को गालामा फेरि अर्को चड्कन आयो । चड्कनसँगै गाली पनि । "बदिनीलाई लोग्नको माया नपचेको । वेश्या बनेर ग्राहकलाई खुशी राख्न जन्मेकाहरू, स्वास्नी बनेर आफ्नो लोग्नेलाई खुशी किन राख्दा हुन ?" (पृ. १२८) ।

"भन पक्रैयामा कुन नाठोलाई भेट्न गएकी थिइस् ? कुन नाठोसँग सुतेर आइस् ? रक्सीले लरबराएको स्वरमा यही प्रश्न दर्जनौपटक दोहोराइरह्यो, रेञ्जरले । यही प्रश्न

दोहोयाउँदै लात हानिरह्यो । लातमाथि अर्को लात, लातमाथि फेरी अर्को लात । मर्द हुँ भन्ने भावमा कुट्दासम्म कुट्यो । भाले हुँ भन्ने भावमा थिच्नुसम्म थिच्यो" (पृ. १३५) । यसरी रेञ्जरले एउटा महिलामाथि संकोच, अन्धविश्वास र पितृसत्तात्मक सोच राख्दै हिंसा गरेको पाइन्छ ।

"अर्काकी कन्यालाई पैसाले किनेर मन्दिरमा चढाउने चलन चल्न थाल्यो । यसले गर्दा कन्याहरू देवताका निम्ति मन्दिरमा ज्यूँदै छोड्ने पाठी जस्ता बन्न थाले । मन्दिरमा पवित्र वातावरण रहेन । नारीको चरित्र हत्या हुन थाल्यो । अन्ततः स्वर्गमा चढ्न लगाइएको सिँढी नरकमा भाषिन थाल्यो" (पृ. २५१) । यसरी कन्यालाई मन्दिरमा चढाउने परम्पराले ती कन्याहरूमाथि पुरुषबाट हिंसा जन्य व्यवहार भएको पाइन्छ । समाजको धार्मिक अन्धविश्वास र कुसंस्कारको कारणले गर्दा कन्याहरू घरपरिवारदेखि टाढा रहँदा विभिन्न प्रकारबाट हिंसाको सिकार हुन पुगेका छन् । घरपरिवार समाजदेखि टाढा हुँदा असुरक्षित भएको र पुरुषहरूबाट यौन हिंसा भएको पाइन्छ ।

## ४.३ लैङ्गिक विभेद

कुनै पनि लिङ्ग पुरुष होस् वा महिला पृथक् लिङ्गी होस् वा समलिङ्गी जो सुकैलाई पनि उपलब्ध सम्पूर्ण स्रोत साधनमा समान किसिमको अवसर हुन नसक्ने स्थितिलाई लैङ्गिक विभेद भनिन्छ । पुरुष र महिलामध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नु लैङ्गिक विभेद हो (खनाल, २०७५ : २८) । कुनै पनि समाजमा महिला र पुरुष बिचमा फरक-फरक व्यवहारहरूको इङ्गित गर्नु नै लैङ्गिक विभेद हो ।

"केटा मान्छे भएर जन्मनु, जन्मँदै आमाको काखबाट दुध कम, अपमान ज्यादा खान जन्मनु जो हुन्थ्यो (पृ १८) । वादी बस्तीमा छोरा जन्मदा निराशा हुने, दुःख मान्ने, छोरालाई माया नगर्ने, हेला गर्ने, राम्रो हेरविचार स्याहारसुसार नगर्ने, छोरी जन्मँदा चाहिँ खुसी हुने, रमाउने, गर्व महशुस गर्ने, छोरीलाई माया गर्ने, राम्रो-राम्रो कपडा लगाइदिने, मिठो-मिठो खान दिने, छोरीको राम्रो स्याहारसुसार गर्ने गरेको पाइन्छ, तर छोरीलाई पनि माया गर्नुपर्छ, छोरी पनि वंश हो भनेर सकारात्मक हिसाबले होइन् छोरी मान्छे पछिको आम्दानीको स्रोत हो । यौन व्यापारमा लागेर पैसा कमाउँछ भनेर छोरीलाई खुशीको मुहान ठान्ने र विशेष माया दिएर हुर्काउने गरेको पाइन्छ । "ए, छोरो, पो जन्म्यो !" सुडेनीले निधार खुम्याँदै सुनाइनु" (पृ. १७) । सामली जन्मेको दुई वर्षपछि चन्द्रिकाले छोराको जन्म दिएकी छ । यहाँ

सामली जन्मदा जस्तो खुशीको रनक देखिएको छैन परिवार समाज सबै सुनसान देखिन्छ । उपन्यासमा यसरी वादी समुदायभित्र छोरा र छोरीमाथि गरिने विभेद देखिएको छ । "वदीनीले जुन माटोमा टेक्दी छे जुन माटो छुँदी छे त्यो माटोमा केही फल्दोनइ भन्ने सुन्याकी नइँ तुइले ?" (पृ. ३७) । सामलीले आमासँग म यौन व्यवहार गर्न चाहन्न मेहनत गरेर खेतमा काम गरेर पैसा कमाएर दिन्छु भन्ने प्रसङ्गमा यो वाक्य आएको हो । यसरी वादी महिलालाई खेत बारीमा काम गरी खानलाई पनि बञ्चित गरेर विभेद गरेको पाइन्छ । वादी महिलाहरूलाई अर्काको घरमा भात पकाएर, भाँडा माझेरै खाउ भने पनि कसैल काम दिने नगरेको पाइन्छ ।

"सामली, मन पराउँछ्यौ वा पराउँदिनौ मलाई ? उसले सोधेन । सोधेन वा सोध्नै जरुरी सम्झेन ?" (पृ. ९९) । कुनै पनि कुरामा महिला पुरुष दुवैको सहमति हुनु आवश्यक हुन्छ तर यहाँ रेञ्जरले सामलीको मनमा के छ, सामलीले आफूलाई मन पराउछे पराउदैन भनेर उसको मनको कुरा बुझ्नै चाहेको देखिदैन । पुरुषले चाहेपछि जे कुरा पनि हुन्छ, महिलाको सहमति चाहिँदैन भन्ने कुरा यो वाक्यबाट प्रष्ट हुन्छ । महिला पनि एउटा मान्छे हो उसले पनि आफ्नो कुरा व्यक्त गर्न पाउनुपर्छ महिला र पुरुषबिच समान व्यवहार हुनुपर्छ । "हजुर नै मेरो पतिपरमेश्वर !" को मुद्रामा खुट्टामा ढोगी सामलीले" (पृ. ११६) । नजिकैको रामन्दिरमा लगेर रेञ्जरले सामलीलाई सिन्दुर र पोते पहिराइदियो र सामलीले रेञ्जरलाई हजुर नै पति परमेश्वर भनेर खुट्टा ढोगेकी छ । हिन्दू धर्मअनुसार महिलाले वा श्रीमतीले श्रीमान्लाई परमेश्वर मान्ने पुजा गर्ने गरेको पाइन्छ, तर श्रीमानले भने श्रीमतीलाई कुनै आदर, सम्मान गरेको पाइदैन । परम्परादेखि नै पुरुषले महिलालाई हेप्ने, अधिनमा राख्ने, आफ्नो इच्छाअनुसार चलाउने गरेको पाइन्छ । यस्ता धार्मिक परम्पराले गर्दा पुरुष सधै उपल्लो दर्जामा हुने र महिला सधै हेपिने, पछाडि पर्ने र महिलामाथि विभेद हुने गरेको पाइन्छ । यस्तो परम्पराले गर्दा महिलाहरू घरबाट बाहिर निस्किन नसकेको घरपरिवार भित्रको संसारमै जिन्दगी हालेको पाइन्छ ।

"भान्से दाइसँग कुरा नगर्नु भन्ने आदेश दिएको थियो रेञ्जरले । रेञ्जरको सामुत कहिले बोलिन भान्से दाइसँग" (पृ. १२१) । रेञ्जरले सामलीलाई भान्से दाइसँग बोल्न पनि प्रतिबन्ध लगाइएको कुरा माथिको वाक्यबाट प्रष्ट हुन्छ । यहाँ रेञ्जरले यतिसम्म पुरुषसत्व हावी गरेको छकी आफ्नो श्रीमतीलाई पर पुरुषसँग बोल्न पनि बन्द गरिएको छ । महिला भएर परपुरुषसँग बोल्नु हुँदैन, अरूसँग बोल्दैमा बिग्रिहाल्छ । बोलेको राम्रो होइन भन्ने

भावले नबोल्न आदेश दिएको पाइन्छ । पुरुष जोसँग बोल्दा पनि हुने, श्रीमती घरमा हुँदाहुँदै दोस्रो बिहे गर्दा पनि केही नबिग्रने, महिला चाहि बोल्नै नहुने जस्ता कुरा उपन्यासमा देखाइएको छ । यसबाट महिलाहरूलाई हाम्रो समाजले वा पितृसत्तात्मक मानसिकताले कतिसम्म विभेद गर्दो रहेछ भन्ने कुरा बुझ्न सकिन्छ । “यताउता कसैसित छुट्टै बोल्ने वा केही गर्ने समय नै दिन्थेन रेन्जर महँगामहँगा लुगा र गहनाहरूमा सजिएर रेन्जरको बाइकमा बसेर गयो माइती । भट्ट त्यही बाइमा फर्कियो” (पृ. १२६) ।

“फेरि पनि छोरी जन्मिई’ भन्दै सँगै आएका सासु र लोग्नेले अस्पतालमै अलपत्र छोडेर गएछन् । फेरि पनि छोरी जन्मी । अब मलाई मेरी सासु र बुढाले घर बस्न दिदैनन्” ( पृ. १६६) । सामली भर्ना भएको अस्पतालमा एउटी महिलाको लगातार तीनवटी छोरी जन्मेपछि ती महिलाले अर्को छोरी जन्माएकी छिन् । छोरी जन्मनासाथ ती महिलाको रुवाबासी सुरु भएको अवस्थामा यो प्रसङ्ग आएको हो । महिलालाई बच्चा पाउँदाको शारीरिक पीडा त आफ्नो ठाउँमा छ, महिला र बच्चा दुवैलाई हेरविचार गर्ने क्रममा सँगै आएका सासु र लोग्नेले अस्पतालमै अलपत्र पारेर छोडेर जाँदाको मानसिक पीडाले महिला मुर्च्छा परेकी छिन् । यसरी एउटा श्रीमान्ले आफ्नो श्रीमती र भर्खर जन्मेकी छोरीलाई अलपत्र पारेर हिडेकाले उपन्यासमा छोरा र छोरीप्रतिको यति ठूलो विभेद देख्न सकिन्छ । छोरी जन्मनुमा महिलाको मात्र हात हुँदैन तर पनि हाम्रो समाजका मान्छेले महिलालाई नै दोषी देखाउने गर्दछ । यसबाट हाम्रो समाज कहाँसम्म अनादर छ भन्ने कुरा बुझ्न सकिन्छ ।

“एकपटक थानामा पुलिसहरूले ग्राहकहरूलाई समात्न खोज्दा जब सिभिल ड्रेसमा आफ्नै डी.आई.जीलाई ग्राहकको रूपमा भेटे त्यसपछि तिनले कहिल्यै ग्राहकहरूतर्फ आँखा लगाउने धृष्टता गरेनन् । महिना, दुई महिनाको बिचमा तिनले वादी बस्तीमा मच्चाउने आतङ्क अघोषित रूपमा स्वास्नीमान्छेका लागि मात्र मच्चाउने आतङ्क हुन्थ्यो । वदिनीहरूका लागि मात्र मच्चाउने आतङ्क हुन्थ्यो ।

“खेद्न पनि पुलिसले कहिल्यै कुनै ग्राहकलाई खेद्थेन जहिल्यै वदिनीहरूलाई मात्र खेद्थ्यो । समात्न पनि कहिल्यै कुनै ग्राहकलाई समात्थेन, जहिले वदिनीहरूलाई मात्र समात्थ्यो” (पृ. २०२) । यस वाक्यबाट महिला र पुरुषबिचको विभेद उपन्यासमा रहेको देखिन्छ ।

## ४.४ पितृसत्ता

पितृसत्ताको अर्थ पिताको राज भन्ने हुन्छ । पिताको अर्थ बाबु र बाबुको स्थान पुरुष अर्थात् पुरुषको सत्ता नै पितृसत्ता हो । पितृसत्ताको इतिहास समाजको विकासक्रम सँगसँगै जोडिएर अघि बढेको छ । समाजको प्रौढ तथा परिपक्व पुरुषले युवा पुरुष, सबै महिला तथा बालबालिकाहरू माथि शक्ति र स्वामित्व कायम गरी शासन सञ्चलान गर्ने परम्परागत मान्यता नै पितृसत्ता हो (अर्याल, २०६८ : २९) । पितृसत्ता महिलामाथि दमन, शोषण र विभेद गर्ने एक सत्ता हो ।

“नाकको *नथिया* त समय आयपछि खोल्नै पर्दो छ । बस कसले खोल्दो छ भन्ने मात्र कुरा हो” (पृ. ३७) । यहाँ सामलीले आमासँग म नाकको नथिया खोल्न चाहन्न नाकको नथिया मलाई सारै मनपर्छ । मलाई उतार्नु छैन । नाकको नथिया सधैं लगाउने हु है, भन्ने प्रसङ्गमा यो वाक्य आएको हो । वादी जातिमा नाकको नथिया उतार्नु भनेको पूर्ण रूपमा यौन धन्दामा लाग्नु वा यौनधन्दा खुल्ला गरेको भन्ने बुझिन्छ । “कमाइ गर्न्या उमेर पुग्याकी छोरीले कमाइ गर्दिन भनीकन हुदोछ ?” (पृ.३७) । यहाँ सामलीको आमाले यौनधन्दा सुरु गर्नुपर्छ । कमाइ गर्ने उमेर पुगेको छोरीले कमाइ गरदिन भन्न हुँदैन, भनेर जवरजस्ती छोरीले नचाहँदा नचाहँदै यौनधन्दा गर्न बाध्य बनाएको देखिन्छ । सामलीले नाचेर, गाएर पैसा कमाएर दिन्छु भन्दा पनि आमाले बदिनीका हातखुट्टा यौन धन्दा गर्नका लागि बनेका हुन हाम्रो कुलको कामै यही हो । कुलामा कसैले नगरेको काम गर्नु हुँदैन भनेर सम्झाएको पाइन्छ ।

“उता मणि बाहुन गाउँमा बहिष्कृत हुँदै जान थाल्यो, एउटी बदिनीलाई प्रेम गरेको अभियोगमा अन्ततः आफ्नो कुलदेखि घरगाउँ सबै छोडेर मणि आजकल वादी गाउँमै बस्छ ( पृ. १०३) । एउटा कटर पुरोहितको छोरा वदिनीसँग प्रेम गरेको अभियोगमा आफ्नो गाउँबाट बहिष्कृत भएर, कुल, घरगाउ छाडेर वादी बस्तीमा बसेको छ । उपन्यासमा यसरी एउटा पुरुषले वदिनीलाई प्रेम गऱ्यो भनेर समाजले मणि बाहुनलाई समाज र आफ्नो कुलदेखि नै हटाएको पाइन्छ । यसबाट नै पितृसत्तात्मक मानसिकता प्रष्ट देख्न सकिन्छ । “यतिका दिनपछि घर फर्केको मान्छे, घर फर्केको होइन रहेछ । उही शङ्का, अविश्वास । कालोपना घर फर्केको रहेछ । उही दादागिरी, मालिकगिरी र शासक घर फर्केको रहेछ” (पृ. १५०) रेञ्जर अफिसको कामले बाहिर गएको थियो र एकमहिना पछि सामलीकहाँ आएको छ समय

परिवर्तन भएको छ, तर रेन्जरको सामलीमाथि गर्ने व्यवहार भने परिवर्तन भएको छैन । यस प्रसङ्गमा माथिको वाक्य आएको हो, पुरुष हुँ भन्ने घमण्डमा श्रीमतीलाई अधीनमा राख्नुपर्छ, भन्ने सोच व्यवहारमा कुनै परिवर्तन छैन । एक महिनापछि आउँदा पनि शङ्का, अविश्वास, कालोपन, शासक, दादागिरी चाहि जहाँको त्यही देखिन्छ । यसरी एउटा पुरुषले पितृसत्तात्मक सोचले महिलालाई दादागिरी, मालिकगिरी व्यवहार गरेको पाइन्छ ।

# अध्याय पाँच

# उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना

लैङ्गिकताका आधारमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार एवम् परम्परित मान्यताबाट निर्माण गरिएका लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण अवस्थाको खोजी गर्नु नै लैङ्गिक चेतना हो (खनाल, २०७५ : १) । लैङ्गिक तथा यौनिक भिन्नता भएकै कारणबाट शिक्षा, स्वास्थ्य, राजनीति, संस्कृति, धर्म, अर्थ, यौन, कानुन, परिवार, समाज आदि क्षेत्रमा पुरुषले नारीमाथि वा नारीले पुरुषमाथि गर्ने विभेदको अन्त्य गर्नुपर्ने विचार नै लैङ्गिक चेतना हो ।

## ५.१ लैङ्गिक समानता

"मेरो निम्ति पूर्ण लोग्ने र छोरीका निम्ति आदर्श बाबा बन्न तिमी कहाँ कतै चुकेनौ । सधैँ हाम्रो खुशीका लागि हाँसि रह्यौ" (पृ. ६) । उपन्यासमा प्रोफेसर दिवाकर थापा महिला र पुरुषमा हाम्रो समाजमा समानता हुनुपर्छ । महिलालाई पनि सम्मान गर्नुपर्छ भन्ने अवस्थाको रूपमा माथिको वाक्यमा उल्लेख गरिएको छ । दिवाकरको जीवनमा जे जस्ता घटना घटेपनि उसले आफ्नो श्रीमती र छोरीलाई कहिले भेदभाव गरेको छैन । आफ्नो श्रीमतीमाथि कहिले असामान्य व्यवहार देखाएको छैन । श्रीमतीको निम्ति पूर्ण लोग्ने र एउटा आर्दश पिताका रूपमा आफूलाई प्रस्तुत गर्न सफल भएको छ । यसै क्रममा दिवाकरकी श्रीमती कमलाले दिवाकरसँगै प्रकट गरेको वाक्य हो । यो वाक्यबाट श्रीमतीलाई श्रीमान्ले दिनुपर्ने सम्मान, हक, अधिकार, दिएको उनीहरूको खुशी मानै आफू रमाएको हाँसेको कुरा प्रकट भएको छ ।

"मेरो पेटमा रेन्जरको बच्चा छ र यसलाई हजुरले आफ्नो बच्चा सम्झिनुपर्‍दो छ ।"

अब तपाईंको पेटको बच्चा मेरो बच्चा भयो सम्झिलिनुस्, त्यो बच्चा मेरो आफ्नै बच्चा हो" (पृ. १५८) । रेन्जर फत्तेहमालले गरेको व्यवहार, दिएको, पीडा, हिंसा सहन नसकेर आफ्नो जीवनका हरेक प्रणसँग जुधेर, सामलीले हरेक विवशतामा ठोकिएर पेटमा हुर्किरहेको बच्चाको लागि भए पनि जिउनुपर्ने परिस्थितिले कुनै बाटो नपाएर कैँची चलाएर जीविकोपार्जन गर्ने मोहम्मदको जीवनमा हाम फाल्न बाध्य भएको अवस्था, मोहम्मदलाई आफूसँग बिहे गर्ने प्रस्ताव र आफूसँगै आफ्नो पेटमा हुर्किरहेको रेन्जरको बच्चा पनि स्वीकार्नुपर्छ भनेर भनेकी छ । यसमा एउटा लाटोलाटो देखिने मोहम्मद पनि संस्कारको

सवालमा भने पक्का देखिएको छ । सामलीको प्रस्तावलाई उसले सम्मानका साथ स्वीकारेको पाइन्छ । यहाँ मोहम्मदले महानताका साथै समानता, सुसंस्कार देखाएको छ । हाम्रो समाजमा पुरुषले दोस्रो बिहे गर्दा पनि केही नहुने महिलाले गर्दा चाहिँ लाञ्छना लगाइने गरेको पाइन्छ, यहाँ त्यसको ठिक विपरित देखिएको छ । मोहम्मदले नहिचकिचाई सहजै सामलीलाई स्वीकारेको पाइन्छ ।

"दुई जीउकी छौ भन्दै लुगासमेत धुन दिन्थेन र आफैँ लुगा धुन तम्सन्थ्यो । आफ्नो मात्र धोए तहो सामलीको लुगा पनि ऊ आफै धुन खोज्थ्यो । धोइदिन्थ्यो पनि । आमाको ज्यान कमजोर भयो भने बच्चा पनि कमजोर जन्मन्छ भन्थ्यो । र कहिले के, कहिले के फलफूल किनेर ल्याउँदै सामलीलाई खुवाउँथ्यो" (पृ. १३) । प्रस्तुत वाक्यमा महिलालाई गर्ने व्यवहारमा समानताका साथ सद्भाव प्रकट भएको पाइन्छ ।

"एक्लाएक्लै एक्लोपन भोग्नुभन्दा सँगै बसेर जीवन काट्नु तपाईहरू भनेर दुवैतिरका छोरा छोरीहरूले भनिदिएपछि त झन् पिरतीको बाटो यसै खुलेको महसुस भएछ दुवैलाई । हजुरबा हजुर आमाले एक-अर्काका साथी भेटे भनेर दुवैतिरका नातिनातिना पनि खुशी भएछन्" (पृ. १६६) । यहाँ ४८ वर्षीया वृद्धा र ४७ वर्षीय वृद्ध एक्लै जीवन बिताइरहेका अवस्थामा यिनीहरू दुई बिच गहिरो माया बसेको देखिन्छ । र दुवैतिर छोराछोरीले सम्मान र सद्भावका साथ सगै बसेर जीवन काट्नु भनेर सकारात्मक भाव प्रकट गरेको पाइन्छ ।

## ५.२ वैचारिक परिवर्तन

वैचारिक परिवर्तन भन्दा वित्तिकै विचारमा परिवर्तन आउनु भन्ने बुझिन्छ । लैङ्गिक दृष्टिकोणबाट हेर्दा लैङ्गिकताका आधारमा समाजमा गरिने विभेदकारी र अन्यायपूर्ण व्यवहार तथा लैङ्गिक भूमिकाहरूमा समानता तथा असमानताको खोजी गर्नु तथा यी कुराहरूमा चेतना आएर सकारातमक धारणा राख्नु, विचारमा परिवर्तन ल्याउनु नै वैचारिक परिवर्तन हो । प्रस्तुत उपन्यासमा वैचारिक परिवर्तन भएको कुरा निम्न उदाहरणहरूबाट पाउन सकिन्छ ।

"राजापुर छोरीलाई भेट्न गया जसोपन हुँदोछ । र सामलीलाई घुम्न गया जसोपन हुँदो छ । सामलीले पन फरक हावापानीमा अझैँ तङ्ग्रिन्या मौका पाउँदिछे" (पृ. ६३) । बेखमानको गोदामबाट फर्केपछि सामली धेरै समय थला परेको अवस्थामा मेजर मानुले सामली तयार नहुँदा पनि सामलीको परिवारलाई धम्की दिएपछि सामलीका बाबु आमाले

छोरीको अवस्था स्वास्थ्य झन बिग्रन्छ भन्ने चिन्ताले राजापुर नयनतारा भएको ठाउँमा सामलीलाई लिएर जाने निर्णय गरेका छन् । यस वाक्यबाट छोरीको स्वास्थ्य नै ठूलो कुरा हो भन्ने चेतना आएर मेजर मानुको चङ्गोलबाट भगाएर राजापुर लैजाने विचारमा परिवर्तन आएको देखिन्छ ।

"सामली तिम्रो स्वीकृतिबेगर तिमीलाई नङ्ग्याउनु मेरो गल्ती थियो । त्यसको निम्ति जे सजाय तोक्छौ तोक, म सजायको निम्ति तयार छु" (पृ. ८५) । वेखमानले सामलीमाथि जवर जस्ती गरेकोले आफ्नो गल्ती भएको तिम्रो स्वीकृतिबिना यस्तो गर्नु हुँदैनथ्यो भन्दै सजाय भोग्न तयार छु भनेर सामलीसँग गल्ती स्वीकारेको प्रसङ्गमा माथिको वाक्य आएको हो । बेखमानलाई यसरी आफूले गल्ती गरेको महसुस भएको कुराबाट चेतना आएको पाइन्छ । "हुन त म माफीको लायक छैन, फेरी पनि माफी माग्छु । मन ठूलो गरेर छोरीका लागि भए पनि माफी देऊ मलाई । सक्छौ भने तिमी पनि मसँगै हिड" (पृ. १७३) । रेञ्जरले सामलीलाई आमा बन्ने सौभाग्य त दियो, तर श्रीमतीको मन जित्न सकेन चरम पीडा मात्र दियो । अन्त्यमा आफूले गरेको गल्तीलाई महसुस गरेर सामलीमाथि अन्याय, गरे भन्ने चेतना जागेर सामली सामु लाचार भएर माफी मागेको सँगै हिड जाउँ भनेर सँगै लैजान खोजेको अवस्था देखिन्छ । "कम्तिमा छोरीले अलि ठूलै सपना देखोस् भन्ने उसको चाहना थियो । कम्तीमा सपना देख्नका निम्ति योग्य बनाउन चाहन्थ्यी ऊ, आफ्नी छोरीलाई । छोरीलाई बस्तीका अरू छोरीहरूलाई हुर्काएझैँ हुर्काइ रहेकी थिइन" (पृ. २०५) । सामलीले हिडेको बाटो र उसले भोगेको भोगाइबाट धेरै कुरा सिकेकी थिइ । सामलीले बाध्यताबस आफू हिडेको बाटोभन्दा फरक बाटो देखाउन चाहन्थी र छोरीलाई वादी बस्तीको वातावरणबाट टाढै राखेर हुर्काएकी थिई । छोरीलाई शिक्षित बनाउन चाहन्थी शिक्षित बनाएर ठूलो मान्छे बनाउने सपना छोरीबाट पुरा गर्न चाहन्थी यसबाट पनि चेतना प्रस्तुत भएको देख्न सकिन्छ ।

"छोरीलाई खास ढङ्गले स्याहार गरेको, मिठो मिठो खान दिएको, राम्रो राम्रो लगाउन दिएको त मायाले मात्र होइन रहेछ" (पृ. २१४) । सामली र बुधेबिच परिवारले गरेको भेदभाव व्यवहार देख्दा सामलीमाथि डाह गर्ने रिसाउने बुधे वादी समुदायको परम्परा, संस्कृति थाहा पाउँदै गएपछि र आफ्नो दिदी सामलीको जीवन देखेर छोरीलाई खास ढङ्गले स्याहार, माया गरेको त कमाउने भाँडोलाई टल्काएझै बच्चैदेखि टल्काएको रहेछ भन्ने बुझेपछि उसले सामलीप्रति स्नेहको भाव जगाएको पाइन्छ ।

"कहिलेकाहीँ चेकिङ्मा आउथे पुलिसहरू तर पहिलेजस्तो फिल्मी शैलीमा धावा बोल्दै आउँथेनन् । अनुशासनका साथ आउँथे । अदबका साथ प्रस्तुत हुन्थे । तपाई, तपाई भन्दै आदरका साथै कुरा गर्ने, प्रश्नहरू सोध्थे, सल्लाह सुझावहरू दिन्थे । जाँदाजाँदै 'यस्तो काम गर्न बन्द गरेर अन्य काम गर्न सुरु गर्नुस् भन्दै सम्झाएर जान्थे" (पृ. २१६) । यस वाक्यबाट वादी महिलाहरूलाई गर्ने व्यवहार हेर्ने दृष्टिकोणमा वैचारिक परिवर्तन आएको पाइन्छ ।

"दिवाकरले प्रेमपूर्वक उपहार दिएको *नथिया* लगाएर ऐना हेरेपछि पहिलोपटक पूर्णताको आभास भयो । उसलाई त्यसै साँझ बुधेलाई भनेर घरमा आएका सबै ग्राहकहरूलाई फर्काइ र घोषणा गरी, "अबदेखि सामलीले कहिल्यै धन्दा गर्दिन्" (पृ. २७१) । पहिलो पटक दिवाकरको प्रेमबाट उसको जीवनको बाटो मोडिएको छ । साथै प्रेमको आभास र आफू पूर्ण रूपमा प्रेममा समाहित भएको आभासले उसको विचारमा परिवर्तन आएको पाइन्छ ।

"अघिल्लोपटक घरमै सुडेनी बोलाएर सुत्केरी गराउन खोज्दा पहिलो श्रीमतीको ज्यान गएकाले पनि बेथा लाग्ना साथ अस्पताल जानुपर्छ, भन्ने मोहम्मदको पहिले देखिकै सल्लाह थियो" (पृ. १६३) । यसरी मोहम्मदको पहिलो श्रीमतीको ज्यान गएकाले सुत्केरी गराउन अस्पताल लैजानुपर्छ, यस्तो अवस्थामा विशेष ध्यान दिनु पर्छ, भन्ने कुरामा चेतना भएको पाइन्छ । महिलाको स्वास्थ्यलाई ध्यान दिइएको कुरा माथिको वाक्यबाट देखिन्छ ।

"हामीले त चुपचाप यही पेशा गरिकन खायौँ अब आउन्या पुस्ताले अलि फरक पेसा गरिकन खाउन भन्या चाही लाग्दो छ" (पृ. २०४) । सामलीले दिवाकरसँग वादी जातिको कुरा गर्ने सन्दर्भमा यो वाक्य आएको हो । सामलीले गरेका यी वाक्यबाट चेतना प्रस्तुत भएको पाइन्छ ।

"कोही नआउने यस्तो डरलाग्दो जङ्गलमा आउन तपाईलाई चाहिँ डर लाग्दैन ?" सोध्यो दिवाकरले ।

"मुलाइ डर ज्यूँदाहरूसँग लाग्दोछ, मरेका हरूसँग लाग्दोनइ ।" (पृ. २६५, २६६)

माथिको वाक्य सामलीले दिवाकरसँग दुखानीको जङ्गलको बारेमा कुरा गर्दा यो प्रसङ्ग आएको हो । दुखानीको जङ्गललाई आत्महत्या गर्ने जङ्गल पनि भन्दछन् । आत्महत्या गर्ने हुनाले दुखानीको जङ्गलमा मान्छेहरू आउन डराउँछन् । मरेका मान्छेहरूको आत्मा भड्किन्छ र भड्किएका आत्माहरूले दिउँसै डराउन दिन्छ, मान्छे लाई तर्साउँदा छन्

भन्ने हल्लाको त्रास दुखानीको जङ्गलमा रहेकोले त्यहाँ कोही पनि जादैनन् । तर सामलीलाई चाही त्यो ठाउँ एकदमै मनपर्छ । फूसर्दको बेला ऊ जहिले दुखानीको जङ्गलमा जाने गर्दछे, समाजमा उसले पाएको पीडा र भोगाईबाट उसले बुझेकी छ । यहाँ मरेको मान्छेको आत्माले होइन, ज्यूँदै मान्छेले तर्साउँछ । मरेका मान्छेहरूसँग होइन जीवित मान्छेसँग डराउनु पर्ने, जोगिनुपर्ने अवस्था छ भन्ने कुराको सामलीलाई चेतना भएको पाइन्छ । त्यसैले साधारण एउटी महिलाले दार्शनिक कुरा गरेको देखिन्छ ।

## ५.३ उपन्यासमा सशक्तीकरण

*नथिया* उपन्यासमा महिलाहरू समाजको अन्याय र अत्याचारबाट पिल्सिएका छन् । उपन्यासकी पात्र लछिमालाई हवल्दार पुलिसले माया प्रेममा फसाएर बिचमै छाडिदिएको छ । मनकली वादी मारवाडीको प्रेममा आफ्नो सबथोक, छाडेर गई तर खुट्टा भाँचिएपछि फर्केर वादी वस्तीमा आउन बाध्य भएकी छ । अस्पतालमा एक जना महिलालाई छोरी जन्माउनुको कारण सँगै अस्पताल लिएर आएका सासु र श्रीमान्ले अस्पतालमै अलपत्र छोडेर गएका छन् । यौन धन्दामा पुलिसले कहिल्यै कुनै ग्राहकलाई खेद्दैनथ्यो जहिले बदिनीहरूलाई मात्र खेद्थ्यो । कुनै ग्राहकहरूलाई समात्ने थिएन । वादी महिलाहरूलाई मात्र समातेर अनेक पीडा दिने गर्थ्यो । यस्ता विभिन्न खालका घटनाहरू देख्दै र आफ्नो जीवनका हरेक प्रणसँग जुध्दै, भोग्दै आएकी उपन्यासकी प्रमुख पात्र सामली हरेक मोडहरूसँग ठोकिए तापनि नआत्ति निरन्तर बग्छे, तात्तातो भुंग्रोमा शरीर झोस्नुको राप र तापलाई सहेर आफ्नो सपनामा निरन्तर बगेकी छ ।

"आफ्नी छोरीले धेरै पढोस्, डिग्री सकोस् र बाध्यतावश आफू हिँडेको बाटोमा कहिल्यै हिँड्न नपरोस् ! यो सपनाको बीउलाई जोगाएर हुर्काउन र रुख बनाउन सामलीले के-के मात्र गरिनन् ? केके मूल्य चुकाइनन् ? दुःखको त्यो कुनचाहिँ सडक होला, जहाँ उनी चुपचाप नाङ्गै पैताला हिँडिनन् ?" (पृ. ११) । बाध्यतावस सामली दुःख र पीडाको बाटो हिँडे तापनि उसले आफ्नो छोरीलाई दुःख कष्ट गरेर भए पनि फरक बाटो हिँडाएकी छे । साहस हिम्मत जुटाएर आफू हारेर पनि आफूभित्रको चाहनालाई छोरी मार्फत जीतेकी छ ।

"मेजेर मानुको जिद्दीसामु छोरीलाई ज्यूँदै बली चढाउने कि नचढाउने ? एउटा नैतिक सङ्कट मडारिरहेको थियो, बाआमाको मनमा पहिलेको ढिपीले धन्न गुमाइसकेकी

छोरीलाई फेरी गुमाउन चाहन्नथे उनीहरू । त्यसैले बढो सहासका साथ निर्णय गरे, बेलुका सात बजे मानबहानुर आउनु, अगाडि नै पक्रैया छाडीकन जान्या" (पृ. ६३) । यसरी सामलीका बाआमाले छोरीलाई गुमाउने डरले साहस, हिम्मत जुटाएर छोरीलाई मेजर मानबहादुरको हातमा सोफ्नु ठिक छैन, भन्ने ठानेर मानबहादुर आउनु अगाीड नै पक्रैया छोडेर केही समयका लागि राजापुर जाने निर्णय गरेको पाइन्छ । "मेरो जीवन नरक बनाउने यो समाज त्यही ठूला ठूलाको समाज त हो नि ! मुलाई हाम्रो जीवनसँग खेल्न्या त्यही समाजसँग बदला लिनुछ अब" (पृ. ११३) । प्रस्तुत वाक्यबाट सशक्तीकरणका लागि आवाज उठाएको पाइन्छ । "दाह्रा किटेर दुखाइ आफैभित्र दवाई, आँखासम्म पोखिन दिदै दिइन । तत्क्षण तत्काल बिजुली चम्केजस्तो केही चम्कियो । उभित्र चट्याङ चट्याङ नै थियो त्यो, तर फरक खालको चट्याङ अचानक आँखामा तप्किएका रहेलपहेल सबै कोमल आँसु पुछि र कठोर बन्दै आफैसँग बाचा गरी, यो मान्छेको सामु अब म कहिल्यै रुदिनँ । यो मान्छेलाई म मेरो आँसु कहिल्यै देखाउँदिनँ" (पृ.१३९) । समाजमा महिलाहरू जतिको कमजोर भएर पुरुष सामु आँसु पीडा देखायो त्यतिनै पुरुषहरूले कमजोरीको फाइदा उठाएको पाइन्छ । रेञ्जरले सामलीलाई पहिलोपटक शारीरिक यातना दिँदा रुने डराउने गरेकोले सामाली पछि गएर साहस जुटाएर र सुख्खा डरलाग्दा आँखाहरू देखाउँदा, पहिलोपटक कुनै स्वास्नीमान्छेका कठोर र सुख्खा आँखाहरू देखेर हड्बडाएको पाइन्छ ।

"कम्तीमा छोरीले अलि ठूलै सपना देखोस् भन्ने उसको चाहना थियो । कम्तीमा सपना देख्नका निम्ति योग्य बनाउन चाहन्थी ऊ, आफ्नी छोरीलाई । छोरीलाई बस्तीका अरू छोरीहरूलाई हुर्काएभैँ हुर्काइरहेकी थिइन" (पृ. २०५) । एउटै वादी समाजमा छोरीलाई जन्माएर पनि वादी समाजका अरू छोरीचेलीभन्दा फरक वातावरणमा छोरीलाई हुर्काउन सामली सफल भएको पाइन्छ । वादी वस्तीका छोरी चेलीलाई सपना देख्नका लागि योग्य बनाउनु एक साहसको कुरा थियो । त्यो साहज, आँट सामलीले पुरा गरेको देखिन्छ ।

"आफ्नै आँखा सामु आफ्नी दिदीको खूल्लम खुल्ला बलात्कार भएको एउटा भाइले कसरी हेरेर बसोस् ? एकपटक होइन, दुई पटक, तीनपटक लगातार छप्कायो टाउको" ( पृ.२१३) । वादी वस्तीमा आफ्नै आँखा अगाडि छोरी चेलीमाथि समाजका ठूला बडा भनौदाले जवरजस्ती गर्ने गर्दथे । आफ्नो इच्छा र चाहनालाई मात्र हेर्दथे महिलाको इच्छा, चाहनाको कुनै अर्थ हुँदैनथ्यो । सामलीलाई पनि इन्सपेक्टरले आमा, भाइको अगाडि जवरजस्ती गर्न लागेका अवस्थामा सहन नसकेर हिम्मत जुटाएर सामलीको भाइ बुधेले इस्पेक्टरको टाउको

मा गहिरो चोट पर्ने गरी छप्काएको छ । "इन्स्पेक्टरको टाउँको फुटाएपछि बुधे एक्कासि हिरो भयो वादी बस्तीको । नायक भयो । उसको बहादुरीपनको बस्तीभरि नै हाइ हाइ भयो । उसको सहास उर्फ दुस्साहसले सबैको मनको सलामी पायो (पृ. २१६) । वादी वस्तीमा कसैले गर्न नसकेको काम बुधेले गऱ्यो । इन्स्पेक्टरको टाउँको फुटाएको घटनापछि उसको सहास र बहादुरीपनको वस्तीभरि नै चर्चा भयो । यस घटनापछि इन्स्पेक्टर, हवल्दार, पुलिस कसैले पनि वादी वस्तीका छोरीचेलीको अनुमतीविना कसैले जवरजस्ती यौन दुर्व्यवहार गर्ने आट गर्न सकेनन् ।

"हावाहुरी त सामलीको मनमा पनि नचलेको होइन तर यसपटक ऊ एकदमै कठोर अवतारमा थिई । पानीमा पानी नै बनेर बग्दा दुई-दुईपटक व्यापक असन्तुष्टिमा गएर टुङ्गिएकी थिई । यसर्थ यसपटक नबग्ने निर्णय गरेर चट्टान बनेर बसेकी थिई" (पृ. २६४) ।

उपन्यासकी मुख्य पात्र सामलीको जीवनमा हरेक उतारचढाव आएको पाइन्छ । दुई-दुईपटक तात्तातो भुग्रोमा शरीर भ्कोस्नुको राप र तापले उसलाई असन्तुष्टि तुल्याएको छ । रेञ्जरसँगको सम्बन्ध र संसर्गबाट अनी मोहम्मदसँग एक्कासी हाम फाल्नुको बाध्यताले सामली पनि पूर्ण सामली भएकी छ । समाजले महिलालाई हेर्ने दृष्टिकोणबाट केही माथि उठ्न सामली सफल भएकी छ । उ भोग्या हुने चिन्तनबाट माथि उठेकी छ । अब जीवनमा जस्तो सुकै हावाहुरी आए पनि नबग्ने भएकी छ । एउटा चट्टान बनेर बस्ने साहस गरेकी छ ।

"मु अझै पनि हजुरलाई नै प्रेम गर्दो छु । त्यो हजुरको प्रेमको उजेलो नै हो, जसले मुलाई सङ्घर्षको जस्तै डरलाग्दो अँधेरोमा पन सधैंभरि बल दिइरह्यो" (पृ. १०) ।

प्रोफेसर दिवाकर थापा एउटा असल र सच्चा, शिक्षित व्यक्तिको रूपमा देखापरेको छ । जसको कारणले सामलीको जीवनले नयाँ मोड लिएको छ । सामली र दिवाकरले गर्ने प्रेम एउटा स्वच्छ र निश्वार्थ छ । जसको प्रेमले गर्दा सामलीमा साहस र सशक्तीकरण देखिएको छ । जुन फुकालिएको नथियालाई पछि सामलीले लगाउँछे र यौनधन्दालाई रोकेकी छ । रेञ्जर र मोहम्मोदबाट पाउन नसकेको खुशीको आनन्द अनुभूति दिवाकरबाट पाएकी छ । उसलाई त्यही अनुभूति, यादहरूले बाँच्ने साहस दिलाएको छ । त्यही सहासले वैकल्पिक पेसाका विषयमा जोड दिएकी छ । स्नातकोत्तर उत्तीर्ण गर्ने पहिलो वादी युवती आफ्नो छोरी सुजता वादीलाई बनाएर आफ्नो नामको इतिहास रचेकी छ । हरेक पीडा, सुस्केरा सङ्घर्षबाट इतिहास रच्न सफल भई वादी समुदायमा सशक्तीकरणको भूमिका बहन गरेकी छ ।

# अध्याय छ

# उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

भाषा एउटा मानवीय वस्तु हो । जुन मानिसको विचार र विनिमयबाट प्रस्फुटन हुने गर्दछ । भाषाद्वारा नै विचारहरू अभिव्यक्त गर्ने क्षमताको विकास हुन्छ । जुन कुरा मानव प्राणीमा मात्र सीमित हुन्छ । भाषिक उपयोगमा कुनै न कुनै माध्यमबाट प्रयोगमा आइरहने लैङ्गिकताको दृष्टिकोणलाई विशेष रूपले हेर्न आवश्यक हुन्छ । समाजमा लैङ्गिक दृष्टिले महिला र पुरुष गरी दुई वर्ग रहने गर्छन् विचार एक आपसमा आदान प्रदान गर्ने क्रममा जुनसुकै भाषामा पनि यी दुवै वर्गले आ-आफ्ना विचारहरू सम्प्रेषण गरिरहेका हुन्छन् । महिला र पुरुषमा भाषा प्राप्ति, आर्जन र प्रयोग गराईको दृष्टिकोण फरक देखिन्छ । प्रस्तुत *नथिया* उपन्यासमा पनि महिला र पुरुषले प्रयोग गर्ने भाषा फरक देखिन्छ । *नथिया* उपन्यासमा रहेका पात्रहरूले प्रयोग गर्ने भाषालाई विभेदमूलक भाषा, हिंसाजन्य भाषा र सन्तुलित भाषामा विभाजन गरी निम्नानुसार अध्ययन गरिएको छ :

## ६.१ विभेदमूलक भाषा

“कहाँ छोरी जन्मँदाको त्यो रौनक, कहाँ छोरा जन्मँदाको यो सन्नाटा !

बुधबार जन्मेकाले बुधे नाम राखिदिई छोराको ।

विशेष माया पाएर हुर्कंदै गई सामली । बुधे रहलपहल बचेखुचेको मायामा हुर्क्यो । घरमा पाकेको मीठो खाना पहिले सामलीले पाउँथी, त्यसपछि मात्र बुधेले । बजारमा जाँदा राम्रो र आफ्नो बुताले भ्याएसम्म महँगो लुगा, सामलीलाई किनिदिन्थे । बुधेको भागमा पर्थ्यो, सस्तो र कामचलाउ लुगा” (पृ. १८) ।

“बुधे हुर्कन त हुर्कंदै थियो तर आफ्नै दिदीप्रति मनमा चरम घृणा पालेर । एकदिन कुरै कुरामा नामको कुरा उप्क्यो । बुधबार जन्म्याकोले तमीको नाम बुधे राख्द्याको भनेर सुनाइन् चन्द्रिकाले ।

बुधबार जन्म्याकोले मेरा नाम बुधे । आइतबार जन्म्याकोले यइको नाम आइती नरानीकन किन सामली राख्याको ? आफ्नी दिदीतिर इङ्गित गर्दै बुधेले सोध्यो आफ्नी आमालाई बुधेको प्रश्नमा प्रश्न कम भडास बढी थियो । चन्दिकाले आफ्नो छोराले सोधेको प्रश्नको जवाफ दिन जरुरी सम्म सम्झिन” (पृ. १८-१९) ।

"मेजर मानुको प्रस्ताव अस्वीकार गर्ने एउटी वदिनीको कत्रो आँट !" (पृ. ६२)

माथिको वाक्य मेजर मानवहादुरले सामलीलाई भनेको हो । मेजर मानवहादुरको पटक-पटकको प्रस्ताव अस्वीकार गर्दा मेजर मानबहादुर रिसाएर प्रस्ताव अस्वीकार गर्ने एउटी वदिनीको कत्रो आँठ त ! भनेर एउटा महिलामाथि विभेदमूलक भाषा प्रयोग गरेको पाइन्छ । मेजर मानबहादुरले प्रयोग गरेको वाक्यबाट पुरुषले जे गर्दा पनि हुन्छ उसको निर्णय इच्छाअनुसार चल्नुपर्छ । पुरुषको कुरालाई स्वीकार्नुपर्छ । महिलालाई आफ्नो निर्णय, इच्छाअनुसार पुरुषको कुनै पनि कुरा अस्वीकार गर्ने अधिकार छैन, तथा आट गर्नुहुँदैन भन्ने विचार प्रष्ट भएको देखिन्छ । जुन वाक्यमा प्रयोग गरिएको भाषाले पुरुष र महिलमा विभेद गरिएको पाइन्छ ।

"बदिनीले न डल्लफ देखेकी होस् कहिल्यै, न डल्लफमा सुतेकी होस कहिल्यै ! अनि केको निद्रा लाथ्यो ?

हा हा हा हा !

हा हा हा हा हा !

हा हा हा हा हा हा !

एकछिन अगाडिको मायालु मान्छे फेरि अर्कै मान्छेको अवतारमा थियो । कसैलाई होच्याउन पर्‍यो भने यसरी नै अट्टहास गर्दै फोहरी हाँसो हाँस्थ्यो रेञ्जर उसको भर्खरैको फोहरी हासोका बाछिटाहरूले सामलीको मन कटक्क खायो । तर, उसले यस्तो व्यवहार गरी, मानौ केही भएकै छैन" (पृ. १२०) ।

"एक क्षणमै प्रेमिले भइदिने, अर्को क्षणमै राक्षसी रूप देखाएर जथाभावी गाली गर्ने रेञ्जरको व्यवहारको पनि बानी पर्दै गयो । एकक्षणमै एकदमै खुशी भएर बच्चालाईझैं अङ्गालोमै बोकेर हिड्ने, अर्को क्षण तुरुन्तै रिसाएर दुर्वासा अवतारमा अवतरित हुने रेञ्जरको स्थानको पनि बानी पर्दै गयो ।

थर्काउनलाई कुनै ठूलो कुरा नै चाहिन्थेन रेञ्जरलाई । कहिलेकाहीँ चिया ल्याउँदा गिलासबाट एक थोपा चिया छचल्किए त्यही काफी हुन्थ्यो । कहिलेकाहीँ निधारमा लगाएका टीका अलिकति छड्के भए त्यही काफी हुन्थ्यो । चर्को-चर्को आवाजमा थर्काइ हाल्थ्यो,

रेञ्जर । बितेका नब्बे दिनमा कम्तीमा एकसय असी पटक थर्कायो होला रेञ्जरले । रेञ्जरको यो थर्काइको पनि बानी पर्दै गयो" (पृ. १२२) ।

माथिका यी वाक्यहरूबाट समाजमा पुरुषले महिलामाथि कतिसम्म अनादर व्यवहार गर्दारहेछन् । हाम्रो समाजमा महिला र पुरुषबिच अनावश्यक कुरामा समेत विभेद हुदोरहेछ भन्ने कुरा बुझ्न सकिन्छ । एउटा पुरुषले महिलालाई एकदम तल्लो स्तरको भाषा प्रयोग गरेर बोल्ने, मनपर्दा खुसी हुने, माया गर्ने, मन नपर्दा रिसाउने तर महिलाले जस्तो कुरा पनि सहेर नम्र, शान्त भएर बस्नुपर्ने, पुरुषको असामान्य, घटिया व्यवहारलाई पनि बानी पार्दै जानुपर्ने अवस्था माथिको वाक्यमा पाइन्छ ।

"वदिनीलाई लोग्नेको माया नपचेको । वेश्या बनेर ग्राहकलाई खुशी राख्न जन्मेकाहरू, स्वास्नी बनेर आफ्नो लोग्नेलाई खुशी किन राख्दा हुन् ?

एकाबिहानै तँलाई मैले माया गर्ने, तँलाई चाहिँ त्यो माया माया होइन, दुःख लाग्ने ! लोग्नेको मायालाई दुःख भन्न सक्ने हिम्मत कसरी गरिस् ?" (पृ. १२७) ।

प्रस्तुत माथिको वाक्यहरू रेञ्जर फत्तेमान हमालले आफ्नो श्रीमती सामली माथि प्रयोग गरेको भाषा तथा व्यवहारहरू हुन् । जुन वाक्यबाट महिला र पुरुषमा रहेको विभेद सहजै देख्न सकिन्छ । वादी महिलाले भोग्नुपरेको लैङ्गिक विभेद उनीहरूमाथि प्रयोग गरिने असभ्य भाषा उनीहरू माथि हुने अन्याय, अत्याचार, वादी महिलाहरूको शरीर त आफ्नो तर शरीरको मालिक चाँहि पुरुष भएको पाइन्छ । यसरी एउटा श्रीमान्ले श्रीमतीलाई प्रयोग गरिएको तुच्छ भाषा महिला र पुरुषमा हुने विभेदीकरण देख्न सकिन्छ ।

"सुरुसुरुमा ग्राहक बनेर वदिनीकहाँ गयो । वदिनीको रूप र अदाले विस्तारै मोहित हुँदै प्रेम गर्छु, विवाह गर्छु भन्यो, विवाह गरेर एकाध महिना वा वर्ष कतै कोठा लिएर राख्यो । मन नअघाउन्जेल भोग्यो र अघाएपछि चटक्क छोडिदियो ।" (पृ. १४९)

एउटा मानसिकताको निर्माण सामाजिक संरचनाले निर्माण गर्दछ । पुरुष हुनुको मानसिकता समाजको वातावरण हुकाईमा जोडिएको छ । सानैदेखि पुरुषलाई सिकाइएको छ । पुरुषले महिलालाई भोग्ने भोग्यावस्तुको रूपमा त्यसको प्रतिविम्ब *नथिया* उपन्यासका पात्रहरूमा देखिएको छ । यसरी हाम्रो समाजको वातावरणले नै महिला र पुरुषबिच लैङ्गिक विभेद जन्माएको पाइन्छ । यसरी पुरुषवादी समाजले महिलाहरूलाई एउटा खेलौना तथा साधनको रूपमा मनलाग्दा प्रयोग गर्ने मन नलाग्दा वा मन भरिएपछि फ्याँक्ने गरिएको

माथिको वाक्यबाट प्रस्ट देखिन्छ । उपन्यासमा वादी महिलाहरूलाई पुरुषहरूले भोग्य वस्तुको रूपमा प्रयोग गरेको र वादी महिलाहरू विभिन्न कारण बाध्यताबस भोग्ने भोग्य वस्तुको रूपमा प्रस्तुत भएका छन् ।

"अर्काको लोग्नेलाई रूपरङ्गको काला जादुले पल्काउन खप्पिस नकच्चरीहरू ! जानी जानी फसाउने । पैसा धुत्ने । खाने । अझै स्वर यिनीहरूको ठूलो ? थुक्क लाज नभएका वेश्याहरू !" (पृ. १८१) ।

माथिको वाक्य कुवामा पानी भर्न गएको बेला फूलमाया बुढाथोकी र फूलमाया वादीको पानी भर्दा झगडा परेको अस्थामा फूलमाया बुढाथोकीले फूलमाया वादीलाई प्रयोग गरिएको भाषा हो । यी वाक्यहरूबाट कुनै गल्ती भएमा तथा नराम्रो कार्यमा महिलालाई मात्र गल्ती दोषी देखाउने महिलालाई विभिन्न गाली, गलोच, अपशब्दहरू प्रयोग गर्ने तर पुरुषलाई भने दोषी नठह्राउने ढाक छोप गर्ने, लुकाउने गरेको कुरा प्रस्ट देखिन्छ । यसरी उपन्यासमा महिलाहरूले नै महिलालाई मात्र दोष देखाएर अशिक्षित वर्गले प्रयोग गर्ने विभेदीकरण युक्त भाषाको प्रयोग गरिएको छ । यसले गर्दा समाजमा अझ लैङ्गिक विभेद बढेको पाइन्छ ।

## ६.२ हिंसाजन्य भाषा

"मलाई नछो, छुँदै नछो !" विवशताका चीत्कारसँगै कराई सामली । उसको चीत्कार सुन्ने धैर्य बेसमानले कत्ति पनि देखाएन ।

"तिमीलाई थाहा छ, तिम्रो नथिया उतार्न मैले कति मूल्य चुकाएको छु ? अब मूल्य चुकाउने पालो तिम्रो", गर्जियो बेखमान । उसका हातखुट्टादेखि शरीरका सबै अङ्गहरू गर्जिए ।"

"जब बेखमानले फेरि समात्यो सामलीलाई, उसले फुत्कने हरसम्भव प्रयास गरी । सुरुमा हातले हात समाउने प्रयास गर्‍यो सेकेन्डभरमै हात झट्कारेर फालिदिई, अर्कोपटक पाखुरामा समात्यो, कसेर यसपटक दाँतले टोकेर ती बर्बर हातहरूबाट उम्काई आफूलाई । आफ्नो पटकपटकको प्रयासमा सामलीले गरेको प्रतिकारमा झनक्क झर्क्यो बेखमान, अनि बढी नै बल लगाएर पछार्‍यो, भुइँमा । यसै त नशाले लट्ठिएको ज्यान, झन त्यहाँमाथि बेखमानले बलपूर्वक नै अँठ्याएपछि सामलीको बलको केही लागेन ।"

"नशाले लट्ठ सामलीले त्यो भुसतिघ्रे शरीर र शरीरको भोको आगोलाई प्रतिकार गर्न सक्ने अवस्था नै थिएन । सिवाय रुनु र चिच्याउनु, निरीहताको पनि अन्तिम तहमा फ्याँकिएकी थिई ऊ" (पृ. ४७) ।

"पहिलोपटक आफूलाई कसैले बलात्कार गर्दैगर्दाको साक्षी आफु बसी । लल्याकलुलुक परेका हातखुट्टाहरूमा अब त बेखामनलाई धकेल्ने थोरै बल पनि बाँकी थिएन । होसमा त थिई, पीडाले बेहोसप्राय थिई । कुनै हिंस्रक जनावरले कुनै निरीह प्राणीको मासुलाई गिजोलेर चपाएझैँ आफैँलाई गिचोलेर चपाएको चुपचाप हेरिरही । बेखमानले शरीरभरि गाडेका त दाँत तर दाँत होइनन् तीखा दाह्राहरू गाडैझैँ मासुका एकएक फाल्सा भतभति चहराइरहेका थिए । आफ्नो शरीरका एकएक अङ्गसँग अरू कसैले धीत मरुञ्जेल मनपरी खेलेको साक्षी आफैँ बसी" ।

सामलीको पहिलो पटक नथिया खोलिदाको तथा बेखमानले सामली माथि गरेको यौन दुर्व्यवहार जबरजस्ती दर्दनाक घटना, यथार्थ भोगाई यसरी उपन्यासमा प्रस्तुत माथिका वाक्यबाट प्रस्ट भएको पाइन्छ । पुरुषवादी समाजले महिलालाई भोग्ने भोग्या बस्तुको रूपमा मात्र प्रयोग गरेको कुरा प्रस्तुत उपन्यासमा पाउन सकिन्छ । महिलाहरूमाथि निर्दयी व्यवहार गर्ने, महिलाहरूको कुनै पनि कुरा नबुझ्ने अहमवादी भावना पुरुषहरूमा रहेको कुरा माथिको वाक्यबाट प्रस्ट देखिन्छ ।

"पटकपटक छोरी बिरामी छे भनेर प्रस्ताव अस्वीकार गरेको मेजर साहेबलाई निको लागेको छैन, भन्ने खबर पठाइबक्सेको छ । उहाँ कहिले आउने यहाँ ? आज जसरी पनि निधो लिई आउनु भन्ने हुकुम बक्सेको छ ।"

"बाहिर बरन्डामा ढिपी कसेर बसिरहेका सिपाइहरूसँग उसका बाआमा सकी नसकी प्रतिवाद गर्दै थिए, छोरीका लागि । उत्ता घरभित्र बसेकी सामली सिपाही र आफ्ना बाआमाका कुरा सुन्दै थिई । बाआमाको पटकपटकको आनाकानीपछि सिपाहीहरू आर्जित भइ फर्के । फर्कंदा फर्कंदै भने "मेजर मानु रिसाए भने रिससमेत डराएर लुगलुग काप्छ । अब तिमीहरूको के हालत हुने हो ?"(पृ. ६१)

"सिपाइहरू गएको एक घण्टा बित्दा नबित्दै थर्थराउँदै एउटा कालो घोडा आइपुग्यो, उनीहरूको आँगनमा । घोडामाथि थियो, सवार मेजर मानुको रिस, आवेग, अपमान अनि केके मिश्रित स्वरमा गर्जंदै बोल्यो, "म भरे ठीक सात बजे आइपुग्छु । त्यतिन्जेलसम्म

तिमीहरूले आफ्नी छोरी मेरो निम्ति तयार गरेनौ भने म पहिले तिमीहरूको छोरीको गला रेट्छु । त्यसपछि यो घरमा आगो लगाइदिन्छु" (पृ. ६२) । यसरी एउटा महिलामाथि पितृसत्तात्मक सामाजिक सोचको मानसिकताको उपजको रूपमा यस वाक्यमा हिँसाजन्य भाषाको प्रयोग भएको पाइन्छ ।

"ए, तैँले मलाई राक्षस भनिस् है ? अब हेर् राक्षसले केके गर्छ ?" जसरी स्यालले कुखुरा समात्छ, उसरी नै समात्यो रेञ्जरले पनि । बाँधिरहेको उसको कपाल फुकालेर भताभुङ्ग बनाइदियो । उसले लगाएका लुगाहरू खोल्न होइन । जथाभावी र जबरजस्ती च्यात्न थाल्यो । हेर्दाहेर्दै निर्वस्त्र भई सामली, निर्वस्त्र, निहत्या, ज्यानमा पिट्न सुरु गऱ्यो रेञ्जरले" ।

"पहिले पहिले त हातखुट्टाले मात्र पिट्थ्यो । यसपटक कुचोले समेत पिट्यो । ढोकापछाडि राखिरहेको आग्लो ल्याएर आग्लाले समेत पिट्यो । पिटिरह्यो" (पृ. १५१) ।

यसरी रेञ्जरले सामलीलाई विभिन्न आशङ्का गरेर पितृसत्तात्मक सोचले म पुरुष हुँ भन्ने घमण्डमा आफ्नो श्रीमतीलाई विश्वास गर्न सकेको छैन । आफू बाहिर गाको समयमा सामली एक्लै घरमा बसेर के-के गरी भनेर शङ्का गरेको पाइन्छ । अरूसँग लागिस् म नभएको बेला काँ-काँ गइस्, भन्दै सामलीलाई कुटपिट गरेको पाइन्छ । एउटा पुरुष सजिलै जहाँ पनि हिड्डुल गर्न सक्ने जोसँग बोल्दा हाँस्दा जे काम गर्दा पनि उसलाई कुनै शङ्का, अविश्वास गरिँदैन । उपन्यासमा यसरी घरमा बसिरहेकी महिलामाथि अनेक लाल्छना लगाएर नारीको अस्तित्वमाथि ठेस पुऱ्याउँदै एउटा महिलालाई जनावर सरह निर्वस्त्र कुचो र आग्लाले समेत कुटपिट गरेको पाइन्छ जसबाट महिलामाथि अन्धविश्वास, पितृसत्तात्मक सोच राख्दै हिंसा गरेको पाइन्छ ।

"कुनै हिन्दी सिनेमामा डाँकुहरूको जत्था अचानक गाउँमा छिर्दा पुरै गाउँ आतङ्कित भएर भागाभाग गरेझैँ दृश्य देखिन्थ्यो, पक्रैयाको दृष्य । फरक यति हो, सिनेमामा लामालामा जुँगा र लामालामा कपाल भएका भुसतिघ्रेहरूको जमात हुन्थ्यो, यहाँ भने सफाचट जुँगा र छोटाछोटा कपाल भएका पुलिसहरूको जमात थियो । भुसतिघ्रे डाँकुहरूको हातमा भरुवा बन्दुक हुन्थ्यो, यहाँ भने पुलिसहरूको हातमा लट्ठी थियो । आतङ्क फैलाउँदै भगाउनेहरूको शैली चाहिँ दुरुस्तै उही आतङ्कित भएर भाग्नेहरूको शैली पनि दुरुस्तै उही ।"

“जोजो भाग्न सके सके । भाग्न नसकेका वा भाग्न नभ्याएकाहरू घरभित्रै चुकुल लगाएर लुकेर बस्थे । पुलिसहरू प्रत्येक घरको ढोकामा ड्यामड्याम लात्तीले हान्थे । ढोका उघारेर वदिनीहरूलाई घिसार्दै बाहिर निकाल्ले । कसैको कपालमा समात्दै कसैको हातखुट्टामा समात्दै, कसैको लुगामा समात्दै जबरजस्ती गर्दै निकाल्थे !” (पृ.२०३)

वादी वस्तीमा सबैजसो घरमा एक न एक जना यौनधन्दामा लागेकै हुन्थे । छोरी धेरै भएको कुनै कुनै घरमा दुईतीन जना पनि यौनधन्दामा लाग्थे । यसैक्रममा जब वादी बस्तीमा छापा मार्न पुलिसहरू आउने सन्दर्भमा माथिको प्रसङ्ग आएको हो । छापा मार्ने कार्य यौन धन्दामा वदिनीसँग लाग्ने पुरुषहरूका लागि हुने थिएन् । यो वदिनीहरूका लागि मात्र हुन्थ्यो । जहिले पुलिसले वदिनीहरूलाई मात्र पक्रेर घिसार्दै ठानामा लैजान्थे र अनेक यातना दिने गर्दथे । यसरी प्रहरी जस्तो समाज सेवा गर्ने पदमा रहेर सकारात्मक रूपले विभिन्न तरिकाबाट जनचेतना फैलाएर यौनधन्दा बन्द गर्नुको सट्टा महिलालाई मात्र अन्याय, अत्याचार, दुर्व्यवहार गरेर तथा शारीरिक यातना दिने गरेको पाइन्छ । यसरी उपन्यासमा महिलामाथि हिंसा भएको पाइन्छ ।

“वेश्या भएर ज्यादा नखरा नदेखा ! तिमीहरूको जन्म नै हामी जस्ता लोग्नेमान्छेको ओछ्यान तताउनलाई भएको हो । कुनै प्रश्न गर्नलाई होइन । खुरुक्क भित्र हिँड् !” मुखले भित्र हिँड् भने व्यवहारले तँ भित्र नहिँडी सुखै छैन भन्दै थियो । भित्रतिर लैजान इन्स्पेक्टरको एकहातले सामलीको कपाल तान्दै थियो भने अर्को हातले पाखुरा तान्दै थियो ।”

“यस्तो दृश्य देखेर बुधेको नौ नाडीमा रगत उम्लेर आयो । रिसले उसको पूरै अनुहार कालोनिलो भएको प्रस्टै देखिन्थ्यो । सामलीले प्रतिकारमा केही बोल्न वा केही गर्नु अगाडि नै इन्स्पेक्टरले पिँढीबाट घिसार्दै उसलाई भित्र कोठातिर लादै थियो । आफ्नै घरका तीन तीन जानले यो सब दृष्य हेरिरहेका थिए तर कसैले केही गरिरहेका थिएनन् । बचाउमा आफ्ना हातखुट्टाले इन्स्पेक्टरलाई धकेल्नुबाहेक उसले पनि केही गर्न सकिरहेकी थिइन् ।”

“मिनेटभरमै तान्दै, घिसार्दै इन्स्पेक्टरले सामलीलाई कोठाभित्र लगिसकेको थियो” (पृ. २१२) ।

“ढोकाको चुकुल पनि नलगाई पर सरेकी सामलीलाई झम्टन थाल्यो, इन्स्पेक्टरले ।”

“सामली रोई, चिच्याई, कराई तर इन्स्पेक्टरको आक्रमण रोकिएन” (पृ. २१३) ।

नछुनी भईकन बस्दा पनि जबरजस्ती गर्न आउन्या तु इन्स्पेक्टर होलास् तर हाम्रो शरीरको मालिक त होइन नि ! हाम्रो शरीर तुइको दास त होइन नि ।" भनेर इन्स्पेक्टरको प्रतिकारमा सामली उत्रने सन्दर्भमा माथिका वाक्यहरू प्रयोग गरिएको हो । यहाँ लैङ्गिक दृष्टिले हिँसाजन्य भाषाको प्रयोग भएको पाइन्छ ।

लैङ्गिक दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा हिँसाजन्य भाषाको प्रयोग बढी भएको पाइन्छ । प्राय उपन्यासभरि नै हिंसाजन्य भाषाको प्रयोग भएको पाइन्छ । प्रायः शिक्षित वर्गले बोल्ने भाषाको प्रयोग न्यून रूपमा भएको पाइन्छ । मुख्यतः दाङको तुल्सीपुर र वर्दियाको राजापुरमा बस्ने वादी समुदायको समाजलाई समेटिएको छ र त्यही समुदायमा प्रयोग हुने स्थानीय भाषाको बढी प्रयोग भएको र मौलिक शब्दहरूको पनि प्रयोग भएको देखिन्छ ।

## ६.३ सन्तुलित भाषा

लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण भाषाको खोजी गरी व्यवहारमा उतार्नु नै सन्तुलित भाषा हो । लैङ्गिक रूपले हेर्दा महिला र पुरुषमा प्रयोग गरिने भाषामा समानता हुनुलाई नै सन्तुलित भाषा भनिन्छ ।

लैङ्गिक दृष्टिले हेर्दा प्रस्तुत उपन्यासमा न्यून मात्रामा सन्तुलित भाषाको प्रयोग भएको कुरा निम्न उदाहरणहरूबाट पाउन सकिन्छ ।

"सामली मेरा निम्ति मात्र सामली थिई । पेशाले जेसुकै होस्, भावनाले ऊ मेरा निम्ति कुनै पवित्र देवीभन्दा कम थिइन । (पृ. ७)

प्रस्तुत वाक्यहरू कमलाले दिवाकरलाई "वदिनी थिई नि, सामली होइन ? वेश्या थिइ नि एउटी तिम्रो पिएचडीको थेसिसमा उल्लेख गरिएकी सामली, त्यही सामली हो नि, होइन ?" भनेर प्रश्न गरेपछि दिवाकरले दिएको उत्तर हो । सबैको नजरमा सामली एउटा वदिनी थिई र बाध्यतावस यौन पेशामा होमिएकी थिई । सबैले उसलाई वेश्याको नजरमा हेर्दथे, तर दिवाकरले कहिले पनि सामलीलाई नराम्रो नजरले हेरेको छैन । दिवाकरको लागि ऊ एउटा पवित्र देवीको रूपमा थिई । हाम्रो समाजमा सानो, ठूलो, धनी, गरिब, महिला, पुरुष भनेर छुट्याउने अन्याय, अत्याचार, विभेद जन्माउने नै समाज र समाजमा बस्ने मानिस हो । समाजका मान्छेहरूले नै विभिन्न संस्कार, मूल्यमान्यता, बनाएका हुन्छन् । वादी जातिमा छोरी भएर जन्मलिनु कुनै पाप होइन । वादी जातिका महिलाहरू यौनधन्दामा

लाग्नुपर्ने एउटा विवशता हो रहर होइन भन्ने कुरालाई बुझेर दिवाकरले सामलीलाई सम्मान गरेको पाइन्छ । यी वाक्यहरूमा शिक्षित व्यक्तिहरूले बोल्ने सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"मैले आफूलाई न्याय गरेँ कि गरिनँ, थाहा छैन् । तर, मैले सामलीलाई गरेको प्रेमलाई न्याय गरेको छु । छ महिलाको सामीप्यपछि छुटेको पनि बीस वर्ष भइसक्यो । तर, यस्तो कुनै पल छैन, सामली मेरो धड्कनको आसपास नभएकी होस् ।" (पृ. ७)

प्रस्तुत वाक्य कमलाले दिवाकरणलाई तिमी अझै पनि सामलीलाई नै प्रेम गर्छौ हैन ? भनेर प्रश्न गर्दा दिवाकरले भन्न त के के चाहन्थे, तर वाहिर व्यक्त गर्न नसकेर मनमनै बर्बराउने क्रममा यी वाक्यहरू आएका हुन् । विभिन्न कारणले गर्दा प्रेम सम्बन्ध एउटासँग र वैवाहिक सम्बन्ध अर्कैसँग गाँस्न पुगेका दिवाकरको हृदयस्पर्शी प्रेम कथाको कारणले चिन्तन गर्न पुगेको सन्दर्भमा प्रयोग गरिएका यी वाक्यहरूमा सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"पहिलो पटक बाले आफ्ना लागि केही बोलेको थाहा पाएकी थिई सामलीले । वर्षौदेखिको बाउप्रतिको गुनासो अचानक सबै पग्लिएको थियो । बेखमानको गोदामबाट फर्केपछि रगताम्य भएर सुतिरहँदा थुप्रै पटक बाउको आँखामा आफ्ना निम्ति ममता झल्केको महसुस गरेकी थिई । यस अघिसम्म सामलीलाई लाथ्यो, बाउले आफूलाई कति पनि माया गर्दैन । तर, होइन रहेछ, मायालाई यतिका वर्षसम्म जबरजस्ती दवाएर राखेका रहेछन्, बाले भन्ने महसुस हुँदै थियो" (पृ. ६३) ।

बेखमानको गोदामबाट फर्केपछि सामलीको स्वास्थ्य नै बिग्रेर धेरै दिनसम्म थलापरेको कारणले गर्दा आफ्नो छोरीलाई गुमाइन्छ की भन्ने डरले मेजर मानबहादुरको प्रस्तावलाई सामलीको बाउले प्रतिकार गरेको, मेजर मानुको जिद्दीसामु छोरीलाई ज्यूँदै बली नचढाउने भन्ने कुरा गरेपछि बाउले छोरीप्रति गरेको व्यवहार र माया देखेर सामलीले महसुस गरेको सन्दर्भमा यो प्रसङ्ग आएको हो । उपन्यासमा पितृसत्तात्मक सोच र अन्धविश्वास कुरीति प्रशस्त रहेको भए पनि छोरीलाई गुमाउने डर र छोरीका निम्ति बाउको आँखामा झल्केको ममता सामलीको बाउमा देखिएको छ । पहिलो पटक छोरीलाई बेखमानकहाँ पठाउनाले छोरीलाई गुमाइसकेको अवस्थाले गर्दा फेरी छोरीलाई गुमाउन

नचाहेको आशय देखिन्छ । यी वाक्यहरूमा लैङ्गिक दृष्टिले हेर्दा सन्तुलित भाषाको प्रयोग भएको पाइन्छ ।

"हिजोको जय नेपाल र आजको जय नेपालमा जुन फरक थियो, त्यो फरक अकस्मात् आएको फरक थिएन्" ।

"थुक्फुङ सरसँगको सङ्गतले अक्षर चिन्यो, जयनेपालको आफूले मात्र चिनेन, सामलीलाई पनि अक्षर चिनायो" (पृ.८८) ।

वादी वस्तीमा हुर्केको लछिमा वादीको छोरो जय नेपाल जसलाई लाटो गोज्याङ्ग्रो भनेर सबैले चलाउने गर्दथे उसमा धेरै परिवर्तन देखिएको छ । थुक्फुङ सरसँगको सङ्गतले अक्षर चिन्न सफल भएको छ र आफूमात्र होइन सामलीलाइ पनि आफूले चिनेका अक्षरहरू जानेबुझेका कुराहरू सिकाउन सफल भएको छ । जयनेपालमार्फत सामलीले अक्षर चिन्नुका साथै अन्य कुराहरू पनि बुझ्ने अवसर पाएकी छ । प्रस्तुत वाक्यहरूमा सन्तुलित भाषाको प्रयोग भएको पाइन्छ ।

"आफ्नै आँखासामु आफ्नी दिदीको खुल्लमखुल्ला बलात्कार भएको एउटा भाइले कसरी हेरेर बसोस ?" (पृ. २१३) ।

माथिको वाक्य सामलीलाई इस्पेक्टरले जवरजस्ती गर्न लागेको बेलामा बुधे रिसाएर चुर भएको र आफ्नै आँखासामु जवरजस्ती बलात्कार भएको देख्न नसकेर इन्स्पेक्टरको टाउको फुटाएको सन्दर्भमा आएको वाक्य हो । एउटा भाइले दिदीमाथि भएको दुर्व्यवहार, अन्याय, अत्याचार सहन नसकेर दिदीलाई बचाएको छ र भाई हुनुको कर्तव्य पूरा गरेको छ । वादी वस्तीमा कसैले गर्न नसकेको आट बुधेले गरेर देखाएको पाइन्छ । यसै सन्दर्भमा प्रयोग गरिएका यी वाक्यहरूमा सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"कोठाको आधा जसो ढ्यापिएको ढोका ढक्ढक्-ढ्कढक् गर्दै उसले भन्यो, "के म भित्र आउन सक्छु ?"

"आउने बेला के म भित्र आउन सक्छु ? भनेर आएको मान्छे जाने बेला 'के म बाहिर जान सक्छु ?' भनेर चाहिँ गएन । चुपचाप गयो ।"

"होइन, चुपचाप पनि गएन । बढो विनयपूर्वक दुवै हात जोडर नमस्ते गरेर गयो दिवाकर ।"(पृ. २३७)

सामलीलाई दिवाकरको स्वाभाव, वानी, व्यवहार महिलाप्रतिको सम्मान, सद्भाव देखेर अचम्म कस्तो कस्तो लाग्यो उसलाई आजसम्म कसैले पनि तथा उसका सयौं ग्राहकहरूभित्र छिरे होलान् तर कसैले ढोका ढक्ढकाएर भनेन के म भित्र आउन सक्छु भनेर सामलीको कोठामा छिरेको दिवाकर नै थियो त्यो पहिलो मान्छे, जसले वादी महिलाको अनुमति लिएर भित्र पसेको थियो र जो कोठाभित्र छिर्दा पनि नमस्ते गर्दै थियो र बाहिर निस्कँदा पनि नमस्ते गर्दै निस्क्यो कसैको महिलाप्रति गर्ने व्यवहार, आदर, सम्मान यति गह्रुँगो हुन्छ भन्ने यस अघि उसलाई थाहै थिएन । दिवाकरले सामलीलाई प्रयोग गरेको भाषाबाट यी वाक्यहरूमा शिक्षित व्यक्तिहरूले गर्ने सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"तपाई मेरा निम्ति वेश्या होइन । हिलोमा फुल्नु कमलको कुनै गल्ती होइन । तपाई मेरो निम्ति त्यही हिलोमा फुलेको प्रवित्र फूल हो" (पृ. २६४) । प्रस्तुत वाक्यमा लैङ्गिक दृष्टिले हेर्दा सन्तुलित भाषाको प्रयोग गरिएको छ ।

"प्रेमले भित्र यति धेरै आँट भरिदिएको थियो कि ऊ त्यो प्रेमका लागि जे गर्न पनि तयार थिइ !" (पृ. २७५)

"प्रेम त हजुरलाई त्यति नै गर्दिछु । जति हजुर मुलाई गर्नु हुँदोछ ।

दिवाकर, प्रेम र बिहा फरक -फरक कुराहरू हुन् । यसैले मु हजुरसँग बिहा गर्न सक्दोनइ । यसअघि नै मुलाई प्रेम गर्छु भनन्या दुई-दुई जनासँग मुइले बिहा गर्‍याकी थियाँ र अन्त्यमा मुइले दुःख सिवाय केही पाइनँ । बिहाले प्रेमलाई मार्छ र हजुरसँगको प्रेम मर्‍याको कम्तिमा देख्न सक्दोनइ । त्यसैले हजुरसँगको प्रेमलाई सधै जीवित राख्न पन मु हजुरलाई छोडीकन जाँदै छु । मु सँग हजुरले दिनु भयाको नथिया छ । मेरो नाकमा यो नथिया रहुन्ज्याल हजुरकै सत्मा बस्न्याछु, हजुरलाई प्रेम गरिरहन्याछु" (पृ. २७७) ।

दिवाकरको प्रेमले सामलीको मस्तिष्कमा परिवर्तन आएको छ । दिवाकरको प्रेमले उसलाई बलियो बनाएको छ । विवाह गरेर सम्बन्ध गास्नु मात्र प्रेम होइन प्रेमलाई जोगाउन कुनै कुराको त्याग गर्नु पनि प्रेम हो भन्ने भाव प्रकट भएको पाइन्छ । प्रस्तुत वाक्यहरू सामलीले दिवाकरलाई चिठीमा लेखिएका कुराहरू हुन् । यहाँ प्रयोग गरिएका वाक्यहरूमा सन्तुलित भाषाको प्रयोग भएको पाइन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

सरस्वती प्रतीक्षाद्वारा लिखित *नथिया* उपन्यासमा विशेषगरी वादी समुदायको बसोबास रहेको दाङको तुलसीपुर, बाँकेको नेपालगञ्ज, बर्दियाको राजापुरमा रहेका वादी समुदायमा पितृसत्तात्मक सोच तथा कुसंस्कारले गर्दा महिलाहरूले भोग्नुपरेको पीडाहरूको यथार्थ प्रस्तुति पाइन्छ । छोरा जन्मिँदा गर्व गर्ने नेपाली समाजमा त्यसको ठीक विपरित छोरी जन्मिँदा अत्यन्तै खुसी हुने वादी समुदायको कथा हो, *नथिया* । पहिलोपटक महिनावारी भएपछि आफ्नै आमा, बाबु र दाजुभाइ बढाबढमा छोरी चेलीको कुमारित्व बेच्न ग्राहक खोज्दै हिँड्ने र पहिलो ग्राहकसँगको संसर्गपछि *नथिया* उतारेर विधिवत रूपमा यौन धन्दामा लाग्ने वादी समुदायको एक अनौठो संस्कृतिमा आधारित रहेको छ । वादी महिलाहरूले मान्छे भएर बाँच्नका लागि के-कस्ता सङ्घर्षहरू गरे बाहिरी आवरणमा वादी महिलालाई जसले वेश्या भनेर थुक्यो, घृणा गर्यो, छोएको पानी चलाएनन्, मन्दिरमा प्रवेश दिएनन् । त्यही समाजको नेता, कर्मचारी, प्रहरी, कवि, लेखक, विद्यार्थी र पुजारी समेत पक्रैया बस्तीमा लर्को लागेर यौनको प्यास मेटाउन जाँदा महिलाहरू मात्रै दोषी किन भए एउटी महिला देह व्यापार गर्न बाध्य हुनुका कारण यसको इतिहास के हो ? सांस्कृतिक मूल्य मान्यता के के हुन् ? सामाजिक, राजनीतिक र आर्थिक चलखेलहरू कहाँबाट कसरी चालिन्छन् ? भन्ने जस्ता गम्भीर विषयवस्तुहरू समेटिएको पाइन्छ । वदिनी अरूको यौन प्यास र चेष्टाका लागि खुशी लुटाउँछन् वलीको भोको वन्छन् । उसँग पनि हुन्छ र हुन्न भन्ने अधिकार छ । दुःखाइको पीडा मानव आरणका कुनै पनि मानवले संवेदना गर्दैन । अति सुन्दर हुँदाको चर्चा नथियासँग जोडिएको छ । सुन्दर हुनु राम्रो धन्दाका लागि एउटा थप विशेषता थियो । परिवारको आर्थिक स्थितिलाई मजबुत बनाउन छोरी चेलीको सुन्दरताले थप गर्छ भन्ने विश्वासले सबैलाई उत्साहित बनाउँछ । रूप र धन्दासँगको सम्बन्धको कथा व्यथा प्रमुख उपन्यासमा उजागर गरिएको छ । उपन्यासकी प्रमुख पात्र सामलीले आफूले नथिया नखोल्ने र यौन पेसामा नलाग्ने कुरा बताउँछे तब ऊ आफ्नै आमा, फुपू र साथीहरूको षडयन्त्रमा लाखे नाच हेर्न जाँदा गाउँको चर्चित व्यापारी बेखमानद्वारा बलात्कृत हुन्छे र उसको नथिया उतारिन्छ । त्यसपछि आफ्नो बाबु र फुपूको निधन पश्चात बाध्यताले यौन पेसालाई

अपनाउँछे । यस उपन्यासमा समाजमा व्यापक रूपमा महिलामाथि अन्याय, अत्याचार दमन शोषण, हत्या, हिंसा, गरिबी, संस्कारको नाममा महिलामाथि हुने हिंसाजन्य व्यवहार जस्ता कुराहरू पाइन्छ । रेञ्जर फत्तेमान हमाल जुन डरलाल्दो पात्रका रूपमा देखापरेको छ, जसले सामलीलाई आमा बन्ने शौभाग्य त दियो, तर घृणा, शङ्का, उपशङ्का, लाञ्छनाभित्र जलाइरह्यो । सामलीलाई कहिले प्रेम अनुभूतिको स्पर्शले श्रीमान् भएर श्रीमतीको मन जित्न सकेन । यसरी सामलीले आफ्नो जीवनमा हरेक प्रणसँग जुधेर सङ्घर्ष गर्छे, तर आत्तिदैन निरन्तर बगेकी छ । समाजमा रहेको भेदभाव, गरिबी, असमानता, बलात्कार, हिंसा र नारीमाथि हुने गरेका अमानवीय व्यवहार देखाउँदै समाधानका लागि उपन्यासकी प्रमुख पात्र सामलीमार्फत् समाजमा अगाडि बढ्नका लागि सङ्घर्ष गर्नुपर्ने आफू हारेर पनि आफूभित्रको चाहनालाई छोरीमार्फत् जितेको र दर्दनाक घटनाबाट छोरीलाई जोगाउन सफल भएको, वैकल्पिक पेशाका धेरै विषयमा जोड दिएको देखाइएको छ ।

सामाजिक उपन्यास *नथिया*ले समाजमा महिलाहरूले भोग्नुपरेका अन्याय, अत्याचार, घटनाहरूलाई प्रस्तुत गरेको छ । समाजमा परिवर्तन, स्वतन्त्रता, रुढिवादी परम्परा, कुसंस्कार, पितृसत्तात्मक सोच अन्त्य गर्नुपर्ने यस उपन्यासको प्रमुख उद्देश्य रहेको छ । उपन्यासमा उपन्यासकी प्रमुख पात्र सामली एउटा सग्लो महिलाकी पूर्ण तस्वीरको रूपमा देखिएकी छ । सामली कुनै पनि गुणबाट जटिल छैन । ऊ एउटा साधारण, सरल महिला हो, ऊ स्वाभिमानयुक्त जीवन जिउन चाहन्छे । तर पुरुषसत्ताको भोग्या जीवनले निर्माण गरेको सामाजिक मान्यता आँचलन र रीतिरिवाजहरूले गर्दा मुक्त र स्वाभिमानमा जिउने चाहना आफैँमा जटिल भएको छ । सत्ताको भोग्या चिन्तन र जगमा बसेको संरचना त्यसले निर्माण गरेको सीमा र मान्यताहरू, चालचलन, पुरुष हुनुको उन्मात तथा त्यसले बनाएका सौन्दर्य, परिभाषा अनि राज्य प्रशंसाको निरसम्स चरित्र र भाग्यवादको शासन यिनै यिनै परिस्थितिले सामलीको जीवनलाई जटील बनाइदिएको छ । अर्थ राजनीतिक, सामाजिक संरचनाले खडा गरेका जटील छेकवारलाई नागेर हिड्दाहिँडदै् सामलीको जीवन कथा जटिल बन्न पुगेको छ । मानिसमा हुने माया, सद्भाव, प्रेम, लोभ, लालच, अनुभूति, दया, माया, यौन विकार कुण्ठा सबै सामाजिक परिस्थितिका उपज हुन् । पुरुष हुनुको मानसिकता समाजको वातावरण हुर्काइमा जोडिएको छ । सानैदेखि पुरुषले महिलालाई भोग्ने भोग्य वस्तुका रूपमा चिनाइएको छ । त्यसको प्रतिविम्ब *नथिया* उपन्यासको पात्र रेञ्जरमा देखिएको छ । अर्थात् पूर्ण पुरुषमा पूर्ण पुरुष हुनुमा जत्तिको डरलाग्दो पूर्ण महिला हुनुमा छ । पूर्ण महिलाले त

हरेक चिज सहन्छे सुशील, सुन्दर र सरल हुन्छे । त्यसको ठीक विपरित पुरुष कठोर हुन्छ । तर रेञ्जरको सम्बन्ध र संसर्गबाट सामली पनि पूर्ण सामली भएकी छ । ऊ भोग्या हुने चिन्तनबाट माथि उठेकी छ । उपन्यासमा सामलीको जीवनमा घटेका घटना उसले गर्नुपरेका सङ्घर्षलाई आधार बनाएर पुरुषसत्ताको विद्रुप रूप प्रस्तुत गरिएको छ । समाजमा पुरुषले महिलामाथि राख्ने दृष्टिकोण पितृसत्तात्मक मानसिकताको प्रकटीकरण, महिलामाथि हुने गरेको अमानवीय व्यवहार, नारी अस्मिता, संस्कार तथा रीतिरिवाज परम्पराको नाममा महिलामाथि हुने विभेद, नारी समानता, नारी अस्तित्व, हाम्रो समाज कुन कुन हदसम्म अनादर छ भन्ने कुरा प्रस्तुत गरिएको छ । समाजमा महिला पनि आफ्नो अस्तित्व स्वतन्त्रताका लागि सङ्घर्ष गर्न सक्छन् साहसी र आँटिला हुन्छन्, भन्ने कुरा सामलीमार्फत् प्रस्तुत गरिएको छ । यस उपन्यासको लैङ्गिक अध्ययनमा समाजको अवस्था, लैङ्गिक भूमिका, चारित्रिक भूमिका वैचारिक पक्ष, लैङ्गिक चेतना, लैङ्गिक भाषा आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## ७.२ निष्कर्ष

*नथिया* उपन्यासको लैङ्गिक अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. *नथिया* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा, उत्पादन, अनुत्पादक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नरहेको पाइयो ।

२. पात्रगत दृष्टिले तुलना गर्दा महिला र पुरुषमा महिला पात्र पुरुष पात्रभन्दा केही बढी रहेको पाइयो ।

३. उपन्यासमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको पाइयो ।

४. भाषिक प्रयोगको दृष्टिकोणले हेर्दा वादी समुदायमा बोल्ने स्थानीय भाषा, शिक्षित, अशिक्षित वर्गले बोल्ने भाषाका साथै आगन्तुक शब्दहरू, अनुकरणात्मक, शब्द तथा ठेट नेपाली भाषाको प्रयोग गरिएको पाइयो ।

५. लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषलाई फरक-फरक तवरबाट हेरिएको पाइयो ।

६. परम्परावादी मान्यता र कुसंस्कार, पितृसत्तातमक सोच भएका व्यक्तिहरूबाट महिलामाथि हिंसा भएको पाइयो ।

७. पितृसत्तात्मक मानसिकता, रुढिवादी परम्परा, कुसंस्कार र नारीप्रतिको कुदृष्टिलाई प्रतिकार गर्दै स्वतन्त्रताको बाटो अँगाली विद्रोह गर्न सकिने र महिलाहरूले पनि वैकल्पिक पेशाका धेरै विषयमा जोड दिन सकिने कुरा उपन्यासमा पाइयो ।

८. महिलाहरूको आत्मनिर्भरता र स्वस्थ समाज निर्माण गर्नका लागि सङ्घर्षसँग पछि भाग्नु हुँदैन । सङ्घर्षको आवश्यकता छ आफूबाट पूरा हुन नसकेको सपना आउने पिँढीबाट भए पनि पूरा गर्नुपर्छ भन्ने सन्देश दिइएको पाइयो ।

९. महिलालाई आधुनिक दृष्टिकोणबाट नहेरी परम्परावादी दृष्टिबाट महिलालाई हेरेको पाइयो ।

१०. पुरुषहरूले महिलालाई आफ्नो आवश्यकताअनुसार उपभोग्य वस्तु वा साधन बनाउने प्रवृत्ति पाइयो ।

## ७.३ उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् यो शोधपत्र निम्नलिखित तहमा उपयोगी हुन सक्ने देखिन्छ :

### ७.३.१ नीतिगत तह

- लैङ्गिक समानताको अवस्थाको बारेमा जानकारी लिन सहयोग पुऱ्याउँछ ।
- लैङ्गिकतासम्बन्धी विभिन्न किसिमका नीति, नियम एवम् कार्यविधिहरू निर्माणमा सहयोग पुऱ्याउँछ ।
- लैङ्गिक समानता स्थापनार्थ सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको विश्लेषण गर्न सहयोग पुऱ्याउँछ ।
- लैङ्गिक अध्ययनले कुनै पनि कृतिमा रहेको वास्तविक धरातललाई चिनाउने भएकाले समाज सुधारका लागि यस्ता अनुसन्धानले सहयोग पुऱ्याउँछ ।
- लैङ्गिकताको क्षेत्रमा काम गर्ने तथा जान्न चाहने व्यक्ति, संस्था, शोधकर्ता, सरकारी र गैरसरकारी क्षेत्रलाई जानकारी मिल्छ ।

### ७.३.२ **प्रयोगगत तह**

- परम्परागत पितृसत्तात्मक धारणा, कुसंस्कारलाई परिवर्तन गरी, सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गर्न सहयोग पुऱ्याउने ।
- समाज परिवर्तनका लागि महिला र पुरुषको भूमिका भएकाले महिलाहरूलाई पनि मानवीय व्यवहारले हेर्न सहयोग पुऱ्याउने ।
- *नथिया* उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी दिई लैङ्गिक विभेदबाट मुक्ति दिलाउने कार्यमा सहयोग पुऱ्याउने ।
- समाजमा रहेका शिक्षित, अशिक्षित, ग्रामीण, सहरिया परिवेशका व्यक्तिहरूको लैङ्गिकतासम्बन्धी धारणाको जानकारी लिन सहयोग पुऱ्याउने ।
- *नथिया* उपन्यासको लैङ्गिक अध्ययन हालसम्म नभएकाले यो अध्ययनीय विषयका रूपमा रहेको छ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, मुना (२०६८), 'लैङ्गिक दृष्टिकोणद्वारा माध्यमिक तहको सामाजिक अध्ययन पाठ्यपुस्तकको विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अर्याल, अनिता (२०७२), '*अनिता* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अर्याल, भोजेन्द्र (२०६८), 'लैङ्गिक तथा महिलावादी अध्ययन', काठमाडौँः ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०७१), 'लैङ्गिक र महिलावादी अध्ययन', काठमाडौँ : नेसनल बुक ।

कार्की, मञ्जुदेवी (२०७३), '*अर्की आइमाई* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

काफ्ले, शान्ति (२०७३), '*सेतो धरती* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०६६), '*पहेलो गुलाफ* कथाको लैङ्गिक चेतना' *सम्प्रेषणः* अङ्क छ, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खनाल, राजेन्द्र (२०७५), 'लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग', काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गैरे, डालकुमार (२०७१), '*माइतघर* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि,. कीर्तिपुर ।

धरेल, संगीता (२०७३), '*कालो छायाँ* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

प्रतीक्षा, सरस्वती (२०७४), '*नथिया* उपन्यास', काठमाडौँ : बुक हिल पब्लिकेसन ।

पाण्डे, ज्ञानु (२०६९), 'नेपाली उपन्यासमा लैङ्गिकता', काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ।

पौडेल, धनमाया देवी (२०७०), '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौड्याल, राधा (२०७२), '*ह्वाइट केन* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भद्रा, चन्द्रा र अन्य (२०७०), लैङ्गिक अध्ययन, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल एकेडेमी ।

भट्टराई, रामप्रसाद (२०७३), 'भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग', काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, निरा (२०७१), '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), 'भाषिक अनुसन्धान विधि', काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा मोहनराज (२०५५), 'समकालीन समालोचनाः सिद्धान्त प्रयोग', काठमाडौँ : ने.रा.प्र.प्र. ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०), 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जिल्लास्तरीय परीक्षण', काठमाडौँ : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिलवाल, प्रकाश (२०७२), '*शान्ति* उपन्यासको लैङ्गिक अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट

## परिवारका सदस्यहरूबिच कुराकानी गर्दै गरेको सन्दर्भ

महिला १ : बुहारी तिम्रो पढाइ सकियो ? अब कति पढ्छौ, नपढेपनि हुन्छ, नपढेपनि हुन्छ, छोराले पढेको छ, जागिर खाको छ, भैहाल्यो नि ।

महिला २ : पढाइ सकेको छैन आमा

पुरुष : का त्यसो भनेर हुन्छ आमा उनले पनि राम्रोसँग पढ्नुपर्छ नि पढेर सकेर आफ्नो खुट्टामा उभिनुपर्छ, नआत्तिनुस् न ।

महिला १ : अँ, हामीले नपढेर भाको छ, के पढ्नैपर्छ र अब बच्चा जन्माउने बेला भइसक्यो । सबैले नातिनातिना देखिसके मैले खेलाउने कहिले हो अब चाँडै बच्चा जन्माउनुपर्छ ।

महिला २ : आमा पढेर सकेर जागिर खाएपछि जन्माउँला नि अहिले बच्चा जन्माएर पढाइ पनि बिग्रन्छ जागिर खान पनि पाउँदैन ।

पुरुष : हो त नि, आमा पढेर सकिन्छ, जागिर खान्छिन् अनि बच्चा बनाउँला भइहाल्छ नि । पढाइ पनि राम्रो आको छ ।

महिला १ : अँ, तिमीहरू दुईजना एक हुन्छौँ, मलाई एक्लो बनाउँछौ मलाई नै गलत देखाउँछौ ।

महिला २ : त्यसो होइन आमा, नरिसाउनु न ।

पुरुष : कुरा बुझ्नुस् न, आमा उनको पढेर जागिर खाने इच्छा छ । अहिले उमेर गको छैन पछि बच्चा जन्माउँदा हामी सबैको भविष्य राम्रो हुन्छ । अहिले हतार गर्नुहुँदैन भनेको मात्र हो ।

महिला १ : तिमीहरू दुईजना जान्नी छौ जेसुकै गर ।

माथिको कुराकानी परिवारका सदस्यहरूबिच गरिएको हो । यहाँ सासुले परम्परावादी सोच राखेर महिलाले धेरै पढ्नुहुँदैन । छिटो बच्चा जन्माउनुपर्छ भन्ने सोच राखेको पाइएको छ भने पुरुषले श्रीमतीको समर्थन गरेको छ । महिलाले पनि पढ्नुपर्छ, इच्छा मार्नु हुँदैन, पढेर आफ्नो खुट्टामा उभिनुपर्छ भन्ने समयको परिवर्तनसँगै सोचमा पनि सकारात्मक परिवर्तन आएको पाइएको छ ।

## महिला र पुरुषबिच कुराकानी गर्दै गरेको प्रसङ्ग

महिला : दाइ, नमस्कार ।

पुरुष : नमस्कार बहिनी ।

महिला : धेरैको भेट भयो । कता हिड्नुभो ?

पुरुष : यही बजारसम्म हिँडेको ।

महिला : नानी बाबुको हालखबर के छ ? कति कति मा पढ्दै छन् त ?

पुरुष : ठिकै छ बाबुले इन्जिनियर पढ्दै छ । नानीले बाह्रमा पढ्दै छ ।

महिला : ए पढाइ त राम्रै चलिराको छ दुबै जनाको । नानीलाई कुन क्याम्पसमा राखिदिनु भको छ नि ।

पुरुष : पढाइ त दुबै जनाको राम्रै चलिराको छ । नानीको पनि पढाइ राम्रो छ । राम्रो विषय पढाउन सकिएन छोरालाई इन्जिनियर पढाउन ठिक्क भयो छोरीले सरकारी क्याम्पसमा पढ्दै छ ।

माथिको कुराकानी महिला र पुरुषबिच भएको छ । यहाँ छोराछोरीले के पढ्छन्, पढाइ कस्तो छ भन्ने प्रसङ्गमा गरिएको कुराकानी हो । यस संवादलाई लैङ्गिक दृष्टिले हेर्दा असमानता रहेको देख्न सकिन्छ । संवादमा छोरालाई धेरै पैसा खर्च गरेर इन्जिनियर पढाइएको तर छोरीलाई सामान्य सरकारी क्याम्पसमा पढाइएको पाइएको छ ।

**कपडा सिलाउने पसलमा महिला दिदीबहिनीहरूबिच कुराकानी गर्दै गरेको प्रसङ्ग**

महिला १ : दिदी, हाम्रो कपडा तयार भयो ?

महिला २ : एकछिन समय लाग्छ। एक  जनाको भयो एकजनाको बाँकी छ बस्दै गर्नु न।

महिला ३ : अहो ! रात पर्न आँटिसक्यो छिटो गर्दिनुस् न।

महिला २ : म पनि त पसल बन्द गरेर घरमा गएर खाना बनाउने हो नि तपाईहरू कति आत्तेको ? भइहाल्छ।

महिला १ : पसलमा यति धेरै काम गरेर पनि घरमा गएर आफैँ खाना बनाउनुहुन्छ । भेनाजुले बनाउनुहुँदैन कहिलेकाहीँ खाना।

महिला २ : का भेनाजुले खाना बनाउने अफिसबाट म भन्दा चाँडै आउनुहुन्छ। तर केही काम गर्नुहुँदैन। जति ढिला भएपछि मैले नै गएर खाना बनाउने हो।

महिला ३ : ए ! हो र ? पसलमा यति धेरै काम गरेर गएपछि हजुरलाई पनि गाह्रो हुन्छ नि भेनाजुलाई पनि सघाउन लगाउनु अबदेखि।

माथिको संवाद टेलर पसलमा पसलकी दिदी र पसलमा आएका ग्राहक दिदीबहिनी महिलाहरूबिच गरिएको हो । यहाँ लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषबिच असमानता रहेको पाइन्छ । पुरुषले अफिस जाने आउने मात्र काम गर्ने, महिलाले चाहिँ घरभित्र बाहिर सबै गर्नुपर्ने, पसलका काम भ्याएर पनि घरको काम पनि भ्याउनुपर्ने, पुरुषले चाहिँ घर भित्रको काममा नसघाउने गरेको पाइएको छ।

## समान उमेरका महिला साथीहरूबिच कुराकानी गर्दै गरेको प्रसङ्ग

महिला १ : ओइ ! साथी हो । सबै मिलेर भोलि बिहानै मेला हेर्न जाऊ ।

महिला २ : म त विहानै भ्याउँदैन । खाना बनाउनुपर्छ । खाना खाएर दाइ दश बजे कलेज जान्छ ।

महिला ३ : तेरो ममी, बाबा का जानु भयो र ? दाइले आफै खाना बनाएर खाँदैन ?

महिला २ : ममी बाबा मामाघर जानुभा'को छ । दाइले बाबाले त घरमा कहिले खाना बनाउँदैनन् । जहिले पनि खाना बनाउने मैले र ममीले मात्र हो ।

महिला १ : हो र ? त्यसो भए भोलि चाँडै गरेर खाना बना अनि जाउँला ।

महिला २ : हुन्छ त्यसै गर्नुपर्ला ।

महिला ३ : भोलि एक दिन त तेरो दाइले पकाए पनि त हुन्छ नि खाना ।

महिला २ : दाईलाई खाना पकाउनै आउँदैन । कहिल्यै पकाको छैन ।

महिला १ : ल जसरी भएपनि भोलि चाँडै गरेर तिनैजना मिलेर मेला हेर्न जानुपर्छ ।

महिला ३ : हवस् । भोलि भेटौंला बाई बाई ।

माथिको संवाद समान उमेर समूहका साथीहरू बिचमा भएको हो । यहाँ सबैजना साथीहरू मिलेर मेला हेर्न जाने भन्ने प्रसङ्गमा संवाद गरिएको छ । यहाँ छोरीले मात्र घरभित्रको काम गर्ने, घरभित्रको काममा छोरालाई गर्न नलगायएको छोरीलाई मात्र काम गराउने प्रवृत्ति पाइएको छ ।

## समान उमेरका महिला र पुरुषबिचको कुराकानीको प्रसङ्ग

पुरुष : के छ खबर ? सन्चै छौं ?

महिला : अँ ! ठिकै छ । सन्चै छु । तिम्रो के छ ?

पुरुष : ठिक छ मेरो नि । अनि के गर्दै छौं, आजभोलि ?

महिला : केही छैन, त्यत्तिकै बसिराको छु । तिमी के गर्दैछौ नि ?

पुरुष : खासै त्यस्तो केही छैन । पढिरहेको छु । तिमी कत्तिको पढ्दैछौ ?

महिला : अलिअलि । तिमी त धेरै पढ्छौ होला है ?

पुरुष : ठिकै, राम्रोसँग पढ है । पढ्न छोड्नु हुँदैन । पढेर जागिर खानुपर्छ । नपढेपछि त केही गर्न सकिँदैन । राम्रोसँग पढ्नुपर्छ ।

माथिको कुराकानी समान उमेर समूहका शिक्षित महिला र पुरुषमा भएको हो । यहाँ पढ्नुपर्छ, पढेर केही गर्नुपर्छ भन्ने प्रसङ्गमा कुराकानी भएको छ । यहाँ महिलाभन्दा पुरुष सक्रिय रहेको पाइन्छ । समयको परिवर्तनसँगै महिलाले पनि पढ्नुपर्छ, पढेर केही गर्नुपर्छ, पढ्न छोड्नु हुँदैन भन्ने विचारमा परिवर्तन आएको कुरा माथिको संवादबाट बुझ्न सकिन्छ ।

## शैक्षिक दृष्टिले समान तहका महिलाहरूबिचको कुराकानी प्रसङ्ग

महिला १ : पढाइ सुरु भइसक्यो किन कलेज नजानु भएको ?

महिला २ : अ ! पढाइ सुरु भयो भन्ने त थाहा पाएको थिएँ जानै भ्याएको छैन ।

महिला १ : छ सात दिन भइसक्यो नि पढाइ सुरु भएको पछि फेरि दोहोऱ्याउँदैनन् पछि गाह्रो हुन्छ किन नभ्याउनुभएको ?

महिला २ : मेरो त सानो नानी छ उसलाई हेर्नुपर्छ । सरको कपडा धुनुपर्छ । खाना बनाउनुपर्छ, त्यसैले रेगुलर जान भ्याउँदैन । तपाइलाई त केही गर्नु पर्दैन । राम्रोसँग पढ्नु है ।

महिला १ : तपाइले पनि पढ्नुपऱ्यो नि । सरलाई पनि केही काम गर्न लगाउनु न ।

महिला २ : अँ केही छुनुहुन्न काम त । बिहानै उठेदेखि खाना बनाउने, बाबुलाई स्कुल पुऱ्याउने, अनि घरायसी के के काम गर्दै दिन जान्छ । कतिबेला कलेजजाने घरमा पढ्ने पनि फुर्सद हुँदैन ।

महिला १ : आजदेखि सरलाई पनि काम गर्न लगाउनु अनि बाबुलाई स्कुल पुऱ्याएर हजुर पनि कलेज आउनु ।

महिला २ : पढ्न मन हुँदाहुँदै पनि नसकिने । बिहेपछि त व्यवहार थपिँदै जाने रहेछ ।

महिला १ : हवस भोलि भेटौंला है बाईबाई ।

महिला २ : बाई . . . ।

माथिको संवाद महिला महिलाबिचमा भएको हो । यहाँ कलेज जान किन नभ्याएको दुबै जना मिलेर काम गर्नुपर्छ र मिलाएर कलेज जानुपर्छ भन्ने प्रसङ्गमा संवाद गरिएको छ । यहाँ महिलालाई आफूले चाहेअनुसारको काम गर्न कठिनाई भएको पाइएको छ । समय परिवर्तन हुँदै गएपनि घरभित्रको काममा बच्चाको स्याहार सबै काम महिलाले नै समाल्नुपर्ने, विवाहपछि झन् महिलामाथि व्यवहारहरू थपिने । आफ्नो इच्छाअनुसार गर्न गाह्रो पर्ने कुरा पाइएको छ ।

## समान उमेरका शिक्षित महिला र पुरुषबिचका कुराकानी सन्दर्भ

पुरुष : छोरी मान्छे भएर धेरै बोल्नु हुँदैन ।

महिला : किन ? के हुन्छ ?

पुरुष : धेरै जान्नी भको राम्रो हुँदैन । म त धेरै बोल्न दिन्न ।

महिला : आजकल पनि कहीँ नबोल्ने भन्ने कुरा हुन्छ ? के गर्नुहुन्छ नि ?

पुरुष : मलाई छोरी मान्छे धेरै बोलेको मन पर्दैन गाली गर्छु ।

महिला : अहो ! के कुरा गरेको तपाईले आजकलको जमानामा पनि छोरी मान्छे धेरै बोल्नु हुँदैन भन्नुहुन्छ । नचाहिँने कुरा पो बोल्नुभएन । चाहिने कुरा जाने बुझेको त बोल्नु पर्‍यो नि ।

पुरुष : मैले त राम्रो संस्कार कुल घरानको सिधा राम्रो स्वभाव भएको केटी बिहे गर्ने हो ।

महिला : पढेलेखेको मान्छे भएर पनि यस्तो विचार राखेपछि कस्तो केटी पाइन्छ ? बोल्न दिन्न भन्नुहुन्छ केटीले पनि छोड्छन् । राम्रोसँग खोज्नु ।

माथि समान उमेरका शिक्षित महिला र पुरुषबिचको कुराकानी भएको छ । यी दुबैजना शिक्षित भएपनि पुरुषको सोचाइ अत्यन्तै परम्परावादी देखिन्छ । महिला आफ्नो विचारमा सक्रिय रहेर बोलेको तर पुरुषले महिलामाथि परम्परावादी धारणा राखेर हेपेर बोलेको पाइएको छ ।

**परिवारका सदस्यहरूबिच कुराकानी गर्दै गरेको सन्दर्भ**

महिला १ : ममी बाबा, म भ्रमण जान्छु, स्कुलबाट भ्रमण लैजान लागेका छन् ।

महिला २ : किन जानुपऱ्यो ? नगएपनि हुन्छ । बुबाले जाने भनेपछि जाने नत्र नजाने ।

पुरुष : कहिँ जानुपर्दैन । छोरी मान्छे भएर धेरै हिँड्नुहुँदैन ।

महिला १ : पोहोर साल दाईलाई त सजिलै जान दिनुभको थियो त । मलाई चाहिँ नदिने ।


महिला २ : दाई जस्तो हो त ? तिमी बुबाले नजाने भनिसक्नुभयो जानुपर्दैन ।

पुरुष : छोरा मान्छे त जा पनि हिँडिहाल्छ नि उसको पछि लगेर हुन्छ ।

महिला १ : हवस् घरको काम चाहिँ सबै मैले गर्नुपर्ने दाईले चाहिँ घरको केही काम पनि छुँदैन उसलाई हिँड्न मात्र ठिक्क हुन्छ । उसलाई जा भनेपनि जान दिने मलाई चाहिँ जहिले रोक्ने ।

माथिको संवाद परिवारका सदस्यहरूबिच गरिएको हो । यहाँ लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषबिच असमानता रहेको पाइन्छ । आमा बुवाले परम्परावादी सोच राखेर छोरीलाई घुम्न हिँड्न रोक लगाइएको छोरी मान्छे भएर छोराको पछि लाग्नु हुँदैन हिँड्नुहुँदैन भन्ने सोच पाइएको छ । छोरालाई चाहिँ सहजै हिँड्डुल गर्न दिइएको घरको काममा नलगाइएको पाइएको छ र घरको कुनै कुरामा निर्णय गर्दा पुरुष सक्रिय रहेको देखिन्छ ।

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | बिना के.सी. |
| जन्ममिति | : | २०४८/१०/१० |
| ठेगाना | : | खैरा-७, प्यूठान |
| बुवाको नाम | : | राम बहादुर के.सी. |
| आमाको नाम | : | गोमा के.सी. |
| पतिको नाम | : | गोविन्द बस्नेत |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | महिला |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| इमेल | : | kbina347@gmail.com |

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | शिक्षण संस्था |
|---|---|---|
| १ | प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री भुवनेश्वर उ.मा.वि., खैरा प्यूठान |
| २ | प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री जनता उ.मा.वि., वाग्दुला, प्यूठान |
| ३ | स्नातक तह (बी.एड.) | स्वर्गद्वारी बहुमुखी क्याम्पस, प्यूठान |
| ४ | स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर |